CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१३० पूर्णाङ्क

गौरीको विषयमा	९५-१२४
अशोक चल्लको समय	१२५-१३५
यक्ष मल्लसम्वन्धी टिपोट	१३६-१४४
रामविनोदोदाहरण	१४५-१६७
वहादुर शाहलाई लक्ष्मीपति पाँडेको चिठी	१६८-१७२
लक्ष्मीप्रसाद देवकोटाको अन्तिम पद्यबारे	१७३-१७७
भोला गुरुलाई सम्झँदै	१७८-१९२

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

३३ वर्ष

पूर्णिमा

२ अङ्क

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १५०/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२००।-
२.	*आदर्श, अ सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५०।-
३.	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५०।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*इनेप्ट् स्पेस्इमिन् ?*	२०।-
६.	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	५०।-
७.	*गोरखाको इतिहास* (१-४ भाग)	५००।-
८.	*त्रिकोणमिति*	२५।४०
९.	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००।-
१०.	*धादिङ्मा फेला परेका नेपाली कविता*	७५।-
११.	*नयराज पन्तलाई चिनाउनको लागि*	२५।-
१२.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
१३.	*नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१४.	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३०।-
१५.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१६.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१७.	*पूर्णिमा* (१-१०, ३३ पूर्णाङ्क) फोटोकपीमा	१०००।-
१८.	*पूर्णिमा* (११-३२, ३४-१३० पूर्णाङ्क)	४५७८।-
१९.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
२०.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
२१.	*रत्नदीप*	२।५०
२२.	*रत्नदीप* १ भाग	१०५।-
२३.	*रत्नदीप* २ भाग	९२।-
२४.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२५.	*लिच्छवि-संवत्‌को निर्णय*	१००।-
२६.	*विद्या-रक्षा* (१-१५ सङ्ख्या)*	५०।-
२७.	*विश्रान्ति*	८२।-
२८.	*वृत्तशतक*	३।-
२९.	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५।-
३०.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
३१.	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००।-
३२.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३३.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
३४.	*हुद् डिड् अंशुवर्मन् राइद् ?*	४०।-

* यिनका कुनै कुनै भाग/सङ्ख्या फोटोकपीमा छन्।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लु आवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५
११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९
ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेबसाइट- www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गौरीको विषयमा

– महेशराज पन्त

वाङ्मुख

ने.सं. ५६७ (वि.सं. १५०३) मार्गशुक्लसप्तमी (मार्ग २६ गते) बृहस्पतिवारको दिन परलोक भएकी[1] संसारदेवीको ४५ दिनमा पशुपतिमन्दिरको गर्भगृहमा उनको प्रतिमास्थापना गरिएको कुरा त्यहाँ राखिएको ताम्रपत्रबाट स्पष्ट हुन्छ[2]। पशुपतिको गर्भगृहभित्र राखिएको मूर्ति कस्तो छ भन्ने कुरा त्यहाँको फोटो खिँच्न मनाही भएकोले देखाउन सकिएन। स्थिति यस्तो भए पनि बाहिरबाट वारंवार हेरी गरिएको बयान[3]बाट केही मात्रामा भए पनि त्यसको खाका आयो भन्ने मैले ठानेको छु।

प्रतिमालक्षणमा आएका गौरीका ध्यान, तिनका खाका र गौरीका पाइएका अरू मूर्तिसँग पशुपतिको गर्भगृहमा राखिएको गौरीको मूर्तिको हामीले गरेको बयान दाँजेर हेर्दा केहीनकेही रूप स्पष्ट होला भनी प्रतिमालक्षणबाट गौरीको ध्यान र गौरीका अरू अरू मूर्तिको उतार यहाँ दिइएको छ। गौरीका मूर्तिहरूमध्ये ८ र १० सङ्ख्याका मूर्तिसँग पशुपतिको गर्भगृहमा राखिएको गौरीको मूर्ति केही हदसम्म मिल्छ भनी यस प्रसङ्गमा भन्नुपर्छ।

गौरीका प्रतिमालक्षणसम्बन्धी सबै सन्दर्भ र गौरीका सबै मूर्तिको उतार यस लेखमा होला भन्ने आशा पाठकहरूले नलिए हुन्छ। यसो हेर्दा आफ्नो आँखामा परेका जति मात्र यहाँ उतारिएकाले यो लेख अपूरो छ भनी भनिरहनुपर्दैन।

संस्कृतविद्याको परम्परा उच्छिन्नप्राय: भएको र त्यसमाथि प्रतिमालक्षणको पठनपाठनको परम्परा छुटिसकेको यस अवस्थामा पाश्चात्यविद्याबाट अनुप्राणित, संस्कृतभाषा र विद्यामा त्यति पकड नभएका मानिसहरूले प्रतिमालक्षणका प्राचीन ग्रन्थहरूको सम्पादन गर्न बस्दा त्यसको फल त्यति राम्रो नभएको कुरा हामी जस्ता भुक्तभोगीहरूलाई थाहा नभएको होइन। उदाहरणको लागि भारतीय वास्तुविद्याको इतिहासका ख्यातनामा विद्वान् प्रसन्नकुमार आचार्यले गरेको, *मानसार*को सम्पादन (प्रसन्नकुमार आचार्य [१९९०] २०५१/५२) र उल्था (उही [१९९० क] २०३६/३७)कै कुरा गरौँ। उनले सामान्य संस्कृत जान्ने मान्छेले भेट्टाउने जस्ता अशुद्धिको संशोधन कोष्ठभित्र गर्ने प्रयास त गरेका छन्, तर धेरै ठाउँमा उनले त्यसै लत्तो छोडिदिएका छन् भन्ने कुरा गौरीसम्बन्धी अंश र त्यसको उनले गरेको उल्था मात्र हेरे पनि पुग्छ।[4] प्रसन्नकुमार

---

१. महेशराज पन्त र दिनेशराज पन्त २०६३:१४।

२. महेशराज पन्त २०६३:१-५।

३. राजेश आचार्य २०६३।

४. तल २८, ३१-३६, ३८-३९ सङ्ख्याका टिप्पणी पनि हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आचार्यभन्दा २५ वर्षपछि यस विषयमा काम गर्ने द्विजेन्द्रनाथ शुक्लले प्रसन्नकुमार आचार्यले कोष्ठमा पढेको पाठ नै आँखा चिम्लेर मानेका छन् ।[५] त्यति मात्र होइन, अर्का एक जना पूर्वसूरिले संशोधन गरेअनुसार एक ठाउँमा उनले पाठ सच्याएको र अर्को ठाउँमा त्यही पाठ नसच्याएको देख्दा कति हल्का तवरले उनले काम गरेको देखिन गएको छ ।[६]

बडोदाको प्राच्यविद्यासम्बन्धी संस्थाबाट प्रकाशित *अपराजितपृच्छा* (पोपटभाई अम्बाशङ्कर मनकाड २००६/०७)को सम्पादन पनि गतिलो छैन । यही लेखमा उद्धरण गरिएको अंशमा एक ठाउँमा उनले पाठ सच्याएको र अर्को ठाउँमा त्यही पाठ नसच्याएको कुरालाई यसको उदाहरणको रूपमा देखाउन सकिन्छ ।[७]

ब्रुनो दान्येले सम्पादन र उल्था गरेको *मयमत*को विषयमा पनि यसै प्रसङ्गमा केही कुरा गर्नु परेको छ । त्यसमा पनि ठाउँठाउँमा सुधार गर्नुपर्ने धेरै नै ठाउँ नभएको होइन ।[८] ब्रुनो दान्येले सम्पादन गरेको *मयमत*का दुवै संस्करण— अर्थात् पण्डिचेरीको भारतीय विद्यासम्बन्धी फरासीस संस्था (ब्रुनो दान्ये २०३२/३३) र दिल्लीको कलासम्बन्धी इन्दिरा-गान्धी-राष्ट्रिय केन्द्र (उही २०५०/५१)बाट प्रकाशित— मध्ये अघिल्लो संस्करणभन्दा पछिल्लो संस्करण भ्रष्ट देख्दा कपिला वात्स्यायनको मातहतमा चलेको, कलासम्बन्धी इन्दिरा-गान्धी-राष्ट्रिय केन्द्रको तह मात्र खुल्दैन कि एउटै रचयिताको उही कृतिका संस्करणको पनि प्रकाशकअनुसार तह फरक हुँदो रहेछ भन्ने देखिन्छ ।[९] *मयमत*को केही वर्षअगाडि मात्र छापिएको

---

५. उदाहरणको लागि प्रसन्नकुमार आचार्य [१९९०] २०५१/५२:३५८-३५९ सँग द्विजेन्द्रनाथ शुक्ल [२०१५] २०४९/५०:२२९-२३१ दाँज्नू ।

६. *अपराजितपृच्छा* (पोपटभाई अम्वाशङ्कर मनकाड २००६/०७:५७१-५७२)बाट तल उद्धरण गरिएको सातौँ श्लोकको पहिलो र सत्रौँ श्लोकको तेस्रो पाउमा **त्रिषंडा** भएकोमा सम्पादकले दुवै ठाउँमा कोष्ठमा **श्रीखण्डा** लेखी पाठ सच्याएका छन् । द्विजेन्द्रनाथ शुक्ल ([२०१५]२०४९/२०५०:२३०, २३१)ले अघिल्लोमा **त्रिषंडा** मात्र लेखी पछिल्लोमा चाहिँ कोष्ठमा **श्रीखण्डा** थपेका छन् । अर्को कुरा नित्यपरसवर्ण हुने भए पनि मूलमा पहिलोपटक आएको **त्रिषंडा**लाई चाहिँ नचलाई उनले पछिल्लोमा चाहिँ परसवर्ण गरी मूलमा भएको **त्रिषंडा**लाई **त्रिषण्डा** वनाएका छन् ।

अपराजितपृच्छा (पोपटभाई अम्वाशङ्कर मनकाड २००६/०७:५७१-५७२)बाट तल उद्धरण गरिएको तेह्रौँ श्लोकको दोस्रो पाउमा **संपुराञ्चलिः** भएकोमा द्विजेन्द्रनाथ शुक्लले **संपुटाञ्जलिः** ([२०१५]२०४९/२०५०:२३१) पाठ मानेकोलाई चाहिँ माथि भनेको कुराको अपवादको रूपमा लिनुपर्छ ।

७. *अपराजितपृच्छा*बाट तल उद्धरण गरिएको सातौँ श्लोकको पहिलो र अठाह्रौँ श्लोकको चौथो पाउ (पोपटभाई अम्वाशङ्कर मनकाड २००६/०७:५७१-५७२)मा **तोतला** भएकोमा सम्पादकले अघिल्लोमा कोष्ठमा **चोत्पला** लेखी पाठ सच्याएको र पछिल्लोमा चाहिँ संशोधन नगरी **तोतला** पाठ मात्र दिएका छन् ।

८. उदाहरणको लागि यस लेखमा परेको *मयमत*को मेरो उल्थासँग ब्रुनो दान्येको उल्था दाँज्नू र तल २३ सङ्ख्याको टिप्पणी हेर्नू ।

९. यस लेखमा उद्धरण गरिएको *मयमत*को अंश ब्रुनो दान्ये २०३२/३३:३८७ र उही २०५०/५१:८३०, ८३२ मा छ । ५५ श्लोकको तेस्रो पाउमा **दुकूल** हुनुपर्नेमा अघिल्लो संस्करणमा **दुकुल** छापिनुवाहेक अरू गल्ती छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हिन्दी उल्था (शैलजा पाण्डेय २०६३/६४)ले त ठाउँठाउँमा भ्रम नै पार्छ ।[१०]

टी.ए. गोपीनाथ राव ([१९७१]२०२७/२८)ले प्रतिमालक्षणका ग्रन्थबाट उद्धरण गरेका अंशको भाषा शुद्ध भए पनि कुन कुन पुस्तकको आधारमा उनले पाठसम्पादन गरेका हुन्, त्यो कुरा उनले नखुलाएकाले ती पाठमा वैयाकरणको कैंची चलेको अडकल गर्न सकिन्छ ।[११]

संस्कृतभाषा र विद्यामा त्यति पकड नभएका मानिसहरूले गरेको सम्पादन मात्र होइन, दान सोहर्नु र ग्रन्थसम्पादन गर्नुलाई समदृष्टिले हेर्ने, संस्कृतज्ञ पण्डितहरूको काम पनि राम्रो हुँदैन भन्ने कुराका उदाहरण आजभन्दा झण्डै ४९ वर्षअगाडिदेखि बुद्धिसागर पराजुलीको मातहतमा पहिले वीरपुस्तकालय र पछि त्यही पुस्तकालय राष्ट्रिय अभिलेखालयमा परिणत भएपछि त्यहाँबाट प्रकाशित हुन थालेका, त्यहाँका लेखोट पुस्तकहरूका सूचीपत्रहरूमा र संस्कृतका प्राचीन ग्रन्थमा— कृष्णप्रसाद भट्टराईले सम्पादन गरेको छोडेर— प्रायः पाइन्छ । यसको मतलब बुद्धिसागर पराजुलीपछिका, अभिलेखालयका हाकिमहरूको मातहतमा छापिएका पुस्तकको तह माथिल्लो छ भन्न खोजेको होइन, तिनको तह त जति जति पछि भयो, झन् झन् खस्किएर गएको छ भन्ने कुरा सजिलैसँग सिद्ध गर्न सकिन्छ ।

हामीलाई अहिले खायस परेको *प्रतिष्ठालक्षणसारसमुच्चय*बाटै कुरा उठाऔं । राष्ट्रिय अभिलेखालयबाट भएको यस पुस्तकको सम्पादन (दामोदर शर्मा २०२३,२०२५) ज्यादै नै भ्रष्ट छ भन्ने कुरा त्यसका पत्रपत्रबाट देखिन्छ । जर्मन प्राच्यविद्यापरिषद्ले त्यस अभिलेखालयमा रहेका लेखोट पुस्तकहरूको माइक्रोफिल्म गर्न भनी मलाई खटाएपछि म नेपाल आउन लाग्दा त्यही अभिलेखालयवाट प्रकाशित *प्रतिष्ठालक्षणसारसमुच्चय* देखाएर यस्तो अशुद्ध पुस्तक छाप्ने अड्डामा तिमी काम गर्न जान लागेको भनी मेरा गुरु, मार्बुर्गविश्वविद्यालयका संस्कृतका अध्यापक विल्हेल्म राउले भन्नुभयो भनी वेर्न्हार्त कोल्फरले मलाई सुनाउनुभएको कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।

---

५५ श्लोकको चौथो पाउमा अघिल्लो संस्करणमा शुद्ध °**मुत्पलान्वितपाणिकाम्** भएकोमा पछिल्लो संस्करणमा °**मुत्पलन्वितपाणिकाम्** भएको छ ।
५३ श्लोकको चौथो पाउको **द्विबाहुका**को पाठान्तर अघिल्लो संस्करणमा **द्विबाहुकम्** भएकोमा पछिल्लो संस्करणमा त्यही पद **द्विबाहुकम** हुन पुगेको छ । ५४ श्लोकको दोस्रो पाउको तु **कोमला**को पाठान्तर अघिल्लो संस्करणमा **प्रकोमला** भएकोमा पछिल्लो संस्करणमा **प्रकोमन्ना** भएको छ ।
तल १ सङ्ख्याको उपटिप्पणी पनि हेर्नू ।

१०. यस लेखमा *मयमत*बाट उद्धरण गरिएको, **देवस्य बाहुमात्रेण देवी कार्या द्विबाहुका**को उल्था **देवी को देवता के बाहु के माप (बाहु के बराबर ऊँचाई) का निर्मित करना चाहिये** (शैलजा पाण्डेय २०६३/६४:५९१) अर्थात् देवीलाई देवताको **हातको नापो (हातबराबरको उँचाइ)को बनाउनुपर्छ**लाई औँल्याउनु नै उदाहरणको लागि पर्याप्त होला ।

११. तल ४१, ४३-४५ सङ्ख्याका टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*प्रतिष्ठालक्षणसारसमुच्चय*को छैटौं विधि अर्थात् अध्यायको पाठ र राष्ट्रिय अभिलेखालयबाट छापिएको संस्करणमा उपयोग गरिएका ७ थरी लेखोट पुस्तकमध्ये एउटा पुस्तक (राष्ट्रिय अभिलेखालय चौथो लगतको ३३१ सङ्ख्या)बाट त्यस विधिको फोटोसमेत हाली *प्रतिष्ठालक्षणसारसमुच्चय*को विषयमा एउटा पुस्तक वि.सं. २०४७ मा तोक्योबाट छापियो (गूद्रुन ब्यूह्लेमन र मुसाशि ताचिकावा २०४७)। जर्मन संस्कृतज्ञा र जापानी संस्कृतज्ञ मिली तयार गरेको यस पुस्तकमा राष्ट्रिय अभिलेखालयबाट छापिएको पाठ भ्रष्ट छ भनी थाहा पाउँदा पाउँदै पनि (मुसाशि ताचिकावा २०४७) मूलपाठको पुनःसम्पादन गर्ने कष्ट गरिएको छैन र राष्ट्रिय अभिलेखालयबाट छापिएको त्यही अशुद्ध पाठकै फोटोकपी दिई चित्त बुझाइएको छ। संस्कृतविद्याका अरू अरू शाखाप्रशाखामा जस्तै प्रतिमालक्षणमा पनि काम गर्न त्यति सजिलो नभएको यतासम्मका कुराबाट स्पष्ट भएको छ। स्थिति यस्तो भएकोले गौरीको रूपमा संसारदेवीको प्रतिमास्थापना गरिएको प्रसङ्गमा थरीथरीका ग्रन्थमा पाइने, गौरीका ध्यानको सङ्ग्रह गर्दा मलाई निकै अप्ठेरो परेको छ।

मूलपाठको सम्पादनको विषयमा भन्नैपर्ने कुरा अब अन्त्यमा। एउटै अंशको २ जनाले गरेको सम्पादन भेट्टाइएको अवस्थामा जसको पाठ मूलरूपको हो भन्ने मलाई लाग्यो, त्यो पाठ मैले माथि दिएको छु र अर्को पाठचाहिँ टिप्पणीमा खुलाएको छु। कहीँ कहीँ पाठको सामान्य संशोधन गर्ने काम पनि मैले गरेको छु र त्यो कुरा टिप्पणीमा खुलाएको छु। प्राचीन ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यो लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७:४६७ = § १.७.६ मा लेखिएको रीतिको अनुसरण गरिएको छ। मूलग्रन्थको उद्धरण तल दिँदा ग्रन्थको वर्णक्रमको अनुसरण गरिएको छ।

अग्निपुराण

गौरी चतुर्मुखी

(५०।१८)

(४ मुख भएकी गौरी ।)

गौरी तु द्विभुजा त्र्यक्षा शूलिनी दर्पणान्विता ॥

(५२।१४)

(गौरी त २ हात भएकी, ३ आँखा भएकी, शूल लिएकी, ऐनाले युक्त ।)

अपराजितपृच्छा

गौर्याश्च सम्प्रवक्ष्यामि प्रमाणं मूर्तिलक्षणम् ।
ब्रह्मसूत्रोद्भवं सर्वं भजेदेकशताङ्गुलम् ॥ १ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रयोदशाङ्गुलं मुखं[१२] ग्रीवा स्यादङ्गुलत्रयम् ।
अष्टाङ्गुलौ स्तनौ वृत्तौ हिक्का च चतुरङ्गुला ॥ २ ॥
द्वादशाङ्गुलिका नाभिरुदरं चतुरङ्गुलम् ।
वलिकात्रयसंयुक्तं गुह्यं सप्ताङ्गुलं तथा ॥ ३ ॥
द्वाविंशत्यङ्गुला जङ्घा जानु स्यादङ्गुलत्रयम् ।
जङ्घामानेन नलकः पादमूलं तु जानुवत् ॥ ४ ॥
चतुर्भुजा त्रिनेत्रा च सर्वाभरणभूषिता ।
गोधासनोपरिष्ठा च कर्तव्या सर्वकामदा ॥ ५ ॥
उमा च पार्वती गौरी ललिता च श्रियोत्तमा ।
कृष्णा हैमवती[१३] रम्भा सावित्री च तथैव च ॥ ६ ॥
त्रिषण्डा तोतला चैव त्रिपुरा द्वादशी मता ।
एवं द्वादश मर्तीश्च कुर्याद् वै शिवशासनीः ॥ ७ ॥
अक्षसूत्रं चाम्बुजं च दर्पणश्च कमण्डलुः ।
एवं भवेदुमामूर्तिः पूजिता त्रिदशैरपि ॥ ८ ॥
अक्षसूत्रं शिवो देवो गणाध्यक्षः कमण्डलुः ।
पक्षद्वये चाग्निकुण्डं पार्वती पर्वतोद्भवा ॥ ९ ॥
अक्षसूत्राभयं पद्मं[१४] तदधश्च कमण्डलुः ।
गौर्या मूर्तिस्तथा चैव कर्तव्या शिवशासनी ॥ १० ॥
शूलाक्षसूत्रवीणाश्च तथैव च कमण्डलुः ।
ललिता चैव तन्नाम सिद्धचारणसेविता ॥ ११ ॥
अक्षपद्माभयवरं गोधिकासनसंस्थिता ।
श्रिया मूर्तिस्तु तन्नाम गृहे पूज्या श्रिये सदा ॥ १२ ॥

---

१२. पहिलो पाउको सातौँ वर्ण गुरु हुनुपर्नेमा लघु भएकोले यहाँ छन्दोभङ्ग भएको छ ।
१३. प्रकाशित पाठ हेमवती छ । शुद्ध पाठ हैमवती हुने हुनाले मैले संशोधन गरेको हुँ ।
१४. प्रकाशित पाठ अक्षसूत्राभयपद्मं छ । यस समस्तपदलाई °भयमा व्यस्त गरी अक्षसूत्राभयं पद्मं गर्दा छन्द मिल्ने हुनाले मैले संशोधन गरेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षसूत्रं कमण्डलु[१५] हृदये संपुटाञ्जलिः[१६] ।
मध्ये पञ्चाग्निकुण्डानां कृष्णा नाम तु शोभना ॥ १३ ॥
हिमवान् शैलराजस्तु तस्यापत्यं गिरीन्द्रजा ।
पद्मदर्पणसंयुक्ता विवाहे तु महेश्वरी ॥ १४ ॥
कमण्डल्वक्षवज्राश्च अङ्कुशो गजसंस्थिता ।
तथाप्रतिमरूपा च रम्भा नाम तु कामदा ॥ १५ ॥
अक्षसूत्रं पुस्तकाब्जे तदधश्च कमण्डलुः ।
चतुर्वक्त्रा तु सावित्री श्रोत्रियाणां गृहे स्थिता ॥ १६ ॥
अक्षसूत्रं वज्रशक्ती तदधश्च कमण्डलुः ।
त्रिषण्डा वृद्धये पूज्या सर्वकामफलप्रदा ॥ १७ ॥
अक्षसूत्रं तथा दण्डः खेटकं चामरं तथा ।
श्वेता ध्यानार्चनाद् देवी तोतला विषनाशिनी ॥ १८ ॥
पाशाङ्कुशाभयवरा धनेस्याच्च चतुर्भुजा ।
त्रिपुरा नाम सम्पूज्या वन्दिता त्रिदशैरपि ॥ १९ ॥

इति गौर्या द्वादश मूर्तयः ।

(२२२ सूत्र)

(गौरीको मूर्तिको लक्षण [र] नापो भन्नेछु । ब्रह्मसूत्रबाट उत्पन्न भएको सबै एक सय अङ्गुलको पुगोस् ॥ १॥ मुख १३ अङ्गुलको, घाँटी ३ अङ्गुलको, २ बाटुला स्तन ८ अङ्गुलका, हिक्का[१७] ४ अङ्गुलको ॥ २ ॥

---

१५. पहिलो पाउको सातौँ वर्ण लघु भएकोले यहाँ छन्दोभङ्ग भएको छ।

१६. माथि ६ सङ्ख्याको टिप्पणीको दोस्रो कण्डिका हेर्नू।

१७. कुनचाहिँ अङ्गलाई **हिक्का** भनेको हो, त्यो नबुझिए पनि स्तन र नाइटोको बीचको, शरीरको भाग **हिक्का** हो भन्ने कुराचाहिँ यो श्लोक र यसपछि लगत्तै आउने श्लोकबाट बुझिन्छ।
टी.ए. गोपीनाथ राव ([१९७१ घ] २०२७/२८:११९)ले *उत्तरकामिकागम*बाट उद्धरण गरेको अंशमा **हिक्कासूत्र** आएको छ –

नाभेर्दक्षिणतो गुल्फमध्ये सूत्रं प्रसारयेत् ।
ललाटमध्यं सूत्रात् तु द्विमात्रमिति कीर्तितम् ॥
हिक्कासूत्रद्वयोर्मध्ये त्रिमात्रमिति कीर्तितम् ।
श्रोणिवामोरुसंस्पृष्टं तत् सूत्रमिह सम्मतम् ॥
सूत्रगुल्फद्वयोर्मध्यमेकाङ्गुलमिति स्मृतम् ।
सूत्राद्धि नतजान्वन्तं भानुदिङ्नन्दमात्रकम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाइटो १२ अङ्गुलको, पेट ४ अङ्गुलको, ३ वटा वलि (धर्को) भएको गुह्य ७ अङ्गुलको ॥ ३ ॥

जाँघ २२ अङ्गुलको, घुँडा ३ अङ्गुलको होओस् । जाँघको नापोअनुसार नलीहाड, कुर्कुच्चा [को नापो] त घुँडाको जस्तै ॥ ४ ॥

४ हात भएको, ३ आँखा भएको, सबै गहनाले सिँगारिएको, आसन भएको गोहीमाथि बसेको, इच्छा गरेको कुरा सबै दिने [मूर्ति] बनाउनुपर्छ ॥ ५ ॥

उमा, पार्वती, गौरी, ललिता, श्रियोत्तमा, कृष्णा, हैमवती, रम्भा र सावित्री ॥ ६ ॥

त्रिषण्डा[१८], तोतला र बाह्रौँ त्रिपुरा मानिए । यसरी शिवशासनी[१९] १२ मूर्ति बनाउनू ॥ ७ ॥

देवताहरूले पनि पूजा गरिएकी उमाको मूर्ति अक्षसूत्र, कमल, ऐना र कमण्डलु लिने यस्तो होओस् ॥ ८ ॥

अक्षसूत्र, देवता शिव र गणेश[को मूर्ति भएको], कमण्डलु [लिएको], दुइ पाखामा अग्निकुण्ड [भएको मूर्ति] पर्वतबाट जन्मेकी पार्वती[को] ॥ ९ ॥

अक्षसूत्र, अभय [मुद्रा], कमल, त्यसको तल कमण्डलु [भएको] गौरीको शिवशासनी[१९] मूर्ति बनाउनुपर्छ ॥ १० ॥

शूल, अक्षसूत्र, वीणा र कमण्डलु [लिएकी], सिद्ध र चारणहरूले सेवा गरिएकी, तिनको नाउँ ललिता ॥ ११ ॥

अक्षसूत्र र कमल [लिएको, अरू २ हात] अभय र वर[द मुद्रामा] भएको, गोहीलाई आसन बनाएर बसेकी, तिनको नाउँ श्रीको मूर्ति हो । [त्यस मूर्तिको] पूजा श्री[सम्पत्ति]को लागि घरमा सधैँ गर्नुपर्छ ॥ १२ ॥

अक्षसूत्र र कमण्डलु [लिएको], छातीमा हात जोडेको, ५ वटा अग्निकुण्डको बीचमा [रहेको], राम्रो [मूर्तिको] नाउँ कृष्णा ॥ १३ ॥

पहाडहरूका राजा हिमालय। तिनकी सन्तान, पहाडहरूमा श्रेष्ठबाट जन्मेकी, कमल र ऐनाले युक्त, विवाह भएपछि त माहेश्वरी[२०] ॥ १४ ॥

हिक्काबाट तानिएको धागोलाई यहाँ **हिक्कासूत्र** भनेको देखिन्छ।
टी. ए. गोपीनाथ राव [१९७१] २०२७/२८ मा ८ र ९ पृष्ठको बीचको पृष्ठमा विष्णुको शरीरको, उत्तमदशतालअनुसारको नापो भएको चित्र छापिएको छ । **उष्णीष** अर्थात् **मुकुट**, **उष्णीष**पछि **केश** अर्थात् कपाल, **केश**पछि **भ्रू** अर्थात् आँखीभौँ, **भ्रू**पछि **अक्षि** अर्थात् आँखा, **अक्षि**पछि **हिक्का**, **हिक्का**पछि **नाभि** अर्थात् **नाइटो**, **नाभि**पछि **मेढ्रमूल** अर्थात् लिङ्गको मूलको नापो त्यहाँ दिइएको छ।
टी. ए. गोपीनाथ रावले **हिक्कासूत्र**बाट गरिने नापोबारे ठाउँठाउँमा लेखेका छन्– [१९७१] २०२७/२८:९, १०, ११, २७, ३०; [१९७१ ख] २०२७/२८:३५३; [१९७१ ग] २०२७/२८:५७४ ।

१८. शालिग्राम कृष्ण रामचन्द्र राव (२०५९:४८५) अनुसार **त्रिखण्डा**। माथि ६ सङ्ख्याको पहिलो कण्डिका पनि हेर्नू।

१९. यो शब्द ७ र १० श्लोकमा आएको छ। दुवै ठाउँमा यो शब्द **मूर्ति**को विशेषण भएर अएको छ। **मूर्ति** शब्द स्त्रीलिङ्गी भएकोले दुवै ठाउँमा यसको स्त्रीलिङ्गी रूप छ। प्रसङ्गअनुसार यहाँको **शासन**को अर्थ **शिक्षा** हुन्छ। यस शब्दले के बुझाएको हो, थाहा भएन। शालिग्राम कृष्ण रामचन्द्र राव (२०५९:४८४) अनुसार **शिवशालिनी**।

२०. छन्द मिलाउन मूलमा **महेश्वरी** लेखेको हुनुपर्छ। यही रूप मैले छन्दमा अन्त पनि देखेको छु–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कमण्डलु, अक्ष[सूत्र], वज्र र अङ्कुश [लिएकी], हात्तीमा बसेकी, बेजोडको रूप भएकी, इच्छा गरेको कुरा दिने, रम्भा नाउँ भएकी ॥ १५ ॥

अक्षसूत्र, पुस्तक र कमल, त्यसको तल कमण्डलु [लिएकी]; ४ मुख भएकी; वेद पढ्नेहरूको घरमा बस्ने सावित्री ॥ १६ ॥

अक्षसूत्र, वज्र र शक्ति, त्यसको तल कमण्डलु [लिएकी], इच्छा गरेको सबै कुरा र फल दिने त्रिषण्डाको पूजा बढिबढाउको लागि गर्नुपर्छ ॥ १७ ॥

अक्षसूत्र, दण्ड, खेटक र चँवर [लिएकी]; ध्यान र पूजा गर्नाले विषको नाश गर्ने; गोरी देवी तोतला ॥ १८ ॥

पाश र अङ्कुश [लिएकी], [अरू २ हात] अभय र वर[द] मुद्रामा भएकी, धनेस्या,[२१] ४ हात भएकी, देवताहरूले पनि ढोगिएकी, नाउँ त्रिपुरा भएकीको पूजा गर्नुपर्छ ॥ १९ ॥

यति गौरीका बाह्र मूर्ति ।)

कृष्णानन्द आगमवागीशको *तन्त्रसार*[२२]

हेमाभां बिभ्रतीं दोर्भिर्दर्पणाञ्जनसाधने ।
पाशाङ्कुशौ सर्वभूषां तां गौरीं सर्वदा भजे ॥

(सुनको चहक भएकी; हातहरूमा ऐना, गाजलको कोस, पाश र अङ्कुश लिएकी; सबै [प्रकारका] गहना लाएकी; ती गौरीलाई सधैँ भज्छु ।)

प्रतिष्ठालक्षणसारसमुच्चय

पञ्चाग्निग्रहसंयुक्ता चतुर्बाहुस्तपःस्थिता ।
बिभ्रती दण्डिकाकुण्डयावक्षसूत्रं वरं क्रमात् ॥१४२॥
वामदक्षिणयोः पाण्योस्तपोगौरी महात्मिका ।

(६ विधि)

(५ वटा अग्नि र ग्रहले युक्त; ४ हात भएकी; तपस्या गरिरहेकी; दण्डिका र कुण्डी, अक्षसूत्र र वर[द मुद्रा] बायाँ र दायाँ हातमा क्रमैले धारण गरेकी महातपोगौरी ।)

मातर्बहुविधं रूपं स्थूलं तव महेश्वरि ।
तेषु किं रूपमाश्रित्य सहसा मोक्षभाग् भवेत् ॥ २३ ॥

(*देवीपुराण* १८ अध्याय)

२१. मूलमा धनेस्याच्च छ। यसले के बुझाएको हो, थाहा भएन। यसो हेर्दा यो पाठ भ्रष्ट जस्तो लाग्छ।
२२. प्रतापादित्य पाल २०३७/३८:४६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मयमत

देवस्य बाहुमात्रेण देवी कार्या द्विबाहुका ॥ ५३ ॥
द्विनेत्रा चारुवदना श्यामवर्णा तु कोमला ।
किञ्चिद् वक्रां तु केयूरकटकैरङ्गुलीयकैः ॥ ५४ ॥
करण्डिकाभमौल्यङ्गां सर्वाभरणभूषिताम् ।
दुकूलवसनां गौरीमुत्पलान्वितपाणिकाम् ॥ ५५ ॥
नूपुराद्यैर्ज्वलत्पादपङ्कजां दक्षिणे न्यसेत् ॥ ५६ ॥

(३६ अध्याय)

(२ हात भएकी, २ आँखा भएकी, राम्रो चेहरा भएकी, श्यामलो वर्ण भएकी, कमली, [महा]देवको पाखुरासम्म मात्र आउने गरी देवी बनाउनुपर्छ ॥ ५३ ग-५४ ख ॥

केयूर (बाजु), कटक (कडा) र औंठीहरूले गर्दा अलि झुकेकी, शिरमा करण्डिका लाएकी,[२३] सबै [प्रकारका] गहनाले सिँगारिएकी, रेशमको लुगा लगाएकी, कमलले युक्त हात भएकी, पाउजेब आदिले चरणकमल झलमल्ल भएकी गौरीलाई [महादेवको] दक्षिणपट्टि राख्नू ॥ ५४ ग-५६ ॥

---

२३. मूलमा **करण्डिकाभमौल्यङ्गां** छ । ब्रुनो दान्ये (२०३२/३३:३८६)ले यस समस्तपदको एल् आ ला तेत् क्वाफ्फे द्'युन् तिआर् अर्थात् उनको शिरमा मुकुट लगाएको छ भनी फरासीसमा र देर् इज् अ टिआर अन् हर् हेड् (उही २०५०/५१:८३३) अर्थात् उनको शिरमा मुकुट छ भनी अङ्ग्रेजीमा अर्थ गरेका छन् ।
माथिका तीनै पाउको अर्थात् **केयूरकटकैरङ्गुलीयकैः । करण्डिकाभमौल्यङ्गां सर्वाभरणभूषिताम्**को अर्थ गौरीको केयूर, कटक, अंगूठी से युक्त, सिर पर करण्डिका एवं सभी प्रकार के आभरणों से अलंकृत होना चाहिये अर्थात् गौरी केयूर कटक औंठीले युक्त, शिरमा करण्डिका र सबै प्रकारका गहनाहरूले सिँगारिएकी हुनुपर्छ भनी शैलजा पाण्डेय (२०६३/६४:५९१)ले उल्था गरेकीले उनको अर्थको त कुरै नगरे हुन्छ ।
यही समस्तपद यही अध्यायमा अन्त पनि (२५२ श्लोकमा) आएको छ– **करण्डकाभमौल्यङ्गा**① । ब्रुनो दान्ये (२०३२/३३:४५६)ले यसको ला तेत् क्वाफ्फे द्'युन् तिआर् (?) अर्थात् मुकुट (?) लगाएको शिर भनी फरासीसमा र हर् हेर् इज् अरेन्ज्ड् इन् अ टिआर (उही २०५०/५१:८८१) अर्थात् उनको कपाल मुकुटले सजाइएको छ भनी अङ्ग्रेजीमा अर्थ गरेका छन् । इनका शिरोभाग करण्डक से सुशोभित होता है अर्थात् यिनको शिरोभाग करण्डकले

---

① *मयमत*मा परेका विशेष शब्दहरूको फरासीसमा अर्थ दिई ब्रुनो दान्येले बनाएको सूची (२०३२/३३:५२३)अनुसार **करण्डिकाभमौलि** ३६ अध्यायमा अरू २ ठाउँमा अर्थात् ११४ र २५२ श्लोकमा पनि आएको छ । तर अघिल्लोमा त्यो शब्द कहीं आएको छैन, पछिल्लोमा चाहिँ **करण्डिकाभमौलि** त होइन, **करण्डकाभमौल्यङ्गा** आएको छ । **कन्**प्रत्ययसहितको, अस्त्रीलिङ्गी **करण्ड** शब्द अघिल्लोमा आएकोमा **कन्**प्रत्ययसहितको स्त्रीलिङ्गी **करण्ड** शब्द पछिल्लोमा आएको छ । *मयमत*मा परेका विशेष शब्दहरूको अङ्ग्रेजीमा अर्थ दिई ब्रुनो दान्येले बनाएको सूची (२०५०/५१:९२४)अनुसार **करण्डिकाभमौलि** होइन कि **करण्डिकामौलि** ३६ अध्यायमा ती ती श्लोकमा नै आएको छ । अघिल्लोमा **करण्डिकामौलि** होइन कि अङ्गसमेत जोड्ने हो भने **करण्डिकाभमौल्यङ्गा** आएको छ भन्ने कुरा त माथि उद्धरण गरिएको श्लोकबाटै स्पष्ट भइसकेको छ । माथि भरखरै भने जस्तो, ११४ श्लोकमा यो शब्द कहीं आएको छैन र २५२ श्लोकमा चाहिँ **करण्डकाभमौल्यङ्गा** आएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मानसार

गौरीलक्षणमुच्यते ।

द्विभुजां च द्विनेत्रां च कुर्यादासने स्थानके तु वा[२४] ॥ ४२ ॥

करण्डं केशबन्धं वा कुन्तलं मकुटं[२५] भवेत् ।

दक्षिणे चोत्पलं वामे वरदं स्थानमेव वा ॥ ४३ ॥

अथवा लम्बहस्तं स्याद् गोवालाकारवद् भवेत् ।

दुकूलवसनोपेतां पीताम्बरधरामेव वा[२६] ॥ ४४ ॥

दीर्घबाहुं विशालाक्षीं श्यामवर्णां महोदराम् ।

स्तनतटोत्तुङ्गा विस्तीर्ण[२७]श्रोणिदेशोङ्गवा भवेत् ॥ ४५ ॥

कटि चोरु विशालं स्यान्मध्यकञ्चीनलम्बवत् ।

विशालमास्यं सुग्रीवं तुङ्गतुण्डं स्मिताननम् ॥ ४६ ॥

चन्द्ररेखावतंसं स्याद् भ्रमरावृतमालिकम् ।

अथवा फालपट्टं स्यात् कर्णयोर्ग्राहकुण्डली ॥ ४७ ॥

सुशोभित हुन्छ भनी शैलजा पाण्डेय (२०६३/६४:६२०)ले लेखेकीले उनको उल्था सामान्य भावार्थ मात्र हो भन्ने स्पष्ट छ ।

अघिल्लो समस्तपदमा **करण्डिका**, **आभा**, **मौलि** र **अङ्ग** तथा पछिल्लोमा चाहिँ अघिल्लोको पहिलोको **करण्डिका**को ठाउँमा **करण्डक** छ, अरू पद अघिल्लोमा जस्तै छन् । ब्रुनो दान्येको उल्थामा **आभा** र **अङ्ग**को अर्थ आएको छैन भन्ने स्पष्ट छ । शैलजा पाण्डेयको उल्थाको त के कुरा गर्नु ।

तु ले जोत्र तेक्स्त् पार्ल साँप्लमँ दाँ करण्डमुकुट अर्थात् **अरू सबै ग्रन्थहरू खालि करण्डमुकुटको मात्र कुरा गर्छन्** भनी ब्रुनो दान्ये (२०३२/३३:३८६ मा ४४ सङ्ख्याको टिप्पणी)ले लेखेका छन्, कहाँ कहाँ **करण्डमुकुट** आउँछ भन्नेचाहिँ उनले खुलाएका छैनन् । *सुप्रभेदागम*बाट यही लेखमा तल उद्धरण गरिएको अंशमा **करण्ड** आएको यस प्रसङ्गमा भन्नुपर्छ ।

२४. चौथो पाउमा २ वर्ण वढी छन् । क्रियापद हटाउँदा छन्द मिल्छ–

द्विभुजां च द्विनेत्रां च आसने स्थानके तु वा

२५. चल्तीमा **मुकुट** भए पनि कोषमा **मकुट** पनि चढेकोले (उदाहरणको लागि मोनियर मोनियर-विलियम्ज १९५६ मा **मकुट** हेर्नू) र अन्त पनि यो रूप भेट्टाइएकोले (उदाहरणको लागि टी.ए. गोपीनाथ राव [१९७१ क] २०२७/२८:१०५ मा *अंशुमद्भेदागम*को ४९ पटलवाट उद्धृत वचनमा **करण्डमकुटोपेता**) प्रकाशित पाठ नै मैले माथि दिएको हुँ ।

२६. चौथो पाउमा १ वर्ण वढी छ । **पीताम्बरधरामेव वा**को ठाउँमा **पीताम्बरधरां च वा** भनी पाठसंशोधन गर्दा छन्द मिल्छ ।

२७. तेस्रो पाउमा १ वर्ण वढी छ । त्यसमाथि तेस्रो वर्ण लघु नभई गुरु हुनुपर्नेदेखि लिएर अरू गुरुलघु पनि मिल्दैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कर्णपुष्पैश्च दाम स्याद्धेमसूत्रं सुमङ्गली ।
हारोपग्रीवसंयुक्तां बाहुमालाविभूषिणीम् ॥ ४८ ॥
कटकं कटिसूत्रं स्यात् केयूरं पुरिमान्वितम्[२८] ।
रक्तांशुकोत्तरीयं स्यान्मौक्तिकोत्तरीयमेव च[२९] ॥ ४९ ॥
प्रकोष्ठवलयं चैव वलयैर्मणिबन्धकैः ।
भुजङ्गकटकाङ्घ्रिकौ[३०] पादनूपुरसंयुतम् ॥ ५० ॥
सर्वाङ्गुलोक्त[३१]वज्ज्ञात्वा कुर्याद् रक्ताङ्गुलीयकैः ।
दक्षिणे कुञ्चितं पादं वामपादं तु लम्बितम् ॥ ५१ ॥
पुष्पं च वरदं स्थाने हस्तं वामेऽथवासने ।
दक्षिणं स्वस्तिकं पादं वामादन्तकरान्तकम् ॥ ५२ ॥
कुञ्चितं वामपादं स्याद् दक्षिणं कुञ्चितं तु वा ।
पुष्पधृक् लम्बहस्तं स्यात् स्थानकं च त्रिभागिकम् ॥ ५३ ॥
मानयेदङ्गमानं च मध्यमं दशतालके ।
लिङ्गस्य वामपार्श्वे तु विग्रहाणां तु वामके ॥ ५४ ॥
स्थापयेत् स्थावरे गौरीं तथा जङ्गममेव च । [...] ॥ ५५ ॥

(५४ अध्याय)

([अब] गौरीको लक्षण भनिन्छ ।

२ हात र २ आँखा भएकीलाई बसेको वा उठेको[ढब]मा बनाउनू ॥ ४२ ॥

करण्डमुकुट, केशबन्धमुकुट वा कुन्तलमुकुट होओस् । दायाँ [हात]मा कमल र बायाँ [हात] वरद [मुद्रामा] वा उठेको होओस् । अथवा गाईको पुच्छर जस्तो लम्बिएको हात होओस् ।[३२] रेशमको लुगा लगाएको वा पीताम्बर लगाएको [देखाउन्] ॥ ४३-४४ ॥

---

२८. प्रकाशित पाठ केयूरपुरिमान्वितम् छ। विशेषण केयूरपुरिमान्वितम्को विशेष्य यहाँ नभएको हुनाले र केयूरं पुरिमान्वितम् गर्दा केयूरंको विशेषण पुरिमान्वितं हुन गई व्याकरण मिल्ने हुनाले मैले माथि पाठसंशोधन गरेको हुँ।

२९. चौथो पाउमा १ वर्ण बढी छ।

३०. तेस्रो पाउमा सातौं वर्ण गुरु हुनुपर्नेमा लघु छ।

३१. मूलको सर्वाङ्गुलोक्त°लाई सम्पादकले सर्वाङ्गुलमुक्त° बनाएका छन्। यसो गर्दा तेस्रो पाउमा १ वर्ण बढी भई छन्दोभङ्ग हुन गएको छ।

३२. मूलको गोवालाकारवद् भवेत्को अर्थ शी शुड् बी इन् दि याद्इटचूड् अफ् अ मिल्क्-मेड् (?) अर्थात् उनको अनुहार गोठाल्नी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लामा हात भएकी, ठूला आँखा भएकी, श्यामलो वर्ण भएकी, ठूलो पेट भएकी [बनाउन्] । स्तन फराकिला र उठेका, चाक्लो पुट्ठा (नितम्ब) भएकी [गौरी] होऊन् ॥ ४५ ॥

कटि र तिघ्रा ठूला होऊन् । कमरमा झुण्डिरहेको कन्दनी (कञ्ची)[33] होओस् । ठूलो चेहरा, राम्रो घाँटी, लाम्चो मुख र हँसिलो अनुहार होओस् ॥ ४६ ॥

चन्द्ररेखा भएको अवतंस (कानमा लाउने गहना) होओस्, भँवराहरूले घेरिएको माला [होओस्] । अथवा निधारमा पट्ट होओस्, २ कानमा गोहीको [आकारको] कुण्डल [होओस्] ॥ ४७ ॥

[गौरी] कर्णपुष्पले [युक्त] होऊन् । दाम[34] [होओस्] । हेमसूत्र (सुनको सिक्री) र सुमङ्गली [होऊन्] । घाँटी

केटीको (?) रूपमा होओस् भनी प्रसन्नकुमार आचार्य ([१९९० क] २०३६/३७:५५२ मा मूलका ८६-८७ पङ्क्तिको उल्थाबाट)ले गरेका छन् । यहाँ हातको रखाइको प्रसङ्गमा यो पाउ आएकोले उनले गोवाललाई गोबाला पढी गरेको अर्थ वल गरी झिकेको जस्तो देखिन्छ ।

३३. मूलमा मध्यकञ्चीनलम्बवत् छ । प्रसन्नकुमार आचार्य ([१९९० क] २०३६/३७:५५३ मा मूलको ९१ पङ्क्तिको उल्थाबाट)ले यसको उल्था ह्याङ्इङ् गर्ड्ल् विद् स्मल् बेल्ज् (*कञ्चीक*) याट् द मिड्ल् अर्थात् बीचमा ससाना घण्टीसहितको, झुण्डिरहेको कन्दनी भनी गरेका छन् । लम्बवत् मात्र भनी पुग्नेमा कञ्ची र लम्बवत्को बीचमा आएको नको अर्थ मैले बुझ्न सकिनँ । फेरि यहाँको मध्यकको अर्थ बीच जस्तो मलाई लाग्दैन । कमर बुझाउने, नपुंसकलिङ्गी मध्यमा छन्दःपूर्तिको लागि कन् प्रत्यय गरे जस्तो छ । मध्यकको विशेषण भई लम्बवत् आएको र मध्यकको कमा रहेको अनुस्वार र त्यसपछि आएको चीनको चीमा विकल्पले परसवर्ण भएको हो भने पनि यहाँको चीनको अर्थ के हो, स्पष्ट छैन । यस कारण यहाँनिर पाठ भ्रष्ट छ भन्ने देखिएको छ ।

३४. दामको सामान्य अर्थ माला भएकोले प्रसन्नकुमार आचार्यले यसको अर्थ गार्लन्ड्ज् ([१९९० क] २०३६/३७:५५३ मा मूलको ९५ पङ्क्तिको उल्थाबाट) अर्थात् मालाहरू भनी अर्थ गरेका छन् । उनैले सम्पादन गरेको *मानसार*मा एक ठाउँमा गहनाको प्रसङ्गमा यस्तो

बाहुमूले तु वलयं दाम कक्षावसानकम् ।
बाहुमूलावलम्बं स्यात् केयूरं कटकान्वितम्② ॥ १२ ॥
ऊर्ध्वकाये तु हारादि पार्श्वयोर्वा तु लम्बनम्③ ।
मध्ये दाम च लम्बं स्याच्छन्नवीरमिति स्मृतम् ॥ १८ ॥

(५० अध्याय)

(नाडीमा वलय, काखीमा टुङ्गिएको दाम, पाखुराको मूलमा आड लिएर बसेको कटकले युक्त केयूर होओस् ॥ १२ ॥ शरीरको माथिल्लो भागमा हार आदि, अथवा दुवै कोखामा लम्बन र बीचमा झुण्डिएको छन्नवीर भनी कहिएको दाम होओस् ॥ १८ ॥)

---

② प्रकाशित पाठ केयूरकटकान्वितम् छ । विशेषण केयूरकटकान्वितम्को विशेष्य यहाँ नभएको हुनाले र केयूरं कटकान्वितम् गर्दा छन्द पनि मिल्ने हुनाले मैले माथि पाठसंशोधन गरेको हुँ ।

③ मूलमा पार्श्वयोर्वात लम्बनम् छ । प्रसन्नकुमार आचार्य [१९९०] २०३६/३७:२३३)ले पार्श्वयोर्वा तु लम्बनम् भनी यसको संशोधन गरी त्यसको उल्था द पेन्डन्ट् मे बी अप्शनल्लि पुट् अन् द टू साइड्ज् (उही [१९९० क] २०३६/३७:४९९ मा मूलको ३५ पङ्क्तिको उल्थाबाट) अर्थात् लर्कन दुवै कोखामा राखे हुन्छ भनी गरेका छन् । उनैले बनाएका दुवै वास्तुकोष (उही:[१९९०/९१] २०३७/३८ र [२००३] २०३५/३६ मा छन्नवीर)मा चाहिँ यसको उद्धरण गर्दा पार्श्वयोर्वाललम्बनम् पाठ छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हारले युक्त र मालाले सिँगारिएका हात भएकी [गौरी बनाउन्] ॥ ४८ ॥

कटक (कडा) [होओस्] । कटिसूत्र[३५] (कमरको कन्दनी) होओस् ।[३६] पुरिम (पाखुराको बीचभन्दा माथि लाइने गहनाविशेष)[३७]ले युक्त केयूर (बाजु) होओस् । रातो कपडाको पछ्यौरा र मोती [जडेको] पछ्यौरा होऊन् ॥ ४९ ॥

लेखिएकोले पाखुराभन्दा माथि, काखीमा लाइने गहनाविशेषको नाउँ दाम अघिल्लो श्लोकबाट र लर्कनरूपको सिक्रीविशेषको नाउँ पनि दाम भएको पछिल्लो श्लोकबाट देखिन गएको छ।

अघिल्लो श्लोकको अर्थमा प्रसन्नकुमार आचार्यले दामको अर्थ स्ट्रिङ् ब्रेस्लिट् ([१९९० क] २०३६/३७:४९८) अर्थात् सिक्रीरूपको बाला र पछिल्लो श्लोकको अर्थमा स्ट्रिङ् (उही:४९९) अर्थात् सिक्री भनी गरेको चाहिँ ठीक छ।

३५. *मानसार*मा एक ठाउँमा गहनाको प्रसङ्गमा कटिसूत्रको विषयमा यस्तो लेखिएको छ–

मध्ये चोदरबन्धं स्यात् तस्योर्ध्वे स्तनसूत्रकम् ॥ ९ ॥
यज्ञसूत्रादिपार्श्वेकं सूत्रं स्यात् तु स्तनावृतम् ।
पुरसूत्रलम्बनं पूर्वे यज्ञसूत्रं तु बन्धनम् ॥ १० ॥
कटिसूत्रावसानं स्यात् पुरसूत्रमिति स्मृतम् ।
वक्षःस्थले च हारं स्यादुपग्रीवहृदयान्तकम् ॥ ११ ॥
कटिसूत्रं च संयुक्तं कटिप्रस्थ सपट्टिका ।
मेढ्रान्तं पट्टिकान्तं स्यात् तन्मध्ये सिंहवक्त्रवत् ॥ १४ ॥

(५० अध्याय)

(कमरमा उदरबन्ध होओस् । त्यसको माथि स्तनसूत्र [होओस्] ॥ ९ ॥)
यज्ञसूत्र (जनै) आदि [झुण्डिएको] कोखामा स्तन ढाक्ने एउटा सूत्र होओस् ॥ १० क–ख ॥
पुरसूत्र र लम्बन [होऊन्] । अघिल्लोमा यज्ञसूत्र बाँधिन्छ । कटिसूत्र[को हाराहारी]मा टुङ्गिएको [सूत्र] पुरसूत्र भनी कहिन्छ । ॥ १० ग–घ–११ क–ख ॥④
घाँटीदेखि हृदयसम्म आउने हार छातीमा होओस् ॥ ११ ग–घ ॥
कमर पट्टिकासहितको कटिसूत्रले युक्त [होओस्] । लिङ्गको छेउसम्म पट्टिकाको छेउ होओस् । तिनको बीचमा सिंहको मुख जस्तो (सिंहको मुखको आकारको) [गहना] होओस् ।)

३६. शी शुड् बी अडर्न्ड् विद् द *कटक* गरड्ल् राउन्ड् द बट्अक्, यान्ड् द *केयूर* यान्ड् *पुरिम* आर्मलेट्स् (प्रसन्नकुमार आचार्य [१९९० क] २०३६/३७:५५३ मा ९७ पङ्क्तिको उल्था) अर्थात् कटक कन्दनीले फिलाको वरिपरि तथा केयूर र पुरिम बाजुले उनी सिँगारिएकी होऊन् भनी प्रसन्नकुमार आचार्यले गरेको अर्थ पचाउन गाह्रो छ।

३७. *मानसार*मा एक ठाउँमा गहनाको प्रसङ्गमा यस्तो

---

④ १० ग-११ ख श्लोकको उल्था द *पुर-सूत्र* (फ्रन्ट् स्ट्रिङ्) इज् नोन् टु बी सस्पेन्डइड् फ्रम् ह्वेर् द सेक्रिड् थ्रेड् इज् बाउन्ड् डाउन् टु द *कटि-सूत्र* (हिप्-चेन्) अर्थात् जहाँदेखि *कटि-सूत्र* (पुट्ठा[मा लाइने] सिक्री)को तलसम्म जनै बाँधिएको हुन्छ, त्यो *पुर-सूत्र* (अगाडि [लाइने] सिक्री) भनी जानिन्छ भनी प्रसन्नकुमार आचार्य ([१९९० क] २०३६/३७:४९८ मा मूलका २०-२१ पङ्क्तिको उल्था)ले गरेका छन्। तर माथि ३४ सङ्ख्याको टिप्पणीमा यही *मानसार*बाट उद्धरण गरिएको अंशबाट लम्बन भनेको हारविशेष भन्ने बुझिएकोले प्रसन्नकुमार आचार्यको उल्थासँग मैले आफ्नो उल्था बझाएको हुँ। माथि ३४ सङ्ख्याको उद्धरण गरिएको अंशमा भने उनले पेन्डन्ट् (उही:४९९ मा मूलको ३५ पङ्क्तिको उल्था) अर्थात् लर्कन भनी ठीक अर्थ गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहुँचामा वलय (बाला) र नाडीमा पनि वलय (बाला) [होऊन्] । दुवै खुट्टामा सर्पको [आकारका] कटक (कडा) [होऊन्] । पाउ नूपुर (पाउजेब)ले युक्त होओस् ॥ ५० ॥

[खुट्टाका] सबै औँला [माथि] बताए जस्तै जानेर राता अङ्गुलीयक (बिछुवा)ले [युक्त] गर्नू । दायाँ पाउ खुम्चिएको र बायाँ पाउ लम्बिएको होओस् ॥ ५१ ॥

वरद [मुद्रामा भएको] बायाँ हात[मा] फूल होओस् र [त्यो हात] ठाडो वा बसेको (झुकेको) [ढबमा][३८] होओस् । स्वस्तिक [मुद्रामा रहेको] दायाँ पाउ बायाँभन्दा तन्किएको होओस्[३९] ॥ ५२ ॥

बायाँ पाउ खुम्चिएको होओस् अथवा दायाँ पनि खुम्चिएकै होओस् । फूल लिएको लामो हात ४ खण्डको ३ खण्ड ठाडो होओस् ॥ ५३ ॥

[गौरीका] अङ्गको नापो मध्यम दशतालमा होओस् । गौरीका स्थावर र जङ्गम मूर्ति लिङ्गको [पनि] बायाँपट्टि र विग्रहको [पनि] बायाँपट्टि राख्नू ॥ ५४-५५ ॥)

रूपमण्डन

अथ गौर्याः प्रवक्ष्यामि प्रमाणं मूर्तिनिर्णयम् ।
चतुर्भुजा त्रिनेत्रा या[४०] सर्वाभरणभूषणा ॥ १ ॥

वाह्वायामस्य मध्ये तु केयूरं कटकान्वितम्⑤ ।
तदूर्ध्वे पूरिमं कुर्यात् कर्णे मकरभूषणम् ॥ १३ ॥

(५० अध्याय)

(पाखुराको लम्बाइको बीचमा **कटकले** युक्त **केयूर**, तिनको माथि **पूरिम**⑥ र कानमा गोहीको [आकारको] गहना राख्नू ।)

लेखिएकोले पाखुरामा लाइने **कटक** र **केयूर**भन्दा माथि लाइने गहनाविशेषको नाउँ **पूरिम** भएको यताबाट देखिन गएको छ ।

३८. प्रसन्नकुमार आचार्यको पाठ **पुष्पं च वरदं स्थाने हस्तं वामेऽथ चासने** छ । पाठ यस्तो भए पनि उनले **द लेफ्ट् ह्याण्ड् शुड् होल्ड् अप् फ्लाउअर्ज् यान्ड् बी इन् यान् इरेक्ट् अर् सिट्इङ्ग (बेन्ट्) पस्चर्** ([१९९० क] २०३६/३७:५५३ मा मूलको १०३ पङ्क्तिको उल्था) अर्थात् **देब्रे हातले फूलहरू समातेको र[त्यो] उठेको वा बसेको (झुकेको) ढबमा हुनुपर्छ** भनी उनले उल्था गरेकाले **वामेऽथ चासने**को ठाउँमा **वामेऽथवासने** भन्ने पाठ मानेको देखिन्छ ।

३९. मूलमा **वामादन्तकरान्तकम्** छ । माथिका २ पाउको उल्था **द राइट् लेग् शुड् बी इन् द क्रस्-लाइक् (*स्वस्तिक*) पस्चर्, यान्ड् एक्स्टेन्ड् टु द लेफ्ट् ह्यान्ड्** अर्थात् **दायाँ पाउ क्रस जस्तो (स्वस्तिक) ढबमा र बायाँ हाततिर तन्किनुपर्छ** भनी प्रसन्नकुमार आचार्य ([१९९० क] २०३६/३७:५५३ मा मूलको १०४ पङ्क्तिको उल्था)ले गरेका छन् । **अन्तकरान्तकम्** यस समस्तपदको सन्दर्भ मलाई यस प्रसङ्गमा स्पष्ट भएन ।

४०. टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०)को पाठ **चतुर्भुजा त्रिनेत्रा च** ।

---

⑤ माथि २ सङ्ख्याको उपटिप्पणी हेर्नू ।

⑥ यो शब्द कोषमा चढेको मैले देखेको छैन । *मानसार*को ५४ अध्यायबाट माथि उद्धरण गरिएको श्लोकमा पु ह्रस्व र *मानसार*कै ५० अध्यायबाट उद्धरण गरिएको यस श्लोकमा तथा ७ र २४८ श्लोकमा भने पू दीर्घ छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षसूत्राम्बुजं[४१] धत्ते दर्पणं च कमण्डलुम्[४२] ।
उमानाम्नी भवेन्मूर्तिर्वन्दिता त्रिदशैरपि ॥ २ ॥
अक्षसूत्रं शिवं देवं गणाध्यक्षं कमण्डलुम् ।
पक्षद्वयेऽग्निकुण्डं च पार्वती पर्वतोद्भवा[४३] ॥३ ॥
अक्षसूत्रं तथा पद्ममभयं च वरं तथा ।
गोधासना श्रिया[४४] मूर्तिर्गृहे पूज्या श्रिये सदा ॥ ४ ॥
कमण्डल्वक्षसूत्रं च बिभ्राणा वज्रमङ्कुशम् ।
गजासनस्थिता रम्भा कर्तव्या सर्वकामदा ॥ ५ ॥
शूलाक्षसूत्रदण्डं च[४५] बिभ्राणा चैव चामरम्[४६] ।
तोतला कथिता चेयं सर्वपापप्रणाशिनी[४७] ॥ ६ ॥
नागपाशाङ्कुशौ चैवाभयदं[४८] वरदं करम् ।
त्रिपुरा नाम सा पूज्या[४९] वन्दिता त्रिदशैरपि[५०] ॥ ७ ॥

---

४१. ऐजनको पाठ **अक्षसूत्राम्बुजे** ।

४२. मूलको पाठ **अक्षसूत्रां शिवां देवीं गणाध्यक्षकमण्डलुम्**लाई **अक्षसूत्रं शिवं देवं गणाध्यक्षं कमण्डलुम्** भनी वलराम श्रीवास्तव (२०२१:१८२)ले संशोधन गरेका छन् । यो संशोधन टी.ए. गोपीनाथ राव ([१९७१ क]२०२७/२८:१२०)को पाठअनुसारको छ ।

४३. टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०)को पाठ **पक्षद्वयेऽग्निकुण्डे च मूर्तिस्सा पार्वती स्मृता** ।

४४. मूलको पाठ **गोधासना प्रिया मूर्ति**°लाई बलराम श्रीवास्तव (२०२१:१८४)ले **गोधासना श्रिया मूर्ति**° भनी संशोधन गरेका छन् । टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०)को पाठ **गोधासनाश्रिता मूर्ति**° छ । मूलको र टी.ए. गोपीनाथ रावको पाठमा देवीको नाउँ नखुलेकोले र बलराम श्रीवास्तवले संशोधन गरेको पाठमा त्यो खुलेकोले तथा त्यो **श्रिया** पाठ *रूपमण्डन*को उपजीव्य ग्रन्थ *अपराजितपृच्छा* (२२२।१२) मा पनि भएकोले त्यसलाई मैले सकारेको हुँ ।

४५. टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०)को पाठ **शूलाक्षसूत्रदण्डांश्च** ।

४६. ऐजनको पाठ **श्वेतचामरम्** ।

४७. मूलको पाठ **सर्वकोपप्रणाशिनी**बाट अर्थ त्यति स्पष्ट नहुने हुनाले टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०) को पाठ मैले सकारेको हुँ ।

४८. मूलको पाठ **चैव भयदं**लाई बलराम श्रीवास्तव (२०२१:१८५)ले **चैवाभयदं** भनी संशोधन गरेका छन् । टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०)को पाठ पनि **चैवाभयदं** नै छ । मूलको पाठबाट नचाहिँदो अर्थ आउने हुनाले मैले **चैवाभयदं** पाठ सकारेको हुँ ।

४९. मूलको पाठ **सा पूज्या**लाई बलराम श्रीवास्तव (२०२१:१८५)ले **संपूज्या** भनी संशोधन गरेका छन् । यही पाठ टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०)को छ । यहाँ पाठसंशोधन गर्नुपर्ने जरूरत मैले नदेखेकोले मूलको पाठ नै सकारेको छु ।

५०. टी.ए. गोपीनाथ राव ([१९७१ क] २०२७/२८:१२०)को उद्धरण यहीं टुङ्गिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुण्डलाभ्यामलङ्कृता[५१] चेश्वरस्य सदा प्रिया ।
मध्ये गौरी प्रतिष्ठाप्या सर्वाभरणभूषिता ॥ १० ॥
गोधासना भवेद् गौरी [...] ॥ ३८ ॥

(५ अध्याय)

(अब गौरीको प्रमाण मूर्तिनिर्णय बताउनेछु ।

४ हात भएकी, ३ आँखा भएकी, सबै [प्रकारका] गहनाले जो सिँगारिएकी [हुन्छिन्] ॥ १ ॥

[उनी] अक्षसूत्र, कमल, ऐना र कमण्डलु लिन्छिन् । उमा नाउँ भएको मूर्ति देवताहरूले पनि ढोगिएको हुन्छ ॥ २ ॥

अक्षसूत्र, शिव देव, गणेश र कमण्डलु[सहितको], २ पाखामा अग्निकुण्ड [भएको मूर्ति] पर्वतबाट जन्मेकी पार्वती[को] ॥ ३ ॥

अक्षसूत्र र कमल [लिएकी, अरू २ हात] अभय र वर[द मुद्रामा भएकी], गोही आसन भएकी, श्रीको मूर्तिको पूजा श्री[सम्पत्ति]को लागि घरमा सधैँ गर्नुपर्छ ॥ ४ ॥

कमण्डलु, अक्षसूत्र, वज्र र अङ्कुश लिएकी, आसनरूप हात्तीलाई आसन बनाएर बसेकी, सबै [प्रकारको] इच्छा दिने, रम्भा[को मूर्ति] बनाउनुपर्छ ॥ ५ ॥

शूल, अक्षसूत्र, दण्ड र चँवर लिएकी, सबै [प्रकारको] पाप नाश गर्ने, यो [मूर्ति] तोतला कहिन्छ ॥ ६ ॥

नागपाश र अङ्कुश [लिएकी, अरू २ हात] अभयद र वरद [मुद्रामा भएकी], देवताहरूले पनि ढोगिएकी, त्रिपुरा नाउँ भएकी तिनको पूजा गर्नुपर्छ ॥ ७ ॥

दुइटा कुण्डलले सिँगारिएकी, महादेवकी सधैँ प्यारी, सबै [प्रकारका] गहनाले सिँगारिएकी, गौरीको प्रतिष्ठापन बीचमा गर्नुपर्छ ॥ १० ॥

गौरी गोही आसन भएकी होऊन् ॥ ३८ ॥)

विष्णुधर्मोत्तरपुराण

गौरी कुमारिकारूपा ध्यायमाना महेश्वरैः ।
वरदाभयहस्ता सा द्विभुजा श्रेयसे सदा ॥

५१. अलङ्कृता कुण्डलाभ्यां भएको भए छन्द मिल्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षसूत्राभये पद्मं तस्याधश्च कमण्डलुः ।
गौर्या मूर्तिश्चतुर्बाहुः कर्तव्या कमलासना ॥

(१२२।९।-११)[५२]

(कुमारीरूपकी, महेश्वरहरूले ध्यान गरिएकी, सधैँ कल्याणको लागि [एउटा] हात वरद र [अर्को हात] अभय [मुद्रामा] भएकी, २ हात भएकी, गौरी ।
[एउटा हातमा] अक्षसूत्र [लिएकी], [अर्को हात] अभय [मुद्रामा भएकी], [अर्को हातमा] कमल [लिएकी], त्यसमुनिको [हातमा] कमण्डलु [लिएकी], ४ हात भएकी, कमल आसन भएकी, गौरीको मूर्ति बनाउनू ।)

सुप्रभेदागम

द्विभुजां श्यामवर्णां तु सर्वाभरणभूषिताम् ।
दक्षिणे चोत्पलं ग्राह्यं वामहस्तं प्रसारयेत् ॥
किरीटं वा करण्डाख्यं तुङ्गपीनपयोधराम् ।
गौरीरूपमिदं विद्धि

(३४ पटल)[५३]

(२ हात भएकी, श्यामलो वर्ण भएकी, सबै प्रकारका गहनाले सिँगारिएकीलाई दाहिने [हात]मा कमल लिन लाउनू; [उनको] बायाँ हात पसार्न लाउनू ।
किरीट अथवा करण्ड नाउँ भएको [मुकुट लगाइदिनू] । उठेको र पुष्ट स्तन भएकी [बनाउनू] । यो गौरीको रूप हो भनी जान ।)[५४]

---

५२. इन्दुमती मिश्र २०४४:१७५ ।
टी.ए. गोपीनाथ राव [१९७१ क] २०२७/२८:११९ ।
चतुर्वर्गचिन्तामणि व्रतखण्ड १ अध्याय (भरतचन्द्र शिरोमणि १९३४:८१-८२) ।
द्विजेन्द्रनाथ शुक्ल [२०१५] २०४९/५०:२२९ ।

५३. टी.ए. गोपीनाथ राव [१९७१ क] २०२७/२८:१०४ ।

५४. मैले यस लेखको लागि वर्षौंअगाडि शास्त्रीय वचनहरू टिपोट गर्दा तलको वचन पनि टिपेको रहेछु । तर त्यो वचन कहाँको हो भनी त्यहाँ खुलाइनछु । अहिले आपाततः खोजी गर्दा त्यो वचन भेट्टाउन सकिएन । स्थिति यस्तो भए पनि यस विषयमा बढी काम गर्न खोज्नेको लागि सजिलो होओस् भनी त्यो तल दिएको छु–

पाशाङ्कुशाब्जवरदा कनकाभा चतुर्भुजा ।
सा कृष्णहरिणारूढा कार्या गौरी च शान्तिदा ॥ २५ ॥
इति गौरी ॥ ११ ॥

(पाश, अङ्कुश र कमल [लिएकी; एउटा हात] वरद [मुद्रामा] भएकी; सुनको जस्तो चहक भएकी; ४ हात भएकी; कालो हरिणमा चढेकी; शान्ति दिने; त्यस्ती गौरी बनाउनुपर्छ ॥ २५ ॥
गौरीको कुरा सिद्धियो ॥ ११ ॥)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ३१६[५५] (वि.सं. १२५३) को, देउपाटनको महागौरीको मूर्ति

लैनसिंह वाङ्देल २०४६:१५१ मा छापिएको ८३ सङ्ख्याको फोटोवाट स्क्यानिङ गरेको

५५. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१८:१४ = *देउपाटनको अभिलेख* ।

मूलमा **रषपंक्तचगिनसंख्याते** छ। पङ्क्तिको अर्थ सामान्यतया १० हुने हुनाले **रसपङ्क्तिग्नि**को अर्थ ३१०६ हुन जाने भयो। अपवादको रूपमा **पङ्क्ति** शब्दले ४० पनि बुझाउँदो रहेछ भन्ने कुरा *सुमतितन्त्र*ले हामीलाई सिकाए[७] तापनि त्यो अर्थ पनि नेपालसंवत्को सन्दर्भमा असम्भव छ भनी भनिरहनुपर्दैन। मनवज्र वज्राचार्य (२०२७:१४६) ले यसको मिति **विक्रम सम्बत्** १२६३ भनी लेखेकाले उनले यसको अर्थ वि.सं. १२६३-९३७ = ने.सं. ३२६ मानेको देखिन्छ। हरिराम जोशी (२०३६:२९) ले यसको मिति ने.सं. ३९६ दिएका छन्। कृष्णदेव

⑦ नयराज पन्त २०६०:१७ = ९५ श्लोकको उत्तरार्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

ने.सं. ७६५ (वि.सं. १७०१/०२) मा कोरिएको, गौरीको खाका[५६]

गूद्रुन व्यूह्लेमन र मुसाशि ताचिकावा २०४७:७४ मा अघिल्लो ६१ सङ्ख्याको चित्रवाट स्क्यानिङ गरेको

गौरी — गौरवर्ण

लोचनाभ, अरुण, कृष्ण, नील, शुक्ल, धूम्र, पीत, पाण्डर

माला — दंद

कलश — वर

चतुर्दिक्षु — अग्निज्वाला

(२०४०:लिस्ट् अफ् प्लेट्स् (चित्रसूची) ७ पृष्ठमा ७९ सङ्ख्या)ले यसको मिति एडी १२३८ (ई.सं. १२३८) भनी लेखेकाले उनले यसको अर्थ ई.सं. १२३८-८८० = ने.सं. ३५८ मानेको देखिन्छ। लैनसिंह वाङ्देल (२०४६:१५१)ले यसको मिति ए.डी. १२३८ (ई.सं. १२३८) भनी लेखेकाले बुझनसुझ कृष्णदेवको पछि उनी लागेको कुरा यस प्रसङ्गमा भन्नुपर्छ।

मनवज्र वज्राचार्यले पङ्क्तिको अर्थ २, हरिराम जोशीले ९ र कृष्णदेवले चाहिँ ५ मानेको यतावाट देखिन गएको छ। तर **रस** शब्दको सर्वस्वीकृत अर्थ ६ नमानी कृष्णदेवले ८ मानेकाले उनको अर्थगराइ कति अविश्वसनीय रहेछ भनी भनिरहनुपर्दैन।

दशमलवपद्धतिवाट अङ्क लेख्ने चलन आउनुभन्दा अगाडि १६ बुझाउन १० बुझाउने एउटा र ६ बुझाउने अर्को अक्षराङ्क लेख्नुपर्ने जस्तै गरेर १ बुझाउन १० बुझाउने शब्दको प्रयोग यस शिलालेखमा भएको हो कि भन्ने ठानी ने.सं. ३१६ भन्ने मानी त्यसलाई वि.सं. मा परिवर्तन गरी मैले माथि लेखेको छु। दिनेशचन्द्र रेग्मी (२०४८:१२३ = ४ सङ्ख्या, उही २०६०:२५३ = च सङ्ख्या)ले **पंक्ति**को अर्थ १० गर्दा गर्दै **रसपंक्तचग्निसंख्याते**को अर्थ ३१६ गरेकाले उनको पनि निष्कर्ष यही भएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ। यस अभिलेखमा वार मात्र नभई नक्षत्र पनि भएकोले गणनाद्वारा यसको कालनिर्णय गर्न सकिने हुनाले यतातिर तज्ज्ञहरूको ध्यान जानु आवश्यक छ।

५६. गूद्रुन व्यूह्लेमन र मुसाशि ताचिकावा २०४७:११। राष्ट्रिय अभिलेखालय चौथो लगतको ३३१ सङ्ख्याको *प्रतिष्ठालक्षणसारसमुच्चय* (नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

नेपालमा कोरिएको, गौरीको खाका[५७]

गूद्रुन व्यूह्लेमन र मुसाशि ताचिकावा २०४७:७४ मा पछिल्लो ६१ सङ्ख्याको चित्रवाट स्क्यानिङ गरेको

गौरी

लोचनाभ
अरुण
कृष्ण
नील
शुक्ल
धूम्र
पीत
पाण्डर



माला
गौर
वर



दन्द
कलस

चतुर्दिक्षु अग्निज्वाला

ए ५१७/१६)। मूल खाकावाट अर्को खाका कोरी वावुकृष्ण २०१९:१ खण्डको ३५ पृष्ठमा छापिँदा नेवारी लिपिमा लेखिएका अक्षरलाई देवनागरीमा परिवर्तन गरी मूलका प्रातिपदिकलाई प्रथमान्तमा परिवर्तनसमेत गरिएको छ, पूफको गल्तीले ठाउँठाउँमा अशुद्धि पनि छ।

५७. गूद्रुन व्यूह्लेमन र मुसाशि ताचिकावा २०४७:११। राष्ट्रिय अभिलेखालय पहिलोको लगतको १३१४ सङ्ख्याको *सचित्रपत्राणि* (नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ए ५४४/६)। २ सङ्ख्यामा र यसमा फरक नभए पनि सूक्ष्म विचार गर्न काम लागोस् भनी यो दिइएको हो।

५८. गूद्रुन व्यूह्लेमान र मुसाशि ताचिकावा २०४७:११। राष्ट्रिय अभिलेखालय चौथो लगतको ३३१ सङ्ख्याको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ७६५ (वि.सं. १७०१/०२) मा कोरिएको, गौरीको खाका[५८]

गूद्रुन व्यूह्लेमन र मुसाशि ताचिकावा २०४७:१२६ मा अघिल्लो *४३ सङ्ख्याको चित्रवाट स्क्यानिङ गरेको

गौरी

माला

कमण्डलु

अभय

वर

पद्मासन

प्रतिष्ठालक्षणसारसमुच्चय (नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ए ५१७/१६)। मूल खाकावाट अर्को खाका कोरी बावुकृष्ण २०१९:२ खण्डको २२ पृष्ठमा छापिंदा नेवारी लिपिमा लेखिएका अक्षरलाई देवनागरीमा परिवर्तन गरी मूलका प्रातिपदिकलाई प्रथमान्तमा परिवर्तनसमेत गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ढाका सोनारङको गौरीको धातुको मूर्ति

नलिनीकान्त भट्टशाली [१९८६] २०५६/५७ मा छापिएको ६७ सङ्ख्याको फोटोबाट स्क्यानिङ गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ सङ्ख्या

ढाका पाइकपाडाको गौरीको मूर्ति

नलिनीकान्त भट्टशाली [१९८६] २०५६/५७ मा छापिएको ६८ क सङ्ख्याको फोटोबाट स्क्यानिङ गरेको



७ सङ्ख्या

आरिअलको गौरीको मूर्ति

नलिनीकान्त भट्टशाली [१९८६] २०५६/५७ मा छापिएको ६८ ख सङ्ख्याको फोटोबाट स्क्यानिङ गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शालिग्राम कृष्ण रामचन्द्र राव २०५९ को ४८२ पृष्ठमा छापिएका खाकाबाट स्क्यानिङ गरेको

९ सङ्ख्या

८ सङ्ख्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शालिग्राम कृष्ण रामचन्द्र राव २०५९ को ४८३ पृष्ठमा छापिएको खाकावाट स्क्यानिङ गरेको
१० सङ्ख्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[५९] वर्णक्रमअनुसारको तालिका

अग्निपुराण

= वि.सं. २०२३ मा काशीबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित; बलदेव उपाध्यायको *अग्निपुराणम् श्रीमन्महर्षिकृष्णद्वैपायनव्यासप्रणीतम्* (श्रीमान् ठूला ऋषि कृष्णद्वैपायन व्यासले बनाएको *अग्निपुराण*)।

अपराजितपृच्छा

= भुवनदेवमा हेर्नू।

इन्दुमती मिश्र २०४४

= ई.सं. १९८७ (वि.सं. २०४४) मा भोपालबाट मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमीद्वारा प्रकाशित, इन्दुमती मिश्रको *प्रतिमा-विज्ञान* [*वैष्णव पुराणों के आधार पर*] (प्रतिमालक्षण – *वैष्णव पुराण*हरूका आधारमा) २ संस्करण।

कृष्णदेव २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा नयाँ दिल्लीबाट आर्कीअल्अज्इक्ल सर्भ्रे अफ इन्डिअद्वारा प्रकाशित, कृष्णदेवको *इम्इज्इज् अफ् नेपाल्* (नेपालका मूर्ति)।

गूद्रुन ब्यूह्लेमन र मुसाशि ताचिकावा २०४७

= वैरोचनमा हेर्नू।

चतुर्वर्गचिन्तामणि

= हेमाद्रिमा हेर्नू।

जयचन्द्र विद्यालंकार १९९०

= वि.सं. १९९० मा इलाहाबादबाट हिन्दुस्तानी एकेडेमीद्वारा प्रकाशित, जयचन्द्र विद्यालंकारको *भारतीय इतिहास की रूपरेखा* (भारतीय इतिहासको रूपरेखा) १ भाग।

टी.ए. गोपीनाथ राव [१९७१] २०२७/२८

= ई.सं. १९१४ (वि.सं. १९७१) मा मद्रासबाट प्रकाशित, टी.ए. गोपीनाथ रावको *एलिमन्ट्स् अफ् हिन्डू आइकन्अग्रचाफि* (हिन्दू प्रतिमालक्षणका मूल कुरा) १ खण्ड २ भागमा गाँसिएको *अपेन्डिक्स् बी* (ख परिशिष्ट) – *अ डिटेल्ड् डिस्क्रिप्शन् अफ् द उत्तम-दश-ताल मेझर् टु बी यूज्ड् इन् द मेकिङ् अफ् इम्इज्इज्* (मूर्ति बनाउँदा काममा लाइने उत्तमदशताल नापोको सूक्ष्म वर्णन) (१-७१ पृष्ठ)।

टी.ए. गोपीनाथ राव [१९७१ क] २०२७/२८

= ई.सं. १९१४ (वि.सं. १९७१) मा मद्रासबाट प्रकाशित, टी.ए. गोपीनाथ रावको *एलिमन्ट्स् अफ् हिन्डू आइकन्अग्रचाफि* १ खण्ड २ भागमा गाँसिएको *अपेन्डिक्स् सी* (ग परिशिष्ट) – *स्यान्स्क्रिट् टेक्स्ट्स् रिलाइड् अपन् फर् द डिस्क्रिप्शन् अफ द इम्इज्इज्* (मूर्तिहरूको वचन वर्णनको लागि भर परिएका, संस्कृत वचन (१-१६० पृष्ठ)।

टी.ए. गोपीनाथ राव [१९७१ ख] २०२७/२८

= ई.सं. १९१४ (वि.सं. १९७१) मा मद्रासबाट प्रकाशित, टी.ए. गोपीनाथ रावको *एलिमन्ट्स् अफ् हिन्डू आइकन्अग्रचाफि* २ खण्ड १ भाग।

---

५९. **रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका** भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन। दिव्य पुरुषको नाउँमा दर्ता भएका ग्रन्थको हकमा ऋषिमुनिहरूको नाउँ नराखी ग्रन्थनाम वर्णक्रमअनुसार यहाँ राखिएको छ। रचयिताको नाउँ थाहा नभएको ग्रन्थको हकमा ग्रन्थको नाउँ वर्णक्रमअनुसार दिइएको छ। प्राचीन ग्रन्थको हकमा चाहिँ रचयिताको नाउँ दिइएको भए तापनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार राखिएको छ। प्राचीन ग्रन्थको मूलभागको होइन कि सम्पादकले लेखेको भागको उपयोग गर्दा भने प्राचीन ग्रन्थको कर्ता र त्यो ग्रन्थको नाउँ वर्णक्रमअनुसार दिइएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टी.ए. गोपीनाथ राव [१९७१ ग] २०२७/२८

= ई.सं. १९१४ (वि.सं. १९७१) मा मद्रासबाट प्रकाशित, टी.ए. गोपीनाथ रावको *एलुइमन्ट्स् अफ् हिन्डू आइकन्अग्राफि* २ खण्ड २ भाग ।

टी.ए. गोपीनाथ राव [१९७१ घ] २०२७/२८

= ई.सं. १९१४ (वि.सं. १९७१) मा मद्रासबाट प्रकाशित, टी.ए. गोपीनाथ रावको *एलुइमन्ट्स् अफ् हिन्डू आइकन्अग्राफि* २ खण्ड २ भागमा गाँसिएको *अपेन्डिक्स् बी* (ख परिशिष्ट) – *॥ प्रतिमालक्षणानि ॥* (मूर्तिका लक्षण) (१-२७९ पृष्ठ) ।

यी दुवै भाग ई.सं. १९७१ (वि.सं. २०२७/२८) मा काशीबाट इन्डोलजिक्ल बुक हाउसद्वारा फेरि प्रकाशित ।

दामोदर शर्मा २०२३, २०२५

= वैरोचनमा हेर्नू ।

दिनेशचन्द्र रेग्मी २०४८

= वि.सं. २०४८ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय शिक्षणविभागद्वारा प्रकाशित, दिनेशचन्द्र रेग्मीको *पुरालेखन परिचय नेपाल*।[६०]

दिनेशचन्द्र रेग्मी २०६०

= वि.सं. २०६० मा काठमाडौंबाट हिमालय बुक स्टलद्वारा प्रकाशित, दिनेशचन्द्र रेग्मीको *पुरालेखन र अभिलेख*।

देवीपुराण

= वि.सं. २०६१ मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित *कल्याण* ९३८ पूर्ण संख्याका ६५-४३२ पृष्ठमा छापिएको *देवीपुराण [महाभागवत]* ।

द्विजेन्द्रनाथ शुक्ल [२०१५] २०४९/५०

= वि.सं. २०१५ मा लखनौबाट वास्तु-वाङ्मय-प्रकाशन-शालाद्वारा प्रकाशित, द्विजेन्द्रनाथ शुक्लको *वास्तु-शास्त्र भोल्. २ : हिन्डू क्यान्अन्ज् अफ् आइकन्अग्राफि यान्ड् पेन्टइङ्* (वास्तुशास्त्र २ खण्ड – प्रतिमालक्षण र चित्रविद्याका हिन्दू शास्त्र)मा गाभिएको *वास्तु-शास्त्रम् – शिल्प-शास्त्रं चित्र-शास्त्रञ्च* (वास्तुशास्त्र – शिल्पशास्त्र र चित्रशास्त्र पनि) ।

यो पुस्तक ई.सं. १९९३ (वि.सं. २०४९/५०) मा नयाँ दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा फेरि प्रकाशित ।

नयराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०५ पूर्णाङ्कका ५-१७ पृष्ठमा छापिएको, नयराज पन्तको[६१] *सुमतितन्त्रस्य मूलपाठः प्रतिसंस्कृतरूपं च तत्र मध्यमाधिकारः* (सुमतितन्त्रको मूलपाठ र प्रतिसंस्कृत पाठ – त्यसको मध्यमाधिकार) ।

नलिनीकान्त भट्टशाली [१९८६] २०५६/५७

= ई.सं. १९२९ (वि.सं. १९८६) मा ढाकाबाट प्रकाशित, नलिनीकान्त भट्टशालीको *आइकन्अग्राफि अफ् बुड्इस्ट् यान्ड् ब्रामनिक्ल्*[६२] *स्कल्प्चर्ज् (इन् द ढाका म्युज़ीअम्)* (बौद्ध धर्म र ब्राह्मणधर्मका मूर्ति (ढाका म्यूजियममा रहेका)) ।

यो पुस्तक ई.सं. २००१ (वि.सं. २०५६/५७) मा नयाँ दिल्लीबाट एर्इअन् बुक्स इन्टरन्याशअन्अलद्वारा फेरि प्रकाशित ।

पोपटभाई अम्बाशङ्कर मनकाड २००६/०७

= भुवनदेवमा हेर्नू ।

---

६०. वि.सं. २०४८ मा काठमाडौंबाट सुशीला रेग्मीद्वारा प्रकाशित, दिनेशचन्द्र रेग्मीको *पुरालेखन परिचय नेपाल* उनैको माथि नाउं किटिएको पुस्तकसँग विषयवस्तु र छपाइ हूबहू मिल्छ, खालि प्रकाशकको नाउं मात्र फरक छ ।

६१. यसमा सहायक देवीप्रसाद भण्डारी र दिनेशराज पन्त ।

६२. हामीले मान्ने गरेको सनातन धर्मलाई ब्रामनिज़्म् शब्दले एक थरी पाश्चात्य र तिनका चेलाचपेटाहरूले बुझाउने गरेकोमा मेरो घोर आपत्ति छ । ब्रामनिज़्म् शब्दको विरोधमा अहिलेभन्दा ७८ वर्षअगाडि जयचन्द्र विद्यालंकार (१९९०:२५५-२५९)ले लेखेको कुरा यस प्रसङ्गमा पठनीय छ । आजभोलि चलेको बाहुनवादको बीज पनि यही ब्रामनिज़्म् नै हो भनी भनिरहनुपर्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रतापादित्य पाल २०३७/३८

= ई.सं. १९८१ (वि.सं. २०३७/३८) मा लास आन्जेलसबाट विचित्र प्रेसद्वारा प्रकाशित, प्रतापादित्य पालको *हिन्डू रिलिजन् यान्ड् आइकन्अलजि अकर्ईइङ् टु द तन्त्रसार* (*तन्त्रसार*अनुसार हिन्दू धर्म र प्रतिमालक्षण)।

प्रतिष्ठालक्षणसारसमुच्चय

= वैरोचनमा हेर्नू।

प्रसन्नकुमार आचार्य [१९९०] २०५१/५२

= *मानसार*मा हेर्नू।

प्रसन्नकुमार आचार्य [१९९० क] २०३६/३७

= ई.सं. १९३४ (वि.सं. १९९०) मा इलाहाबादबाट इलाहाबादविश्वविद्यालयद्वारा प्रकाशित, प्रसन्नकुमार आचार्यको *आर्किटेक्चर् अफ् मानसार: ट्रान्स्लेट्इड् फ्रम् अरिज्इनल् स्यान्स्क्रिट्* (*मानसार*को वास्तु – मूल संस्कृतबाट उल्था गरिएको)।

यो पुस्तक ई.सं. १९८० (वि.सं. २०३६/३७) मा नयाँ दिल्लीबाट अरिइन्टल बुक्स रिप्रिन्ट कर्पोरेशनद्वारा फेरि प्रकाशित।

प्रसन्नकुमार आचार्य [१९९०/९१] २०३७/३८

= ई.सं. १९३४ (वि.सं. १९९०/९१) मा लन्डनबाट अक्स्फर्ड युनिभर्सिटि प्रेसद्वारा प्रकाशित, प्रसन्नकुमार आचार्यको *अ डिक्शनअरि अफ् हिन्डू आर्किटेक्चर्* (हिन्दू वास्तुको कोष)।

यो पुस्तक ई.सं. १९८१ (वि.सं. २०३७/३८) मा नयाँ दिल्लीबाट अरिइन्टल बुक्स रिप्रिन्ट कर्पोरेशनद्वारा फेरि प्रकाशित।

प्रसन्नकुमार आचार्य [२००३] २०३५/३६

= ई.सं. १९४६ (वि.सं. २००३) मा लन्डनबाट अक्स्फर्ड युनिभर्सिटि प्रेसद्वारा प्रकाशित, प्रसन्नकुमार आचार्यको *यान् एन्साइक्लोपीडिअ अफ् हिन्डू आर्किटेक्चर्* (हिन्दू वास्तुको कोष)।

यो पुस्तक ई.सं. १९७९ (वि.सं. २०३५/३६) मा नयाँ दिल्लीबाट अरिइन्टल बुक्स रिप्रिन्ट कर्पोरेशनद्वारा फेरि प्रकाशित।

बलराम श्रीवास्तव २०२१

= मण्डनमा हेर्नू।

बावुकृष्ण ✧[६३] २०१९

= वि.सं. २०१९ मा काठमाडौंबाट वीरपुस्तकालयद्वारा प्रकाशित, बावुकृष्ण✧को *नेपालराजकीय-वीरपुस्तकालयस्थ पुस्तकानामन्यतमः प्रतिष्ठालक्षणसारसमुच्चयः तस्यैतस्य देवता चित्रसंग्रहात्मकः प्रथमो भागः* (नेपाल राजकीय वीरपुस्तकालयमा पुस्तकहरूमध्ये एक *प्रतिष्ठालक्षणसारसमुच्चय* – त्यसको देवताहरूका चित्रको सङ्ग्रह भएको पहिलो भाग)।

ब्रुनो दान्ये

= *मयमत*मा हेर्नू।

भरतचन्द्र शिरोमणि १९३४

= हेमाद्रिमा हेर्नू।

भुवनदेव *अपराजितपृच्छा*

= ई.सं. १९५० (वि.सं. २००६/०७) मा बडोदाबाट अरिइन्टल इन्स्टिटचुटद्वारा प्रकाशित, पोपटभाई अम्बाशङ्कर मनकाडको *श्रीभुवनदेवाचार्यविरचिता अपराजितपृच्छा* (श्रीभुवनदेवाचार्यले बनाएको *अपराजितपृच्छा*)।

द्विजेन्द्रनाथ शुक्ल [२०१५] २०४९/५०:२३०-२३१ पनि हेर्नू।

---

६३. यस तालिकामा जहाँ जहाँ यस्तो चिह्न ✧ छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मण्डन *रूपमण्डन*

= वि.सं. २०२१ मा वाराणसीवाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, वलराम श्रीवास्तवको *रूपमण्डन*।

टी.ए. गोपीनाथ राव [१९७१ क] २०२७/२८ *अपेन्डिक्स् सी*: १२० पनि हेर्नू।

मनवज्र वज्राचार्य ✧ २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार सूचना तथा प्रसारमन्त्रालय सूचनाविभागद्वारा प्रकाशित, मनवज्र वज्राचार्यको *नेपालको मध्यकालीन ✧ कला*।

मयमत

= ई.सं. १९७६ (वि.सं.२०३२/३३) मा पण्डिचेरीबाट एँस्तित्यु फ्रँसे द्'एँदोलोजिद्वारा प्रकाशित, ब्रुनो दान्येको *मयमत: त्रेते साँस्क्रि द्'आर्‌कितेक्त्यूर्* (*मयमत* – वास्तुविद्याको संस्कृत ग्रन्थ) २ भाग।

ई.सं. १९९४ (वि.सं.२०५०/५१) मा दिल्लीवाट इन्दिरा गान्धी नेशनल सेन्टर फर दि आर्ट्स र मोतीलाल बनारसीदासद्वारा प्रकाशित, ब्रुनो दान्येको *मयमतम्: ट्रीटिज् अफ् हाउज्इङ्, आर्‌किटेक्चर् यान्ड् आइकन्अग्रचाफि* (*मयमत* – गृहनिर्माण, वास्तु र प्रतिमालक्षणसम्बन्धी ग्रन्थ) २ भाग।

ई.सं. २००७ (वि.सं. २०६३/६४) मा काशीवाट चौखम्वा सुरभारतीप्रकाशनद्वारा प्रकाशित, शैलजा पाण्डेयको *दानवराजमयप्रणीतं मयमतम्–भारतीय स्थापत्य एवं शिल्पकला का प्रामाणिक ग्रन्थ 'शिवार्पिता'हिन्दीव्याख्योपेतम्* (दानवराज मयले वनाएको *मयमत* – भारतीय स्थापत्य र शिल्पकलाको प्रामाणिक पुस्तक, *शिवार्पिता* हिन्दी व्याख्याले युक्त) २ भाग।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीवाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा प्रकाशित, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र*।

महेशराज पन्त र दिनेशराज पन्त २०६३

= वि.सं. २०६३ मा *पूर्णिमा* १२५ पूर्णाङ्कका २-२७ पृष्ठमा प्रकाशित, महेशराज पन्त र दिनेशराज पन्तको *संसारदेवी परलोक भएको दिन*।

मानसार

= ई.सं. १९३४ (वि.सं. १९९०) मा इलाहावादवाट इलाहावादविश्वविद्यालयद्वारा प्रकाशित, प्रसन्नकुमार आचार्यको *मानसार अन् आर्‌किटेक्चर् यान्ड् स्कल्प्चर्: स्यान्स्क्रिट् टेक्स्ट् विद् क्रिट्इक्ल् नोट्स्* (वास्तु र मूर्तिको विषयमा *मानसार* – संस्कृतपाठ आलोचनात्मक टिप्पणीसहित)।

यो पुस्तक ई.सं. १९९५ (वि.सं. २०५१/५२) मा नयाँ दिल्लीवाट मुन्शीराम मनोहरलालद्वारा फेरि प्रकाशित।

मुसाशि ताचिकावा २०४७

= ई.सं. १९९० (वि.सं. २०४७) मा तोक्योवाट द सेन्टर फर ईस्ट एशियन स्टड्इजद्वारा प्रकाशित, गूद्रुन ब्यूह्लेमन र मुसाशि ताचिकावाको *द हिन्डू डीइटिज् इलस्ट्रेट्इङ् अकर्डइङ् टु द प्रतिष्ठालक्षणसारसमुच्चय* (*प्रतिष्ठालक्षणसारसमुच्चय*अनुसार चित्र वनाइएका हिन्दू देवता) मा छापिएको, मुसाशि ताचिकावाको *प्रिफेस्* (प्रस्तावना) (७ पृष्ठ)।

मोनियर मोनियर-विलियम्ज १९५६

= ई.सं. १८९९ (वि.सं. १९५६) मा अक्स्फर्डवाट क्ल्यार्अन्डन प्रेसद्वारा प्रकाशित, मोनियर मोनियर-विलियम्जको *अ स्यान्स्क्रिट्-इङ्ग्लिश् डिक्शन्अरि* (संस्कृत-अङ्ग्रेजी कोष)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजेश आचार्य २०६३

= *पूर्णिमा*को १२५ पूर्णाङ्कका २८-२९ पृष्ठमा छापिएको, राजेश आचार्यको *पशुपतिको मन्दिरको पश्चिमढोकाबाट भित्र गर्भगृहमा देखिने २ वटा स्त्रीमूर्तिको बयान* ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* २ भाग ।

रूपमण्डन

= मण्डनमा हेर्नू ।

लैनसिंह बाङ्देल २०४६

= ई.सं. १९८९ (वि.सं. २०४६) मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, *स्टोलन् इम्इज्इज् अफ् नेपाल्* (नेपालका, चोरिएका मूर्ति) ।

वैरोचन *प्रतिष्ठालक्षणसारसमुच्चय*

= वि.सं. २०२३ मा काठमाडौँबाट नेपाल-राजकीय-पुस्तकालयद्वारा प्रकाशित, दामोदर शर्माको[६४] *नेपाल-राजकीय पुस्तकालयस्थहस्तलिखित-प्राचीनपुस्तकानाम् अन्यतमः प्रतिष्ठालक्षणसारसमुच्चयः* (नेपाल राजकीय पुस्तकालयमा रहेका पुराना लेखोट पुस्तकमध्ये अर्को *प्रतिष्ठालक्षणसारसमुच्चय*) १ भाग ।

वि.सं. २०२५ मा काठमाडौँबाट नेपाल-राजकीय-पुस्तकालयद्वारा प्रकाशित, दामोदर शर्माको[६४] *नेपाल-राजकीय पुस्तकालयस्थहस्तलिखित-प्राचीनपुस्तकानाम् अन्यतमः प्रतिष्ठालक्षणसारसमुच्चयः* २ भाग ।

= ई.सं. १९९० (वि.सं. २०४७) मा तोक्योबाट द सेन्टर फर ईस्ट एशियन स्टड्इजद्वारा प्रकाशित, गूद्रुन व्यूह्लेमन र मुसाशि ताचिकावाको *द हिन्डू डीइटिज् इलस्ट्रेट्इड् अकर्ड्इङ् टु द प्रतिष्ठालक्षणसारसमुच्चय* ।

शालिग्राम कृष्ण रामचन्द्र राव २०५९

= ई.सं. २००३ (वि.सं. २०५९) मा दिल्लीबाट श्रीसत्गुरु* पव्लिकेशन्जद्वारा प्रकाशित, शालिग्राम कृष्ण रामचन्द्र रावको *एन्साइक्लोपीडिअ अफ् इन्डिअन् आइकन्अग्रचाफि* (भारतीय प्रतिमालक्षणको कोष) १ भाग, २ संस्करण ।

शैलजा पाण्डेय २०६३/६४

= *मयमत*मा हेर्नू ।

हरिराम जोशी २०३६

= वि.सं. २०३६ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ५३-५६ संख्याका ४-४६ पृष्ठमा छापिएको; हरिराम जोशीको *मध्यकालीन*✦ *अभिलेख* ।

हेमाद्रि *चतुर्वर्गचिन्तामणि*

= वि.सं. १९३४ मा कलिकाताबाट आसियाटिक्-सोसायिटिद्वारा प्रकाशित, भरतचन्द्र शिरोमणिको *चतुर्व्वर्गचिन्तामणि व्रतखण्डम्.। श्रीहेमाद्रिणा विरचितम्* (*चतुर्वर्गचिन्तामणि*को व्रतखण्ड– श्रीहेमाद्रिले बनाएको) ।

---

६४. यसको संशोधक बाबुकृष्ण शर्मा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अशोक चल्लको समय

– महेशराज पन्त

मिति भएका, ३ वटा अभिलेखमा अशोक चल्ल गद्दीनशीन राजाका रूपमा देखिन्छन् ।[1] ढुङ्गामा कुँदिएका ती ३ वटै अभिलेख बोधगयाका हुन् । तिनमध्ये एउटा लक्ष्मणसेनको अतीतराज्यसंवत् ५१ भाद्रदिन २९ को हो ।[2] अर्कोमा पनि त्यही संवत्मा मिति दिइएको छ र त्यो संवत् ७४ वैशाखवदि १२ बृहस्पतिवारको

---

१. यहाँ मैले गोपेश्वरको अभिलेख गनेको छैन । किनभने मूलपाठ कहिल्यै प्रकाशमा नआएको र खालि उल्था मात्र प्रकाशमा आएको त्यस अभिलेखमा राजाको नाउँ एकनासले पढिएको छैन– **अनेक मल्ल** (एड्विन थामस याट्किन्सन [१९४१] २०३०:५१२), **भनेक मल्ल** (उही:५१२ मा २ सङ्ख्याको टिप्पणी), **अशोकमल्ल** (राहुल सांकृत्यायन २००९:१११ मा २ सङ्ख्याको टिप्पणीअनुसार *एशियाट्इक् रिसर्चइज्* ११ खण्डको ४७७ पृष्ठमा एड्विन थामस याट्किन्सनको पाठ), **अशोकचल्ल** (भगवान्लाल इन्द्रजी [१९३८] २०४१/४२:३४५, राहुल सांकृत्यायन २००९:१११ मा २ सङ्ख्याको टिप्पणी, उही २०१५:६२) ।① त्यसमाथि एड्विन थामस याट्किन्सन ([१९४१] २०३०:५१२)ले पढेको र उनीपछिका केही ऐतिहासिकहरूले सकारेको,② यसको मिति अर्थात् **शाके १११३** (= वि.सं. १२४८) अशोक चल्लका अरू अभिलेखको मितिसँग मेल खाँदैन ।

२. **श्रीमल्लख्वणसेनस्यातीतराज्ये सं ५१ भाद्रदिने २९**

(महेशराज पन्त छापिन बाँकी: १ सङ्ख्याका १२-१३ पङ्क्ति)

---

① यान् इन्स्क्रिप्शन् फ्रम् गोपेश्वर् इन् कुमाओन् गिभ्ज् द डेट् शक १११३ (=११९१ ए.डी.) यान्ड् अ किङ्ग्'ज् नेम् भेरइअस्लि रेड् याज् अणेकमल्ल, अशोकमल्ल, अशोकचल्ल; द सेम् नेम् अकर्ज् अल्सो अन् यान् अन्डेटइड् इन्स्क्रिप्शन् अन् अ ट्रिडेन्ट् याट् गोपेश्वर् [...] अर्थात् कुमाउमा गोपेश्वरको एउटा अभिलेखमा मिति शाके १११३ (ई.सं. ११९१) दिइएको छ र राजाको नाउँ अणेकमल्ल, अशोकमल्ल, अशोकचल्ल भनी थरीथरी किसिमले पढिएको छ; यही नाउँ गोपेश्वरको त्रिशूलको, मिति नभएको अभिलेखमा पनि आउँछ भनी लूछ्यानो पेतेक (२०३७:९२ मा २२ सङ्ख्याको टिप्पणी = उही २०४५:३७६ मा २३ सङ्ख्याको टिप्पणी)ले लेखेका छन् । गोपेश्वरको, मिति भएको अभिलेखमा राजाको नाउँ **अणेकमल्ल** कसैले पनि पढेको मैले देखेको छैन । गोपेश्वरको त्रिशूलको अभिलेखमा राजाको नाउँ जेम्स प्रिन्सेपले **अणेकमल्ल** (भगवान्लाल इन्द्रजी [१९३८] २०४१/४२:३४५ अनुसार *जर्नल् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्* ५ खण्डको ४५५ पृष्ठमा जेम्स प्रिन्सेपको पाठ) पढेकोलाई गोपेश्वरको, मिति भएको अभिलेखको पाठ भ्रमवश लूछ्यानो पेतेकले सम्झन पुगेको देखिन्छ । लूछ्यानो पेतेकले लेखे जस्तो, गोपेश्वर कुमाउमा होइन कि गढवालमा पर्छ ।

② राहुल सांकृत्यायन २००९:१११-११२, २०१५:६१-६२; शिवप्रसाद डबराल 'चारण' २०२२:३९७-३९८, २०२६:५१३, ५१६, ५१८;❶ कान्तिप्रसाद नौटियाल २०२६:७०;❶ सत्यमोहन जोशी २०२८:४७; बालकृष्ण पोखरेल २०५५:५६९❶ ।

---

❶ यिनले यस ताम्रपत्रलाई त्रिशूल भनेका छन् । यस्तो गल्ती अरूहरूले पनि गरेका छन् (महेशराज पन्त २०६६:५ मा ६ सङ्ख्याको टिप्पणी हेर्नू) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो ।[३] झन् अर्कोमा चाहिँ अर्कै संवत्मा मिति दिइएको छ अर्थात् त्यो अभिलेख भगवान् बुद्धको परिनिर्वाणसंवत् १८१३ कार्तिकवदि १ बुधवारको हो ।[४]

अशोक चल्लका बाबु क्रा चल्लको बालेश्वरको ताम्रपत्रमा पूरा तिथिमिति दिइएको छ अर्थात् त्यहाँ राहु कुन राशिमा छन् भन्ने कुरासम्म लेखिएको छ । छोटकरीमा भन्दा त्यसको मिति शाके ११४५ पौषवदिद्वितीया सोमवार हो ।[५] क्रा चल्लको समय वि.सं. १२८० यताबाट देखिन जान्छ । अशोक चल्लका छोरा जितारि मल्लको आफ्नै वा उनका प्रजाका अभिलेख नपाइए पनि नेपालखाल्डोमा उनले ने.सं. ४०८ पौषदेखि ४१० फाल्गुन अर्थात् वि.सं. १३४४ देखि १३४६ भित्र ३ पटक हमला गरेको प्रमाण पाइएकोले[६] उनको निश्चित समय थाहा हुन्छ ।

३. **श्रीमल्लक्ष्मणसेनदेवपादानामतीतराज्ये सं ७४ वैशाखवदि १२ गुरौ ॥ ॥**
(उही छापिन बाँकी: २ सङ्ख्याका ६-७ पङ्क्तिबाट)

४. **भगवति परिनिर्वृते सम्वत् १८१३ कार्तिक वदि १ बुधे**
(भगवान्लाल इन्द्रजी [१९३८] २०४०/४१:३४३ मा मूलको १५ पङ्क्ति)

५. महेशराज पन्त २०६६:४ मा ५ सङ्ख्याको टिप्पणी ।

६. *गोपालराजवंशावली* २६ ख, ४० क पत्र ।③

③ जितारि मल्लको पहिलो आक्रमणमा सिम्भूमा मारिने खसहरूको सङ्ख्या अवुठ सय भनी *गोपालराजवंशावली* (२६ ख पत्र)मा लेखिएको छ । यस वंशावलीको पहिलोपटक उपयोग गर्ने सेसिल वेन्डल (१९६०:९) देखि लिएर कसैले पनि यस अवुठ शब्दको ठीक अर्थ गर्न सकेका थिएनन् । यस शब्दको अर्थ सेसिल वेन्डललगायत धेरैले माने जस्तो ८ वा नरहरिनाथ (२०१६:२९)ले माने जस्तो ६८ नभई साढे तीन हो भन्ने कुरा झण्डै २५ वर्षअगाडि मैले (महेशराज पन्त २०४१) सिद्ध गरेको हुँ ।

अवुठको वास्तव अर्थ प्रकाशमा आइसकेपछि छापिएका पुस्तकहरूमा पनि त्यस शब्दको अर्थ ८ नै गरिएकोको उदाहरणको रूपमा *गोपालराजवंशावली*को मूलपाठसहितको उल्था छापिएको पुस्तक (धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल २०४२:८२, १२९)लाई देखाउन सकिन्छ (महेशराज पन्त २०४४:५२-५३) । यही अन्धपरम्परा अहिलेसम्म पनि चलिरहेको छ भन्ने कुराको प्रमाणको रूपमा प्रज्ञाप्रतिष्ठानका सदस्यहरू (ढुण्डिराज भण्डारी २०४६:१३२, वालकृष्ण पोखरेल २०५५:५७७) र त्रिभुवनविश्वविद्यालयका अध्यापकहरू (सूर्यमणि अधिकारी २०४४:४७, २०५३:५८, २०५३क:४६, २०६१:६५; पेशल दाहाल २०४८:८४; तुलसीराम वैद्य २०४९:५९; रामनिवास पाण्डे २०५४:१३१; गणेश क्षेत्री र रामचन्द्र रायमाझी २०६०:२२०; श्रीरामप्रसाद उपाध्याय २०६१:१०८; राजाराम सुवेदी २०६१:८६;❷ दिलबहादुर क्षेत्री २०६२:२५१)का पुस्तकलाई औँल्याउन सकिन्छ ।

मुगलकालमा बजारमा उर्दू बोले जस्तो गरेर बजारिया नेपाली बोल्न नेपालसम्बन्धी अन्वेषण गर्ने केही पश्चिमाहरू खप्पिस भए पनि तिनीहरूमध्ये धेरैको नेपालीमा लेखिएको कृति पढ्न सक्ने ल्याकत हुँदैन भन्ने कुराको टड्कारा उदाहरणमध्ये एक विलियम बी. डग्लसको लेख (२०५९/६०)मा पाइएको छ । नेपालको इतिहाससम्बन्धी अपरिहार्य पत्रिकामा झण्डै २० वर्षअगाडि नै छापिएको लेख नपढेर अवुठको अर्थ गर्न उनी अक्स्फर्डमा संस्कृतका नामी अध्यापक अलेक्सिस स्यान्डर्सनलाई गुहार्न पुग्छन् र भू धातुको लुङ् लकारको प्रथमपुरुषको एकवचन अर्थात् अभूत्को अर्थमा अवुठ भएको कुरा लेख्छन् (उही:६४ मा ४५ सङ्ख्याको टिप्पणी) ।

❷ **जितारी मल्लले पहिलोपटक काठमाडौंमा आक्रमण गर्दा त्यहाँ राजा अनन्त मल्ल थिए । खसहरूको सेना काठमाडौं आउँदा ठूलो युद्ध भयो । ३५० देखि ८०० खसहरू हताहत भए । [...]** (राजाराम सुवेदी २०५४:६५), [...] **महेशराज पन्त, पूर्णिमा पूर्णाङ्क ६०, पृष्ठ ६-२४** (उही:९२ मा ५२ सङ्ख्याको टिप्पणी) भनी यिनले आफ्नो अर्को पुस्तकमा लेखेकाले किन टाउको दुखाइरहने भन्ने आशयले अवुठको जजसले जे जे अर्थ गरे, त्यही त्यही अर्थ उनले हालिदिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. ११६१ देखि ११८७ भित्रका २७ वर्षभित्र पर्ने गरी लक्ष्मणसंवत्‌को प्रारम्भवर्षको विषयमा कमसेकम १५ थरी परम्परा देखिएकाले[७] वि. सं. मा बदल्दा पहिलो शिलापत्रको मितिलाई वि.सं. १२१२ देखि १२३८ भित्रको र दोस्रोका चाहिँ वि.सं. १२३५ देखि १२६१ भित्रका यी हुन जान्छन्। अशोक चल्लका बाबु क्रा चल्लको समय वि. सं. १२८० र अशोक चल्लका छोरा जितारि मल्लको समय वि. सं. १३४४-१३४६ पक्का भएकोले अशोक चल्लको पालाको, बोधगयाको अभिलेखमा भएको, लक्ष्मण सेनको अतीतराज्यसंवत् अर्के परम्पराको देखिन गएको छ।

कुनै राजाको राज्यको शुरूआतदेखि मात्र होइन कि कुनै राजाको राज्य टुङ्गिएपछि शुरू भएको संवत् पनि कहिलेकहीं चल्ने गरेको थियो भन्ने कुराको अर्को एउटा उदाहरण सेनवंशभन्दा अगाडि बङ्गाल-विहारमा राज्य गर्ने पालवंशका राजा गोविन्द पालको राज्य नष्ट (मूलअनुसार **गत**, **अतीत**, **हत** वा **विनष्ट**) भएपछि चल्न थालेको संवत्‌मा मिति दिइएका लेखमा पाइएको छ।[८]

---

७. महेशराज पन्त २०५३:१५९-१६१।

८. **[...] ब्रह्मणो द्वितीयपरार्धे वाराहकल्पे वैवश्वतमवन्तरे अष्टाविंशतिमे पुगे कलौ पूर्व्वसंन्ध्यायां सम्वत् १२३२ विकारिसंम्वत्सरे । श्रीगोविन्दपालदेवगतराज्ये चतुर्द्दशसंम्वत्सरे गयायां ॥**

वशिष्ठगोत्रोतिगुणो द्विवेदः श्रीडल्लणोसूत सुतं महान्तं ।

विद्याधरं गुगुलिनं गदाभृन्मठे अनाकारि धना द्विजानां ॥ [...]

(गयाको शिलापत्र (मूलका १-६ पङ्क्ति)बाट । राखालदास बनर्जी १९७१:१०९ । त्यस पुस्तकमा भएको, मूलको फोटो (२८ सङ्ख्याको प्लेट)सँग रुजू गरी माथिको पाठ दिइएको हो।)

[...] देयधर्मोयं प्रवरमहायान(यायि)नः खानोदकीययशरापुरावस्थाने वं ॥ ० ॥ दानपतिक्षान्तिरक्षितस्य यदत्र पुण्यन्तद्भवत्वाचार्योपाध्यायमातापितृपूर्व्वंगमं कृत्वा सकलसत्वराशेरनुत्तरज्ञानफलावाप्तय इति ॥ ७ ॥ श्रीमद्गोविन्दपालदेवस्यातीतसम्वत्स १८ कार्त्तिकदिने १५ [...]

(बङ्गालको एशियाटिक सोसाइटीमा रहेको *अष्टसाहस्रिका प्रज्ञापारमिता*को पुष्पिका (पछिल्लो पृष्ठका १-५ पङ्क्ति)बाट । राखालदास बनर्जी १९७१:११० र हरप्रसाद शास्त्री १९७३/७४:६ मा छापिएको पाठ मिलाई माथिको पाठ दिइएको हो। हरप्रसाद शास्त्रीले °स्यातीतको ठाउँमा °स्या मात्र पढी त्यसपछिका २ अक्षरचाहिँ नपढी यस्तो चिह्न ++ हालेका छन्।)

(आर्यमहासाहस्रप्रमर्दिनी आर्यमहामा)यूरी ॥ आर्यमहा शीतवती महाप्रतिसरा महामन्त्रानुसरिणी समाप्तं ॥ ॥ [...] ...कस्य यत्र पुण्यन्तद्भवत्वाचार्योपाध्या ॥ ॥ यमातापितृपूवंग म कृत्वा सकलसत्वराशेरनुत्तरज्ञानफलावाप्तय इति ... स्यै यदत्र पुण्य तद्भवत्वमिति ॥ ॥ श्रीमद्गोविन्दपालदेवहतराज्यसम्व त् २२

(कलकत्ताको इण्डियन म्यूजियममा रहेको *पञ्चरक्षा*को पुष्पिका (१०२ पत्रका १-३ पङ्क्ति)बाट । अशोककुमार भट्टाचार्य्य २०५१:४५ । त्यस पुस्तकमा भएको, मूलको फोटो (च्याप्टर् ९, प्लेट् आइ बी)सँग रुजू गरी माथिको पाठ दिइएको हो। यस्तो कोष्ठ ( )भित्र प्रसङ्गानुरोधले मैले पाठ थपेको हुँ।)④

---

④ झुनु बाग्ची (२०४९/५०:२६ मा ६ सङ्ख्या)ले यसको संवत् २३ दिएकी छिन्। त्यसको लागि उनले *इन्डिअन् म्युज़ीअम् बुल्इटिन्*को ४ वर्ष १ अङ्कका ११४-११६ पृष्ठमा छापिएको, अशोककुमार भट्टाचार्य्यको लेख औंल्याएकी छिन्। *इन्डिअन् म्युज़ीअम् बुल्इटिन्*मा छापिएको त्यो लेख त मैले पढेको छैन, त्यही लेख अशोककुमार भट्टाचार्य्य २०५१:४५-४७ मा फेरि छापिएको चाहिँ मैले हेरेको छु। त्यहाँ त संवत् मूलानुसारी २२ नै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लूछ्याह्रो पेतेक (२०१५:१९७-१९८)ले चित्त बुझ्ने गरी सुझाएअनुसार नदियाको लडाइँमा लक्ष्मण सेनको हार भएपछि वि. सं. १२६१ देखि लक्ष्मण सेनको अतीतराज्यसंवत् चलेको मान्दा यस शिलापत्रमा दिइएको, लक्ष्मण सेनको अतीतराज्यसंवत् ५१+१२६१ = वि. सं. १३१२ र अर्कोको चाहिँ ७४+१२६१ = वि.सं. १३३५ हुन गई घटनाक्रममा व्यतिक्रम पर्दैन ।

सिंहलद्वीपको परम्परा मान्दा बुद्धको परिनिर्वाण विक्रमपूर्व ४८७ मा भएको देखिन्छ । यस मितिमा विप्रतिपत्ति उठे पनि अरू अरू परम्पराको दाँजोमा सिंहलद्वीपको परम्परा धेरै नै बढी मात्रामा स्वीकृत छ ।[९] बुद्धको परिनिर्वाणसंवत्मा मिति दिइएको, बोधगयाको अभिलेख यही परम्पराअनुसारको भए यो १८१३-४८७ = वि.सं. १३२६ को ठहरिन्छ ।[१०]

बुद्धको परिनिर्वाणसंवत्को चलनचल्तीमा भएका संवत्हरूसँग मिलान गर्नको लागि एकाध आधार पाइएकोले यसको पनि चर्चा यसै प्रसङ्गमा गर्नुपरेको छ ।

भगवान् अर्थात् बुद्धको परिनिर्वाण भएको १८०२ वर्ष ६ महीना २३ दिन जाँदा शाके ११८५ मा मार्ग महीनाको ९ दिन गएको थियो, त्यही दिन यो पुस्तक सारिसिद्धियो भनी ताडपत्रमा मैथिली लिपिमा सारिएको, *कालचक्र*को एउटा पुस्तकको पुष्पिकामा लेखिएको छ ।[११] यस मितिअनुसार शाके ११८५ (+१३५ =)

सम्यक्सम्बुद्धभाषितः पञ्चाकारः समाप्तः ॥ ॥ परमेश्वरेत्यादिराजावली पूर्व्ववत् । श्रीमद्गोविन्दपालदेवानां विनष्टराज्ये । अष्टत्रिंशत्सम्वत्सरेऽभिलिख्यमाने । ज्यैष्ठकृष्णाष्टम्यां तिथौ । यत्र सं ३८ ज्यैष्ठदिने ८ लिखितमिदं पुस्तकं काश्रीगयाकरेणेति ॥

(केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानामा रहेको *पञ्चाकार*को पुष्पिका (५-७ पङ्क्ति)बाट । राखालदास बनर्जी १९७१:१११ ।⑤

त्यस पुस्तकमा भएको, मूलको फोटो (३८ सङ्ख्याको प्लेट्मा दोस्रो)सँग रुजू गरी माथिको पाठ दिइएको हो ।⑥

९. बुद्धको समयसम्बन्धी मुख्य मुख्य परम्पराको विषयमा छोटकरीमा बुझ्न हाइन्ज बेख़र्त २०४८ = उही २०५२ हेर्नू ।

१०. यस अभिलेखको आधारमा बुद्धको परिनिर्वाणको मिति तथ गर्न ऐतिहासिकहरूले १३८ वर्षअगाडिदेखि गर्न थालेको प्रयासको विषयमा छोटकरीमा बुझ्न कोर्नेलिआ मालेब्राइन २०४८ = उही २०५२ हेर्नू ।

११. **भगवति परिनिर्वृतेऽस्तु । द्व्यधिकास्तादशशते त्रयोविंशतिदिवसान्वितषण्मासान्विते परमोपाशकश्रीषक्तिदासेन लिखितं ॥ शकाब्द ११८५ मार्गदिने ९ ॥**

(दिनेशराज पन्त २०४९:७-८)

---

⑤ केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानामा रहेका पुस्तकहरूको आफ्नो सूचीपत्रमा सेसिल बेन्डलले यस पुष्पिकाको पाठको उद्धरण गर्दा **परमेश्वरेत्यादि राजावली पूर्व्ववत् श्रीमद्गोविन्दपालदेवानां विनष्टराज्ये अष्टत्रिंशत्संवत्सरेऽभिलिख्यमानो** (१९४०: *हिस्टर्इक्ल् इन्ट्रडक्शन्* (ऐतिहासिक उपोद्घातको ३ पृष्ठ) १८८) दिँदा दिँदै यस पुस्तकको वर्णन गर्दा भने यहाँको संवत् ३७ (उहीः मूल ग्रन्थको १८८ पृष्ठ) भनी लेख्न उनी पुगेका छन् ।

⑥ **गोविन्द पालदेव अतीतराज्यसंवत्** ३२ मा सारिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता*को चर्चा झुनु बाग्ची (२०४९/५०:२७ मा ८ सङ्ख्या)ले गरी त्यसको लागि ई.सं. १९७८ (वि.सं. २०३४/३५)मा कलकत्ताबाट प्रकाशित, सरसीकुमार सरस्वतीको *पाल युगेर कथा*को पृष्ठसङ्ख्या औंल्याएकी छिन् । त्यो पुस्तक आफूले नदेखेकोले यस विषयमा बढी बोल्न सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् वि.सं. १३२० मां मङ्सीर महीनाको ९ दिन जाँदा[१२] बुद्धको परिनिर्वाण भएको १८०२ वर्ष ६ महीना २३ दिन बितेको देखिन्छ। यसरी १८०२-१३२०=४८२ विक्रमपूर्वमा बुद्धको परिनिर्वाण भएको कुरा *कालचक्र*को यस पुस्तकबाट देखिन गएको छ। ताडपत्रमा नेवार राज्यतिर चलेको लिपिमा सारिएको, *हेवज्रप्रकाश*को एउटा पुस्तकमा दिइएको मितिको पनि चर्चा गर्नु पनि यस प्रसङ्गमा उपयुक्त नै हुन्छ। **भगवान् शाक्यसिंह अर्थात् बुद्धको परिनिर्वाण भएको १८११ वर्ष ४ महीना ५ दिन जाँदा शाके ११९४ मा भाद्र महीनाको १४ दिन गएको थियो, त्यही दिन यो पुस्तक सारिसिद्धियो** भनी त्यस पुस्तकको पुष्पिकामा लेखिएको छ।[१३] यस मितिअनुसार शाके ११९४ (+१३५=) अर्थात् वि.सं. १३२९ मा भाद्र महीनाको १४ दिन जाँदा बुद्धको परिनिर्वाण भएको १८११ वर्ष ४ महीना ५ दिन बितेको देखिन्छ। यसरी १८११-१३२९=४८२ विक्रमपूर्वमा बुद्धको परिनिर्वाण भएको कुरा *हेवज्रप्रकाश*को यस पुस्तकबाट देखिन गएकोले माथि भरखरै चर्चा गरिएको *कालचक्र*मा जस्तै यसमा पनि बुद्धको परिनिर्वाण भएको मिति एउटै मानेको देखिन्छ।

वि.पू. ४८७ मा बुद्धको परिनिर्वाण भयो भनी मान्ने आजभोलिको चलन अर्थात् सिंहलद्वीपको परम्पराभन्दा यो परम्परा ५ वर्षपछिको हो। यसअनुसार अशोक चल्लको चर्चा भएको अभिलेखको संवत् वि.सं. १३३१ हुन जान्छ। यो सबै अशोक चल्लका बाबु वा छोराका आकरमा भएका मितिसँग मेल खान्छ भनी भनिरहनु नपर्ला।

---

१२. मूलको **मार्गदिने** ९ को अर्थ **मार्गशुक्ल नवमीमा** भनी दिनेशराज पन्तले गरेका छन्। उनको लेखाइबाट यहाँको शकसंवत् वैशाखादि र महीनाचाहिँ पूर्णान्त देखिन गएको छ र वैशाखपूर्णिमामा बुद्धको परिनिर्वाण भएको निष्कर्ष उनले यताबाट निकालेका छन् (२०३६:६=२०४९:७-८)। महीनाको दिनगन्ती गरेर यस पुष्पिकामा **मार्गदिने** ९ भनी लेखिएको छ। यस्तो चलन अन्यत्र पनि नभेटिने होइन। यस्तो मिति चान्द्रमानानुसारी नै खास गरी हुन्छ तापनि महीनाको नाउँ दिई त्यसको दिनगन्ती गर्नुभन्दा अगाडि **चन्द्रगत्या** लेखी **तिथि** वा **सूर्यगत्या** लेखी **गते** छुट्ट्याउन खोजेको कहीं कहीं भेटिन्छ (महेशराज पन्त २०६४:१६९-१७३ हेर्नू)। यस कारण दिनेशराज पन्तको निष्कर्ष चिन्त्य छ। तल *हेवज्रप्रकाश*को पुष्पिकाको **भाद्रदिने** १४ को अर्थ **भाद्रशुक्ल चतुर्दशीमा** भनी उनले गरेका छन् (उही २०३६:७-८=२०४९:८-९)। त्यहाँ पनि माथिकै तर्क लगाउन सकिन्छ।

१३. **(भ)गवति शाक्यसिंहे परिनिर्वृति शत १८०० वर्ष ११ मास ४ दिवश ५ शकाब्दा ११(९)४ भाद्र(दि)ने १४ लिखितमिदं धर्म्मधातुविहारीयऽधिवासिन्श्रामणेरश्रीजितारिश्रियेनेति ॥**

(महेशराज पन्त २०४८:३६० । उही: ३६२ मा छापिएको फोटोसँग रुजू गरी माथिको पाठ दिइएको हो। फोटोमा त्यति स्पष्ट नदेखिने अक्षर जति यस्तो कोष्ठ ( ) भित्र राखिएका छन्।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[१४] वर्णक्रमअनुसारको तालिका

अशोककुमार भट्टाचार्य्य २०५१

= ई.सं. १९९५(वि.सं. २०५१) मा नयाँ दिल्लीबाट अभिनव पब्लिकेशन्जद्वारा प्रकाशित, ए.के. (अशोककुमार) भट्टाचार्य्यको *अ प्याज्अन् अफ इन्डिअन् कल्चर्: आर्ट् यान्ड् आर्कीअल्अजि* (भारतीय संस्कृतिको शोभायात्रा – कला र पुरातत्त्व) १ भागका ४५-४७ पृष्ठमा छापिएको, उनैको *अ डेट्इङ् पञ्चरक्षा म्यान्युस्क्रिप्ट् अफ् द रेन् अफ् गोविन्दपालदेव* (गोविन्दपालदेवको पालाको, *पञ्चरक्षा*को लेखोट पुस्तक)।

एड्विन थामस याट्किन्सन [१९४१] २०३०

= ई.सं. १८८४ (१९४१) मा इलाहावादबाट नर्थ-वेस्टर्न प्रभ्इन्स्इज यान्ड आउढ गभ्अर्न्मन्ट प्रेसद्वारा प्रकाशित, एड्विन थामस याट्किन्सनको *द हिमालयन् डिस्ट्रिक्ट्स् अफ् द नर्थ्-वेस्टर्न् प्रभ्इन्स्इज् अफ् इन्डिअ* (भारतको वायव्यकोणमा रहेका प्रान्तका, हिमालय भेकका जिल्ला) २ भाग। *गजिटीअर्, नर्थ्-वेस्टर्न् प्रभ्इन्स्इज्* (वायव्यकोणका प्रान्तको विवरण) ११ भाग।

यो भाग ई.सं. १९७४ (वि.सं. २०३०) मा दिल्लीबाट कज्मो पब्लिकेशन्जद्वारा *कुमाओन् हिल्ज्: इट्स् हिस्टरि, जिअग्रफि यान्ड् यान्थ्रोपल्अजि विद् रेफ्रन्स् टु गर्ह्वाल् यान्ड् नेपाल्* (कुमाउको पहाड – यसको इतिहास, भुवनकोष र नृतत्त्व; गढवाल र नेपालको सन्दर्भसहित) भन्ने नाउँले फेरि प्रकाशित।

कान्तिप्रसाद नौटियाल २०२६

= ई.सं. १९६९ (वि.सं. २०२६) मा काशीबाट चौखम्वा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, कान्तिप्रसाद नौटियालको *दि आर्कीअल्अजि अफ् कुमाओन् (इन्क्लूड्इङ् देहरादून्)* (कुमाउको पुरातत्त्व (देहरादूनसमेत)।

कोर्नेलिआ मालेब्राइन २०४८

= ई.सं. १९९१ (वि.सं.२०४८) मा गोतिङ्गनबाट भान्देर्होक उन्द रुप्रेख्तद्वारा प्रकाशित, हाइन्ज वेख्र्तद्वारा सम्पादित *द डेट्इङ् अफ् द हिस्टर्इक्ल् बुड्अ / दी दातीरुङ् देस् हिस्तोर्इशेन् बुद्ध* (ऐतिहासिक वुद्धको सभयनिर्धारण)का ३४४-३५७ पृष्ठमा छापिएको; कोर्नेलिआ मालेब्राइनको *इन्श्रिफ्त्लिखे क्वेलेन् त्सुर् दातीरुङ् देस् हिस्तोर्इशेन् बुद्ध इन् इन्दिएन्. दी इन्श्रिफ्त् आउस् बोध्-गया, दातीर्त् इन् दास् यार् १८१३ एन्. एन्.* (ऐतिहासिक बुद्धको समयनिर्धारणको विषयमा भारतमा अभिलेखसम्वन्धी आकरहरू – वोधगयाको अभिलेख, बुद्धको निर्वाण भएपछिको १८१३ वर्षको)।

कोर्नेलिआ मालेब्राइन २०५२

= ई.सं. १९९५ (वि.सं.२०५२) मा दिल्लीबाट सत्गुरु*[१५] पब्लिकेशन्जद्वारा प्रकाशित, हाइन्ज वेख्र्तद्वारा सम्पादित *ह्वेन् डिड् द बुड्अ लिभ् ? द कन्ट्रभर्सि अन् द डेट्इङ् अफ् द हिस्टर्इक्ल् बुड्अ* (बुद्ध कहिले भए – ऐतिहासिक बुद्धको समयनिर्धारणको विषयमा विवाद)का २८७-२९५ पृष्ठमा छापिएको, कोर्नेलिआ मालेब्राइनको *इन्स्क्रिप्शनल् सोर्स्इज् फर् द डेट्इङ् अफ् द हिस्टर्इकल् बुड्अ इन् इन्डिअ: द बोध्गया इन्स्क्रिप्शन्, डेट्इड् १८१३ ए.एन्.* (ऐतिहासिक बुद्धको समयनिर्धारणको लागि भारतमा अभिलेखसम्वन्धी आकरहरू – बोधगयाको अभिलेख, बुद्धको निर्वाण भएपछिको १८१३ वर्षको)।

---

१४. रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन। रचयिताको नाउँ थाहा नभएको ग्रन्थको हकमा ग्रन्थको नाउं वर्णक्रमअनुसार दिइएको छ।

१५. यस तालिकामा जहाँ जहाँ यस्तो * चिह्न छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारेको भन्ने हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गणेश क्षेत्री र रामचन्द्र रायमाझी २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट एसिया पब्लिकेसन्सद्वारा प्रकाशित, गणेश क्षेत्री र रामचन्द्र रायमाझीको *नेपालको इतिहास*।

गोपालराजवंशावली

= ई.सं. १९८५ (वि.सं. २०४२) मा वीस्वादनवाट फ्रन्त्स श्ताइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको *द गोपालराजवंशावली, अ फ्याक्सिमिइलि एडिशन् प्रिपेई बाइ द नेपाल् रिसर्च् सेन्टर् इन् कल्याव्अरेशन् विद् द न्याश्अनल् आर्काइभ्ज् काठ्मान्डू । विद् यान् इन्ट्रडक्शन्, अ ट्रान्स्क्रिप्शन्, नेपाली यान्ड् इङ्ग्लिश् ट्रान्श्लेशन्ज्, अ ग्लस्अरि यान्ड् इन्डाइस्इज्* (नेपाल रिसर्च सेन्टरद्वारा काठमाडौँको राष्ट्रिय अभिलेखालयसँग मिलेर तयार गरिएको, *गोपालराजवंशावली*को प्रतिरूप संस्करण । उपोद्घात, प्रतिलिपि, नेपाली र अङ्ग्रेजी उल्था, शब्दार्थसूची र परिशिष्टहरूसहित) ।

झुनु बाग्ची २०४९/५०

= ई.सं. १९९३ (वि.सं. २०४९/५०) मा नयाँ दिल्लीबाट अभिनव पब्लिकेशन्जद्वारा प्रकाशित, झुनु बाग्चीको *द हिस्टरि यान्ड् कल्चर् अफ् द पालज् अफ् बेन्गल् यान्ड् बिहार्* (बङ्गाल र बिहारका पालहरूको इतिहास र संस्कृति) ।

ढुण्डिराज भण्डारी २०४६

= वि.सं. २०४६ मा काठमाडौँबाट प्रकाश-प्रकाशनद्वारा प्रकाशित, ढुण्डिराज भण्डारीको *नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास* ।

तुलसीराम वैद्य २०४९

= वि.सं. २०४९ मा काठमाडौँबाट शाही नेपाली जंगी* अड्डाद्वारा प्रकाशित; शिवप्रसाद शर्मा, तुलसीराम वैद्य र त्रिरत्न मानन्धरद्वारा सम्पादित *नेपालको सैनिक इतिहास*का १-७१ पृष्ठमा छापिएको; तुलसीराम वैद्यको *नेपालको प्राचीन तथा मध्यकालीन* सैनिक इतिहास* ।

दिनेशराज पन्त २०३६

= वि.सं. २०३६ मा काठमाडौँबाट श्री ५ को सरकार लुम्बिनीविकाससमितिद्वारा प्रकाशित, दिनेशराज पन्तको *भगवान् बुद्धको समयसम्बन्धी परम्परामा थप कुरा* ।

दिनेशराज पन्त २०४९

= वि.सं. २०४९ मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित, दिनेशराज पन्तको *भगवान् बुद्धदेखि पहलमानसम्म*का १-१२ पृष्ठमा छापिएको, उनैको *भगवान् बुद्धको समयसम्बन्धी परम्परामा थप कुरा* ।

दिलबहादुर क्षेत्री २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट निरन्तर प्रकाशनद्वारा प्रकाशित, दिलबहादुर क्षेत्रीको *प्राचीन तथा पूर्व-मध्यकालिक नेपाल* ।

धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल २०४२

= *गोपालराजवंशावली*मा हेर्नू ।

नरहरिनाथ २०१६

= वि.सं. २०१६ मा काठमाडौँबाट हिमवत्संस्कृतिसञ्चालकसमितिद्वारा प्रकाशित *हिमवत्संस्कृति* १ अङ्कका ९-३४ पृष्ठमा छापिएको, नरहरिनाथको *गोपाल-वंशावली (५७१ वर्ष अघि लेखियेको इतिहास)* ।

पेशल दाहाल २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट एम.के.पब्लिशर्स एण्ड डिस्ट्रीब्यूटर्सद्वारा प्रकाशित, पेशल दाहालको *नेपालको इतिहास (शुरूदेखि सुगौली सन्धिसम्म)* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बालकृष्ण पोखरेल २०५५

= वि.सं. २०५५ मा विराटनगरबाट उदात्त अनुसन्धानअड्डीद्वारा प्रकाशित, बालकृष्ण पोखरेलको *खस जातिको इतिहास (बर्क-कस्सेली पृष्ठभूमिको विशेष परिप्रेक्ष्यमा)*।

भगवान्लाल इन्द्रजी [१९३८] २०४१/४२

= ई.सं. १८८१ (वि.सं. १९३८) मा बम्बईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) १० वर्षका ३४१-३४७ पृष्ठमा छापिएको, भगवान्लाल इन्द्रजीको *यान् इन्स्क्रिप्शन् याद् गया डेट्इङ् इन् द यर् १८१३ अफ् बुड्अ' ज् निर्वाण, विद् टू अद्अर्ज् अफ् द सेम् पीरिअड्* (बुद्धको निर्वाणसंवत् १८१३ मा मिति दिइएको, गयामा रहेको अभिलेख; त्यही कालका अरू २ [अभिलेख]सहित)। *दि इन्डिअन् यान्टिक्वरि*को यो भाग ई.सं. १९८४ (वि.सं.२०४०/४१) मा दिल्लीबाट स्वाति पब्लिकेशन्जद्वारा फेरि प्रकाशित।

महेशराज पन्त २०४१

= वि.सं २०४१ मा प्रकाशित *पूर्णिमा* ६० पूर्णाङ्कका ६-२४ पृष्ठमा छापिएको, महेशराज पन्तको *गोपालराजवंशावलीको अवुठ शब्दको अर्थ के हो ?*।

महेशराज पन्त २०४४

= वि.सं २०४४ मा प्रकाशित *पूर्णिमा* ७२ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *द गोपालराजवंशावली सरसरी हेर्दा*।

महेशराज पन्त २०४८

= ई.सं. १९९१ (वि.सं.२०४८) मा गोतिङ्गनबाट भान्देर्होक उन्द रुप्रेख्तद्वारा प्रकाशित, हाइन्ज बेखर्तद्वारा सम्पादित *द डेट्इङ् अफ् द हिस्टर्इक्ल् बुड्अ/दी दातीरुङ् देस् हिस्तोर्इशेन् बुद्ध* (ऐतिहासिक बुद्धको समयनिर्धारण)का ३५८-३६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *अन् द डेट् अफ् द हिस्टर्इक्ल् बुड्अ अकर्ड्इङ् टु नेपालीज् ट्रेडिशन्ज्* (नेपाली परम्पराहरूअनुसार ऐतिहासिक बुद्धको समयको विषयमा)।

महेशराज पन्त २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा म्युनिखबाट एर. ओल्डेन्बुर्ग फेर्लागद्वारा प्रकाशित, एलीसाबेथ म्यूलर-लुक्नरसँग मिली बेर्न्हार्त कोल्फरले सम्पादन गरेको *रेख्त्, स्तात् उन्द् फेर्वल्तुङ् इम् क्लासिशेन् इन्दिएन्/द स्टेट्, द ल, यान्ड् याड्मिनिस्ट्रेशन् इन् क्ल्यासिक्ल् इन्डिअ* (भारतवर्षमा राज्य, कानून र शासन)का १५९-१९४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिक्स् १५न्थ् - यान्ड् १६थ्-सेन्टचुरइ डीड्ज् फ्रम् तिर्हुत् रिकर्ड्इङ् द पर्चेज् अफ् स्लेभ्ज्* ([ई.सं.का] पन्ध्रौँ र सोह्रौँ शताब्दीका, कमाराहरू किन्दा लेखिएका, तिरहुतका ६ वटा लिखतपत्र)।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १६५-१८२ पृष्ठमा प्रकाशित, महेशराज पन्तको *शरभपुरका नरेन्द्रको चौबीसौँ राज्यभोगवर्षको ताम्रपत्र*।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १२९ पूर्णाङ्कका १-१० पृष्ठमा प्रकाशित, महेशराज पन्तको *बालेश्वरको ताम्रपत्रबाट के क्रा चल्ल कहिले राजा भए भन्ने थाहा हुन्छ*।

महेशराज पन्त छापिन बाँकी

= *अ कर्पस् अफ् खस इन्स्क्रिप्शन्ज्* (खस-अभिलेखहरूको सँगालो)।

राखालदास बनर्जी १९७१

= ई.सं. १९१५ (वि.सं. १९७१) मा कलकत्तावाट एशियाट्इक ससाइइटिद्वारा प्रकाशित *मेम्वार्ज् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्* (बङ्गालको एशियाटिक सोसाइटीले काममा खटाएको मानिसले बुझाएको लेख) ५ भाग ३ अङ्कका ४३-११३ पृष्ठमा छापिएको, राखालदास बनर्जीको *द पालज् अफ् बेन्गल्* (बङ्गालका पाल)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजाराम सुवेदी २०५४
= वि.सं. २०५४ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, राजाराम सुवेदीको *कर्णाली प्रदेशको मध्यकालीन* इतिहास* ।
राजाराम सुवेदी २०६१
= वि.सं. २०६१ मा ललितपुरवाट साझा प्रकाशनद्वारा प्रकाशित, राजाराम सुवेदीको *नेपालको तथ्य इतिहास* ।
रामनिवास पाण्डे २०५४
= ई.सं. १९९७ (वि.सं. २०५४) मा नयाँ दिल्लीबाट निरालाद्वारा प्रकाशित, रामनिवास पाण्डेको *मेक्इङ् अफ् मडर्न् नेपाल्: अ स्टड्इ अफ् हिस्टरि, आर्ट् यान्ड् कल्चर् अफ् द प्रिन्सिप्याल्इटिज् अफ् वेस्टर्न् नेपाल्* (नयाँ नेपालको रचना– पश्चिम नेपालका राज्यहरूको इतिहास, कला र संस्कृतिको परिशीलन) ।
राहुल सांकृत्यायन २००९
= ई.सं. १९५३ (वि.सं. २००९) मा इलाहावादवाट ला जर्नल प्रेसद्वारा प्रकाशित, राहुल सांकृत्यायनको *हिमालय-परिचय (१) गढ़्वाल* ।
राहुल सांकृत्यायन २०१५
= वि.सं. २०१५ मा काशीबाट ज्ञानमण्डलद्वारा प्रकाशित, राहुल सांकृत्यायनको *कुमाऊँ* ।
लूछ्चानो पेतेक २०३७
= ई.सं. १९८० (वि.सं. २०३७) मा वीस्वादनवाट ओत्तो हर्‌रासोवित्जद्वारा प्रकाशित *सेन्ट्रल् एशियाटिक् जर्नल्* (मध्य एशियासम्वन्धी पत्रिका) २४ वर्षका ८५-१११ पृष्ठमा छापिएको, लूछ्चानो पेतेकको *य-त्स्'ए, गु-गे, पु-रङ्: अ न्यू स्टड्इ* (यत्से, गुगे, पुरङ – नयाँ परिशीलन) ।
लूछ्चानो पेतेक २०४५
= ई.सं. १९८८ (वि.सं. २०४५) मा रोमवाट ईस्तीतूतो ईताह्लुचाह्लो पेर ईल मेचो एद एस्त्रेमो ओर्‌येन्तेद्वारा प्रकाशित, लूछ्चाह्लो पेतेकको *सिलेक्टड्इड् पेपर्ज् अन् एशियन् हिस्टरि* (एशियाको इतिहाससम्बन्धी छनौट लेख) का ३६९-३९४ पृष्ठमा छापिएको उनैको *य-त्स्'ए, गु-गे, पु-रङ्: अ न्यू स्टड्इ* ।
विलियम बी. डग्लस २०५९/६०
= ई.सं. २००३ (वि.सं. २०५९/६०) मा नयाँ दिल्लीबाट अक्स्फर्ड यूनिभर्‌सिटि प्रेसद्वारा प्रकाशित, मारी लकौंत तिलुइन र पास्काल दोल्फुसद्वारा सम्पादित *एथ्निक् रिभाइभ्अल् यान्ड् रिलिज्अस् टर्मइल्: आइडेन्टिटिज् यान्ड् रेप्रिज़ेन्टेशन्ज् इन् द हिमालयाज्* (जातजाति[सम्बन्धी भावना]को फेरि जगाइ र धर्मसम्बन्धी संक्षोभ– हिमालयमा पहिचानहरू र प्रतिनिधित्वहहरू) का ४४-६६ पृष्ठमा छापिएको, विलियम बी. डग्लसको *बश्इङ् योर् नेबर्'ज् गड्: बुड्इस्ट् रइअल् रिट्युअल् इन् हिमालयन् किङ्डम्ज्* (तिम्रो छिमेकीको देउतालाई स्नान गराउँदै – हिमालयका राज्यहरूमा बौद्ध राजकीय विधिविधान) ।
शिवप्रसाद डबराल 'चारण' २०२२
= वि.सं. २०२२ मा गढवालको दोगडाबाट वीर-गाथा-प्रकाशनद्वारा प्रकाशित, शिवप्रसाद डबराल 'चारण'को *उत्तराखंड* का इतिहास* (उत्तराखण्डको इतिहास) १ भाग ।
शिवप्रसाद डबराल 'चारण' २०२६
= वि.सं. २०२६ मा गढवालको दोगडाबाट वीर-गाथा-प्रकाशनद्वारा प्रकाशित, शिवप्रसाद डबराल 'चारण'को *उत्तराखंड* का इतिहास* ३ भाग ।
श्रीरामप्रसाद उपाध्याय २०६१
= वि.सं. २०६१ मा काठमाडौंबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित, श्रीरामप्रसाद उपाध्यायको *नेपालको प्राचीन तथा मध्यकालीन* इतिहास* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सत्यमोहन जोशी २०२८

= वि.सं. २०२८ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, सत्यमोहन जोशीको *कर्णाली लोक संस्कृति-इतिहास* ।

सूर्यमणि अधिकारी २०४४

= वि.सं. २०४४ मा जयपुरबाट निराला पब्लिकेशन्जद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *द खश किङ्डम्: अ ट्रान्स्-हिमालयन् एम्पाइर् अफ् द मिड्ल् एज्* (खँश राज्य– मध्यकालमा हिमालयको वारपार रहेको एउटा साम्राज्य) ।

सूर्यमणि अधिकारी २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा नयाँ दिल्लीबाट निरालाद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *द खश किङ्डम्: अ ट्रान्स्-हिमालयन् एम्पाइर् अफ् द मिड्ल् एज्* पुनःशोधित संस्करण ।

सूर्यमणि अधिकारी २०५३ क

= वि.सं. २०५३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *पश्चिम नेपालको खश अधिराज्य* ।

सूर्यमणि अधिकारी २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *खश साम्राज्यको इतिहास* ।

सेसिल बेन्डल १९४०

= ई.सं. १८८३ (वि.सं. १९४०) मा केम्ब्रिजबाट यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, सेसिल बेन्डलको *क्याट्अलग् अफ् द बुड्इस्ट स्यान्स्क्रिट् म्यान्युस्क्रिप्ट्स् इन् द यूनिभर्सिटि लाइब्ररि, केम्ब्रिज्, विद् इन्ट्रडक्टरि नोटिस्इज् यान्ड् इलअस्ट्रेशन्ज् अफ् द प्यालइओग्राफि यान्ड् क्रोनलअजि अफ् नेपाल् यान्ड् बेन्गल्* (केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानामा रहेका, हातले लेखिएका, संस्कृतका वौद्ध पुस्तकको फेहरिस्त; नेपाल र बङ्गालका पुराना लिपि र कालनिर्णयको विषयमा परिचयात्मक टिप्पणी र चित्रसमेत) ।

सेसिल बेन्डल १९६०

= ई.सं. १९०४ (वि.सं. १९६०) मा कलकत्ताबाट एशियाट्इक ससाइइटिद्वारा प्रकाशित *जर्नल् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्* (बङ्गालको एशियाटिक सोसाइटीको पत्रिका) ७२ वर्ष १-२ अङ्कका १-३२ पृष्ठमा छापिएको, सेसिल बेन्डलको *द हिस्टरि अफ् नेपाल् यान्ड् सराउन्ड्इङ् किङ्डम्ज् (१००० -१६०० ए.डी.)* (नेपाल र वरपरका राज्यको इतिहास (वि.सं. १०५७-१६५७)) ।

यही लेख ई.सं. १९०५ (वि.सं. १९६२) मा कलकत्ताबाट प्रकाशित, हरप्रसाद शास्त्रीको *अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यान्युसिक्रप्ट्स् बिलङ्इङ् टु द डर्बार् लाइब्ररि, नेपाल्* (नेपाल राजकीय पुस्तकालयमा रहेका, ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र) १ भागमा *हिस्टर्इकल् इन्ट्रडक्शन्* (ऐतिहासिक उपोद्घात) भन्ने नाउँ राखी छपाइएको छ ।

हरप्रसाद शास्त्री १९७३/७४

= ई.सं. १९१७ (वि.सं. १९७३/७४) मा कलकत्ताबाट प्रकाशित, हरप्रसाद शास्त्रीको *अ डिस्क्रिप्टिभ् क्याट्अलग् अफ् स्यान्स्क्रिट म्यान्युस्क्रिप्ट्स् इन् द गभ्अर्न्मन्ट कलेक्शन्. अन्डर् द केर् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्* (सरकारिया सङ्ग्रहमा, बङ्गालको एशियाटिक सोसाइटीको जिम्मामा रहेका संस्कृत लेखोट पुस्तकहरूको वर्णनात्मक सूचीपत्र) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाइन्ज बेख़र्त २०४८

= ई.सं. १९९१ (वि.सं.२०४८) मा गोतिङ्गनबाट भान्देर्होक उन्द रुप्रेख़्तद्वारा प्रकाशित, हाइन्ज बेख़र्तद्वारा सम्पादित *द डेट्इङ् अफ् द हिस्टरइक्ल् बुड्अ/दी दातीरुङ् देस् हिस्तोर्इशेन् बुद्धका* १-२१ पृष्ठमा छापिएको; उनैको *इनट्रडक्टरि एसए : द स्कोप् अफ् द सिम्पोजिअम् यान्ड् द क्वेश्चन् अफ् मेथ्अड्अलजि* (उपोद्घातरूपको प्रवन्ध – विद्यागोष्ठीको प्रसर र रीतिविधानको प्रश्न)।

हाइन्ज बेख़र्त २०५२

= ई.सं. १९९५ (वि.सं.२०५२)मा दिल्लीबाट सत्गुरु* पव्लिकेशन्जद्वारा प्रकाशित, हाइन्ज बेख़र्तद्वारा सम्पादित *ह्वेन् डिड् द बुड्अ लिभ् ? द कन्ट्रभर्सि अन् द डेट्इङ् अफ् द हिस्टरइक्ल् बुड्अ*का ११-३६ पृष्ठमा छापिएको, उनैको *इनट्रडक्टरि एसए: द डेट्स् अफ् द हिस्टरइक्ल् बुड्अ – अ कन्ट्रभरसिअल् इसयु* (उपोद्घातरूपको प्रवन्ध– ऐतिहासिक बुद्धका समय – विवादास्पद प्रश्न)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यक्ष मल्लसम्बन्धी २ वटा तात्कालिक टिपोट

– महेशराज पन्त

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र छपाउँदा त्यस ताम्रपत्रको लिपिको प्रसङ्गमा यक्ष मल्लको आफ्नै र उनको पालाका थुप्रै लेखको चर्चा मैले गरेको थिएँ[1] तथा पहिल्यै छापिइसकेका ४ वटा शिलालेख, ताडपत्रमा लेखिएका २ वटा टिपोट र एउटा ताम्रपत्र गरी ७ वटा लेखको आफूले सच्याएको पाठ पछि छाप्ने कुरा गरेको थिएँ ।[2] संसारदेवीको प्रतिमास्थापना गरी राखिएको सो ताम्रपत्रमा आएका विभक्ति, प्रत्यय र निपात आदिको विषयमा लेख्दा ती ७ वटा लेखमध्ये २ वटा शिलालेख, २ वटै टिपोट र ताम्रपत्र गरी ५ वटाबाट सम्बद्ध अंशको उद्धरण गरेको थिएँ ।[3] संसारदेवी परलोक भएको दिनको विषयमा लेख्दा पनि तिनमध्ये एउटा अभिलेखबाट केही अंशको उद्धरण गरिएको थियो र ती ७ वटै लेख पछि छापिने कुरा पनि लेखिएको थियो ।[4] ती ७ वटा लेखमध्ये शिलालेख र ताम्रपत्रको प्रकाशन अहिलेको लागि थाँती राखी २ वटा टिपोट मात्र अहिले प्रकाश गरिएको छ । मैले तयार गरेको यो पाठ आफ्नो बुद्धिले भ्याएसम्म सच्याएको छु र सबै शब्दको अर्थ नलागे पनि आफूले बुझेसम्मको उल्था पनि सँगै दिएको छु । मेरो पाठ मूलसँग दाँजेर हेर्न सजिलो होओस् भनी ती टिपोटका फ्याक्सिमिलि पनि यहाँ दिइएका छन् ।

१ सङ्ख्या

ने.सं. ५६७ (वि.सं. १५०४) भाद्रमा भएको यक्ष मल्लको गोसाईँकुण्डयात्राको टिपोट

(केसरपुस्तकालयको लेखोट पुस्तकको ८२ सङ्ख्या = *सुमतिसिद्धान्त*
= नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या सी १०६/६)

---

१. महेशराज पन्त २०६३: §२ = ४६-६१ ।

२. उही: २२ ।

३. उही २०६३ क: §७.३ = २२, २३①, २५, २६, २९, ३२, ३४, ३५, ३८②, ३९, ४१③, ४२, ४३, ४४②, ४५, ४९ ।

४. महेशराज पन्त र दिनेशराज पन्त २०६३:४ मा ७ सङ्ख्याको टिप्पणी ।

---

① यहाँ अहिले छापिन लागेको, १ सङ्ख्याको टिपोटबाट उद्धरण गरिएको वाक्यमा **बिज्यायेया** । हुनुपर्नेमा त्यहाँ भ्रमवश **बिज्यायेया** ॥ छापिएको छ ।

② यहाँ अहिले छापिन लागेको, १ सङ्ख्याको टिपोटबाट उद्धरण गरिएको वाक्यमा **धुनकाव** (२ ठाउँमा) हुनुपर्नेमा ताडपत्रमा परेको प्वाललाई अनुस्वार सम्झँदा त्यहाँ भ्रमवश **धुंनकाव** छापिएको छ, **पसुपतिसके** ៶ हुनुपर्नेमा त्यहाँ भ्रमवश **पसुपतिसके** छापिएको छ ।

③ यहाँ अहिले छापिन लागेको २ सङ्ख्याको टिपोटबाट उद्धरण गरिएको वाक्यमा १ पटक मात्र **श्रीश्रीठाकुरस** ៶ हुनुपर्नेमा त्यहाँ भ्रमवश २ पटक **श्रीश्रीठाकुरस** ៶ छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कहाँ छापिएको –

रामजी तेवारी २०२१:४२ (१ पङ्क्तिदेखि ५ पङ्क्तिको ज्याङासम्म उल्थासहित)।

डिल्लीरमण रेग्मी २०२२: ४३३-४३४ = यक्ष मल्लको ३२ सङ्ख्याको लिखत (१ पङ्क्तिदेखि ५ पङ्क्तिको कवायिभन्दा अगाडिसम्म)।

शङ्करमान राजवंशी २०२३:१९-२० = यक्ष मल्लको ४४ सङ्ख्याको लिखत (१ पङ्क्तिदेखि ५ पङ्क्तिको ज्याङासम्म, उल्था र गणनासहित)।

नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्त २०३५: परिशिष्ट १२७-१२८ (पूरै)।

लूछ्याह्लो पेतेक २०४०:१७१ = यक्ष मल्लको २१ सङ्ख्याको लिखत (१ पङ्क्तिदेखि २ पङ्क्तिको बुद्धवारसम्म, गणनासहित)।

यस टिपोटको, माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि तल १४१ पृष्ठमा छ।

मूलपाठ

१. **९ सम्वत् ५६७ भादपदशुद्धि ३ श्रीश्रीजयजक्ष मलदेव ठाकुरत्व ॰ शिवलुति बिज्यायेया । पस्थावन याङा दिवस ॥ भादपदशुक्ल ॥ द्वा॰**[५]

२. **दशी ॥ श्रवणनक्षत्र ॥ बुद्धवार ॥ हरिवास ‸ ॥** [६]**॥ थ्वकोह्नु शिवलुतिस ॥ स्नान याङाव ‸ दानदक्षना याङाव । स्वंचा प्यंह्नु शि-**

३. **वलुतिस बिज्याङाव ‸ सादान याङा ॥ थ्वते धुन** [६]**काव ॥ कोखा बिज्याङा ॥ भादपदवद्धि ४ थ्व-कोह्नु ‸ चंगुं श्रीनारायनसके ‸ स॰**[५]

४. **नान ‸ धुनकाव ॥ ग्वल्वं बिज्याङा ‸ ग्वल्वस श्रीप** [६]**सुपतिसके ‸ स्नान याङाव ॥ थ्वते सनान धुन-काव ॥ थ्वकोह्नुवु ‸ राजकुल बि-**

५. **ज्याङा ॥ यंखलपिं लंन ‸ मलको ‸ संजवु ‸ ह्लसस ‸ कवायि ‸ प्रसाद बियाव ॥ संज वात ह्लुयाङ बिज्याङा जुरो॰ ॥ थ्वलया प्रज्याव थ्व ॥ शुभ ॥**

उल्था

संवत् ५६७ (वि.सं. १५०४) भाद्रशुदि ३ (भाद्र १५ गते) श्रीश्रीजययक्ष मल्लदेव ठाकुर गोसाइँकुण्ड (शिवलुति) सवारी हुन प्रस्थान गरेको दिन। भाद्रशुक्लद्वादशी (भाद्र २४ गते) श्रवणनक्षत्र हरिवासर[७] यो दिन गोसाइँकुण्डमा स्नान गरेर दानदक्षिणा गरेर ३ रात ४ दिन गोसाइँकुण्डमा राज भएर गाई दान गरियो। यति सिद्धयाएर कोखा सवारी भयो। भाद्रवदि (पूर्णान्तमानले आश्विनवदि) ४ (भाद्र ३० गते) यो दिन चाँगु (चंगुं) श्रीनारायणलाई

५. पङ्क्तिको छेउमा भएको पदको बाँकी अंश अर्को पङ्क्तिमा गएर मात्र टुङ्गिएको छ भनी जनाउन हालिने चिह्न। यस्ता चिह्नको विषयमा महेशराज पन्त २०५७:§१.३.२५ = ७७-८८ मा अलिकति लेखिएको छ।

६. पुस्तक बाँध्नको लागि ताडपत्रमा धागो छिराउन बनाइएको प्वालको दायाँबायाँ दोस्रोदेखि चौथो पङ्क्तिको बीचमा केही ठाउँ खाली छोडिएको छ।

७. एकादशी वा द्वादशी तिथिलाई हरिवासर भन्ने चलन छ (उदाहरणको लागि राधाकान्तदेव [१९४३] २०२४ मा हरिवासरं हेर्नू)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्नान सिद्धचाएर देउपाटन (ग्वंल्वं) सवारी भयो। देउपाटन (ग्वल्व)मा श्रीपशुपतिलाई स्नान गरेर यति स्नान सिद्धचाएर यो दिन दरबार सवारी भयो। यंखलपिंको बाटोबाट चाहिने जति भोटे (तामाङ)[८]हरू ७ ... प्रसाद दिएर भोटे (तामाङ)[८] ... टेकेर सवारी भयो। यसको कुरा यो। शुभ।

२ सङ्ख्या

ने.सं. ५७३ (वि.सं. १५०९) मङ्सीरको औँसी (पूर्णान्तमानले पूसे औँसी)को दिन सूर्यग्रहण लाग्दा राय मल्लले गरेको सुवर्णतुलादानको टिपोट

(केसरपुस्तकालयको लेखोट पुस्तकको ८२ सङ्ख्या = *सुमतिसिद्धान्त*
= नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या सी १०६/६)

कहाँ छापिएको –

महेशराज पन्त २०३४:३०४-३०५ (अगाडिपट्टिको उठानदेखि ५ पङ्क्तिको मास ९ सम्म र पछाडिपट्टिको ३ पङ्क्तिको थ्वदेखि त्यही पङ्क्तिको अंकसम्म उल्थासहित)।

नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्त २०३५:१६३-१६४ (पूरै)।

यस टिपोटको, माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि तल १४२ पृष्ठमा छ।

मूलपाठ

१. ९ स्वस्ति ॥ श्रीश्रीजयजक्षमलदेव ठाकुरस ॥ काय कुह्मर श्रीश्रीजयरायमलदेव कुह्म-
२. रत्वः शरीरपीह्रा जुयाव ॥ श्रीश्रीजयजक्षमलदेव ठाकुरस्यंः तोलापुरसदान याये
३. ज्याङ तया ॥ सम्बत् ५७३ मार्गशिरकृष्ण ॥ मावाशी घटि १२ विघटि ५ थ्व ग्रासस ॥ श्री-
४. श्रीजयजक्षमलदेव ठाकुरस्यंः सुवर्ण्णतोलापुरसः ग्वल्वं श्रीश्रीदेवलस दान याङा
५. श्रीश्रीजयरायमलदेव कुह्मर ठाकुरस्यंः वर्ष २ मास ९ थ्वलो दोत्वः थ्वस ह्मं गेछि
६. सुवर्ण्णतोलापुरस दान याङा ॥ थ्व दान यातङासः श्रीश्रीमहादिव थकुरिनित्वं स-
७. मस्तवु ‿ ग्वल्वंस सार बिज्याङा ॥ थ्व लुंन वदवनथं ब्राह्मनत्वः लिंसछिवु ‿ दोहः

---

८. आजभोलिको नेवारीमा **भोटेलाई सँय्** भनिन्छ। यस शब्दको पूर्वरूप **संज** (कमलप्रकाश मल्ल आदि २०५७ र काशीनाथ तमोट २०६३:१० = उही २०६४:८ मा **संज**), **साज** (काशीनाथ तमोट २०६३:११ = उही २०६४:९) हुन्। नेपालीमा **भोटे** शब्दले अतिदेशद्वारा भोटमूलका **तामाङलाई** बुझाए जस्तै नेवारीमा पनि **सँय्** वा यसका पूर्वरूपले **तामाङलाई** बुझाउने हुनाले (उदाहरणको लागि काशीनाथ तमोट २०६३:१०-११ = उही २०६४:८-९ हेर्नू) गोसाईँकुण्डको सन्दर्भमा आएको **संजको** अर्थ मैले **तामाङ** भनी गरेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)

१. पयिति ह्नसस बिया जुरो ९ ॥ थ्व तोलापुरसया श्रीश्रीनारायनत्वं यात याङा ॥ खप्वंस नेचा रू नपं बोया यह्नंन ॥ यहं श्रीमनिगलस छ्चा ॱ रू नपं

२. बोया ॥ यंगलमंदोस छ्चा ॱ तवभिंम रू बोया ॥ यं ९बू अशनस छ्चा ॱ शिद्धियिनाय ॱ पतिंज्ञाभिंम ॱ धुसासन थ्व स्वं था रू बोया ॥ संति ग्व-

३. ल्व यंङा ॥ लुं मबोया ॱ देव छ्ता बोयाव ॱ यात याङा ९॥ थ्व तोलापुरसयात ९ यहं श्रीयेथवहारन ॱ दोयका भार्थ प्याखन चव अंक ॥ श्री-

४. ज्याथबहारन दोयका ॱ पसुपतिपुरान ॱ ने अंक९ ९श्रीश्रीठाकुरसवो ॱ नवक्वाथवो ॱ दाङ च्वंङाव ॱ थ्व तोलापुरस ॱ नवक्वाथ छभिंन ॱ का-

५. र मवोत्व९ ॥ थ्वल पने ॱ यह्नंस ॱ देशके मदो ॱ सपंतवु ॱ श्रीश्रीठाकुरस ॱ सेवास दिया जुरो९ ॥ ॥ थ्व तोलापुरसया ॱ प्रज्याय चोस्यं तया ॥ ॥ शुभ ॥

६. पलछिन ॱ खु जोपारे ह्नसस ॱ ज्या याङा ॥ तोलापुरुसया ब्राह्मनत्व ९ सुयका ह्नससया ॥ थ्व ग्रास सुमुति-राहुन ज्यापा ॥ अंगुलि नो ॱ वेला नो जीव ॱ सोधो ॥

उल्था

कल्याण होओस्। श्रीश्रीजयजक्ष मल्लदेव ठाकुरका छोरा कुमार श्रीश्रीजयराय मल्लदेव कुमारलाई शरीरमा पीडा भएर श्रीश्रीजयजक्ष मल्लदेव ठाकुरबाट तुलापुरुषदान गरिवक्स्यो। संवत् ५७३ (वि.सं. १५०९) मार्गकृष्णऔंसी (पूर्णान्तमानले पूसे औंसी) घडी १२ पला ५ यस ग्रहणमा। श्रीश्रीजयजक्ष मल्लदेव ठाकुरबाट सुवर्णतुलापुरुष देउपाटन (ग्वल्वं)मा श्रीश्री[पशुपति]को देवलमा दान गरियो। वर्ष २ महीना ९ यति हुँदा आफ्नो जीउ बराबरको सुवर्णतुलापुरुष श्रीश्रीजयराय मल्लदेव कुमार ठाकुरबाट दान गरियो। यो दान गरिसकेपछि श्रीश्रीबडामहारानी (महादेवी) ठकुर्नी [र] सबै जना[१०]बाट देउपाटनमा

---

९. पुस्तक बाँध्नको लागि ताडपत्रमा धागो छिराउन बनाइएको प्वालको दायाँबायाँ दोस्रोदेखि चौथो पङ्क्तिको बीचमा केही ठाउँ खाली छोडिएको छ।

१०. यही तुलादानको उत्सवमा खेलाउन भनी दक्षिणविहारका महापात्रहरूले लेखाएको *चतुरङ्कमहाभारतनाटक*मा यक्ष मल्लकी बडामहारानी (महादेवी) को नाउँ सरस्वती छ (शङ्करमान राजवंशी २०२३:२० = ४५ सङ्ख्याको सामग्री)। यक्ष मल्लको सपिण्डीकरणको दिन चाँगुनारायणमा राखिएको, यक्ष मल्लको प्रतिमाको पादपीठमा कुँदिएको लेखमा उनका ३ जना सहगामिनी सतीहरूको नाउँ दिँदा २ जनाको नाउँ काढ्नुभन्दा अगाडि **संग्रहणी** अर्थात् ल्याइते लेखिएको छ र ती नाउँको पछाडि **देवी** जोडिएको छैन, यी सरस्वतीको नाउँको अगाडि कुनै पदवी नजोडिए पनि नाउँको पछाडि **देवी** छ (मोहनप्रसाद खनाल २०४०:१८८ = ४२ संख्याको अभिलेख)। यक्ष मल्लको मृत्युतिथि टिपिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा ठचासफूमा सती जानेहरूको नाउँ दिँदा यी सरस्वतीको नाउँमा **देवी** जोडी त्यसपछि **थकुनि** लेखिएको छ, अरूको नाउँमा त्यो छैन (काशीनाथ टमोट २०६३ क:३)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिषेक गरिबक्स्यो[११] । यस सुनले नियमपूर्वक ब्राह्मणपीछे ... दिएको भयो । यस तुलापुरुषको [वेलामा] श्रीश्रीनारायणलाई यात्रा गरियो । भक्तपुर (खप्वं)मा २ रात सुनसमेत देखाइयो । पाटन (यह्नं)मा । पाटन श्रीमनिगलमा १ रात सुनसमेत देखाइयो । यंगलमंदो (काष्ठमण्डप)मा १ रात, तवभिंममा सुन देखाइयो । यंबू असन (अशन)मा १ रात सिद्धिविनायक (शिद्धियिनाय), पतिंज्ञाभिंम, धुसासन यी ३ ठाउँमा सुन देखाइयो । भोलिपल्ट देउपाटन (ग्वल्व)मा लगियो । सुन नदेखाएर देवतालाई एकपल्ट देखाएर जात्रा गरियो । यस तुलापुरुषको लागि पाटन श्रीइबहाल (येथबहार)ले [*महा*] *भारत* नाचको चार अङ्क बनायो, श्रीज्याबहाल (ज्याथबहार)ले *पशुपतिपुराण* २ अङ्क बनायो । श्रीश्रीठाकुर र नुवाकोट (नवक्वाथ) पर्खेर बसी यो तुलापुरुष नुवाकोट एकगठ [भई] लिन आएन । यति छेकेर पाटनमा ... भएन । ... श्रीश्रीठाकुरको सेवामा ... भयो । यस तुलापुरुषको कुरा लेखेर राखियो । शुभ ।[१२]

१ पलाले ६ समात्दा ७ मा काम गरियो । तुलापुरुषका ब्राह्मणले देखाए ... । यो ग्रहण *सुमति* [*सिद्धान्त*] राहुले गरियो । अङ्गुलि पनि वेला पनि बृहस्पति[द्वारा] सोधिए ।

राय मल्ल बडामहारानी सरस्वतीको छोरा नभई अर्की रानी कर्पूरदेवीको छोरा भएको कुरा त्यही *चतुरङ्कमहाभारतनाटक*बाट थाहा हुन्छ (शङ्करमान राजवंशी २०२३:२०) । यस कारण बडामहारानीलगायत सबै रानीहरूलाई बुझाउन यहाँ **श्रीश्रीमहादिव**① **थकुरिनित्वं समस्तवु due ग्वल्वंस सार बिज्याङा** लेखिएको हुनुपर्छ ।

११. **राजाभिषेक**को अर्थमा पुरानो नेवारीमा **राजासाले** चलेको छ (महेशराज पन्त २०५०:७०-७१) । तुलादान गर्ने राजकुमारलाई उनका आमाहरूले अभिषेक गरे भन्ने अर्थमा **सार बिज्याङा** लेखिएको हो भन्ने ठानी माथि मैले त्यस्तो लेखेको हुँ ।

१२. अहिले लास आन्जेलस काउन्टि म्युज़ीअम अफ आर्टमा पुगेको, एउटा ठ्यासफूमा राय मल्लको तुलादानको चर्चा आएको छ भनी प्रतापादित्य पाल (२०४१/४२:१५४, २३५)ले लेखेका छन् । उनले त्यस ठ्यासफूबाट एक अंश खेताला लाएर (उही:११) छपाए पनि (उही:२३५) यो अंश भने छपाइदिएका छैनन् ।

---

① **श्रीश्रीमहादेवि** लेख्न खोज्दा **श्रीश्रीमहादिव** हुन गएको जस्तो देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu





१ सङ्ख्याको टिपोटको, माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि

यसको पाठ माथि १३७ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्याको टिपोटको, माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि
यसको पाठ माथि १३८-१३९ पृष्ठमा छ ।



१.
२.
३.
४.
५.
६.



१.
२.
३.
४.
५.
६.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[१३] वर्णक्रमअनुसारको तालिका

कमलप्रकाश मल्ल आदि २०५७[१४]

= ई.सं. २००० (वि.सं. २०५७) मा काठमाडौँबाट च्वसा पासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तयार भएको *अ डिक्शनअरि अफ् क्ल्यासइक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यानुयुस्क्रिप्ट् सोर्स्इज्*[१५] (लेखोट पुस्तकहरूबाट [शब्द]सङ्कलन गरिएको, पुरानो नेवारीको कोष) ।

काशीनाथ तमोट २०६३

= ने.सं. ११२६ (वि.सं. २०६३) मा ललितपुरबाट नेपालमण्डल अनुसन्धान गुथिद्वारा प्रकाशित, काशीनाथ तमोटको *नेपालमण्डल* ।

काशीनाथ तमोट २०६३ क

= ने.सं. ११२७ (वि.सं. २०६३) मा ललितपुरबाट नेपालमण्डल अनुसन्धान गुथिद्वारा प्रकाशित *नेपालमण्डल* १ अङ्कका ३-६ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *यक्ष मल्लया मृत्यु तिथि* (यक्ष मल्लको मृत्यु भएको दिन)।

काशीनाथ तमोट २०६४

= वि.सं. २०६४ मा ललितपुरबाट नेपालमण्डल अनुसन्धान गुथिद्वारा प्रकाशित, काशीनाथ तमोटद्वारा रचित, रास जोशीद्वारा उल्था गरिएको *नेपालमण्डल* ।

डिल्लीरमण रेग्मी २०२२

= ई.सं. १९६५ (वि.सं. २०२२)[१६] मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) १ भाग ।

नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्त २०३५

= वि.सं. २०३५ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको *सुमतितन्त्रम्*को २ परिशिष्ट = *सुमतितन्त्रम्*का २९-१९० पृष्ठमा छापिएको *सुमतिसिद्धान्त*।

प्रतापादित्य पाल २०४१/२२

= ई.सं. १९८५ (वि.सं. २०४२/४२) मा लास आन्जेलसबाट लास आन्जेलस काउन्टि म्युज़ीअम अफ आर्टद्वारा प्रकाशित, प्रतापादित्य पालको *आर्ट् अफ् नेपाल् : अ क्याट्अलग् अफ् द लास् आन्जेलस् काउन्टि म्युज़ीअम् अफ् आर्ट् कलेक्शन्* (नेपालको कला – लास आन्जेलस काउन्टि म्युज़ीयम अफ आर्टको सङ्ग्रहको सूची) ।

महेशराज पन्त २०३४

= वि.सं. २०३४ मा प्रकाशित *पूर्णिमा* ३६ पूर्णाङ्कका २९४-३०८ पृष्ठमा छापिएको, महेशराज पन्तको *चाडबाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक*।

---

१३. **रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका** भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार राखिएको छ । केसरपुस्तकालयमा रहेको लेखोट पुस्तक र त्यसको माइक्रोफिल्मको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन ।

१४. यस कोषमा परेका शब्दको सङ्कलन काशीनाथ तमोट आदि ९ जनाले र यस कोषको सम्पादन कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तेजरत्न कंसकार आदि ६ जनाले गरेका हुन् भन्ने कुरा यही कोषमा लेखिएको छ।

१५. **म्यान्युस्क्रिप्ट् सोर्स्इज् अर्थात् लेखोट पुस्तकहरूरूपी आकर** भनी यहाँ लेखिएकोले र यस कोषमा शिलापत्र र ताम्रपत्रबाट पनि शब्द लिइएकोले (कमलप्रकाश मल्ल आदि २०५७:भूमिकाखण्ड २९) यस कोषको नाउँ नै अव्याप्तिदोषले दूषित छ भनी भनिरहनुपर्दैन।

१६. त्यहाँ पुस्तक छापिएको मिति ई.सं. १९६५ दिइए तापनि वि.सं. २०२३ को बर्खामा मात्र यो बजारमा आएको हो (*हाम्रो वक्तव्य* २०२३:१०१)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५०

= वि.सं २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका ६६-७१ पृष्ठमा छापिएको, महेशराज पन्तको *अर्जुनदेवको शासनको विषयमा* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६३ क

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त र दिनेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२५ पूर्णाङ्कका २-२७ पृष्ठमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको *संसारदेवी परलोक भएको दिन* ।

मोहनप्रसाद खनाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री* ।

राधाकान्तदेव [१९४३] २०२४

= शाके १८०८ (वि.सं. १९४३) मा कलकत्ताबाट ७१ न. पाथुरियाघाट-स्थितभवनद्वारा प्रकाशित, राधाकान्तदेवको *शब्दकल्पद्रुम*को पहिलो देवनागरीसंस्करण ।

वि.सं. २०२४ मा बनारसबाट चौखम्वा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, राधाकान्तदेवको[१७] *शब्दकल्पद्रुम* ४ भाग, ३ संस्करण ।

रामजी तेवारी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ पूर्णाङ्कका ३७-४६ पृष्ठमा छापिएको, रामजी तेवारीको *भूपालेन्द्र मल्ल* ।

लूछ्याह्वो पेतेक २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा रोमबाट ईस्तीतूतो ईताह्ल्याह्वो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्‌येन्तेद्वारा प्रकाशित, लूछ्याह्वो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८)) ।

शङ्करमान राजवंशी २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १० पूर्णाङ्कका १७-२२ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्ष मल्लको समयका निश्चित संवत् र तिथिमितिहरू* ।

हाम्रो वक्तव्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य – श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन* ।

---

लेखनाथ पौडचाल (वि.सं. १९४१-२०२२) र बालकृष्णशमशेर ज.ब.रा.—राणाराज्य जाने जाने वेलामा बालकृष्ण सम बनेका—(वि.सं. १९५९-२०३८)को चरित्रको मौखिक र लिखित दुवै रूपमा निन्दा गरे पनि यिनीहरूको काव्यशक्तिको भने उहाँ प्रशंसा नै गर्नुहुन्थ्यो। सिद्धिचरण श्रेष्ठ (वि.सं. १९६९-२०४९)को विषयमा भने उहाँले खास चर्चा गरेको मैले सुनिनँ। सिद्धिचरण श्रेष्ठसँग बुबाको पहिल्यैदेखि नै सम्पर्क थियो र लेखनाथ पौडचाल र बालकृष्णशमशेर ज.ब.रा.सँग सम्बन्ध टुटिसकेपछि पनि उनीसँग भने उहाँको पछिसम्म राम्रो सम्बन्ध थियो। उनको प्रबन्धकत्वमा चल्ने मासिक पत्रिका *शारदा*मा बुबाको *नेपाल खाल्डाका अधिका तीन राज्य* भन्ने इतिहासको संशोधनात्मक प्रबन्ध कारणवश नछापिए पनि उहाँका केही पद्य र गद्य त्यस पत्रिकामा छापिएका छन्। कुनै कविले पनि बुबाले चलाउनुभएको संशोधनपरम्पराको समर्थन नगरेको वेलामा सिद्धिचरण श्रेष्ठले *इतिहास-संशोधन*को अभिनन्दन गरी पत्र लेखेकोबाट पनि उनीसँग बुबाको विशेष सम्बन्ध भएको अडकल गर्न सकिन्छ।

वि.सं. १९९७ असोजको *शारदा*मा भवानी भिक्षु (वि.सं. १९७१-२०३८)को *अस्तित्वको रुदन* भन्ने कविता छापिएको थियो। **रुदन** शब्द अशुद्ध हो, शुद्ध त **रोदन** हो भनी नेपाली भाषा-प्रकाशिनी समितिको कुनै वैठकमा बुबाले प्रसङ्गवश व्याख्यान गर्दा भवानी भिक्षुलाई खपिनसक्नु भएछ र *पण्डित कवि* भन्ने शीर्षकमा मलाई उडाएर उनले लेख छपाए भनी बुबा भन्नुहुन्थ्यो।

पछि शहीद भनी कहलाएका शुक्रराज शास्त्री (वि.सं. १९५०-१९९७)को विषयमा त बुबा निकै हँसी गर्नुहुन्थ्यो। एक दिन पुष्करशमशेर र मेरो बीचमा शुक्रराजको विषयमा कुरा चलेको थियो; शुक्रराज आफूलाई अङ्ग्रेजी पनि आउने संस्कृत पनि आउने भनी निकै जान्ने जस्तो देखाउन खोज्छ, संस्कृतको

---

१. **कवि** र **काव्य** शब्दको प्रयोग सङ्कुचित अर्थमा नभई संस्कृतवाङ्मयमा जुन अर्थमा भएको छ, त्यही व्यापक अर्थमा यहाँ गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयमा त म भन्न सक्दिनँ, त्यसलाई अङ्ग्रेजी त खास आउँदैन भनी पुष्करशमशेरले भन्दा अङ्ग्रेजीको बारे त म भन्न सक्दिनँ, उनलाई संस्कृत त खास आउँदैन भनी मैले जवाफ दिएँ भनी बुबा भन्नुहुन्थ्यो ।

संस्कृत, अङ्ग्रेजी र नेपाली एकैपल्ट सिकाउन भनी आफूले लेखेको *संस्कृतप्रदीप* भन्ने पुस्तक शुक्रराज शास्त्रीले छपाएका थिए । हाम्रो पाठशालामा अघिल्लो ४ वर्षको पढाइमा सरसरी हेर्नुपर्ने, संस्कृतका १०० वटा पुस्तकमध्ये त्यो पनि पर्थ्यो ।[२] त्यसै क्रममा मैले त्यो पुस्तक हेरेको थिएँ । भ्वाट्ट हेर्दा त एउटै किताबबाट संस्कृत पनि अङ्ग्रेजी पनि जान्न सकिने भन्ने प्रभाव मलाई परेको थियो । हेर्दै जाँदा त्यस पुस्तकको लेखाइको शैली आदि कुनै पनि मलाई मन परेन ।

शुक्रराज शास्त्रीका जे जति किताब मैले हेरेको छु, ती सबैमा बहालवाला श्री ३ को फोटो हाली उनको प्रशस्ति गाई उनलाई पुस्तकसमर्पण गरिएको छ । त्यो देख्दा शुक्रराज शास्त्रीलाई शहीदको पगरी गुथाएकोमा पनि पछि जान्नेबुझ्ने हुँदै जाँदा मलाई चित्त बुझ्न छोडचो । राणाजीहरूमा यस्तो श्रद्धाभक्ति देखाउने मान्छेको र शहादतपट्टि अघि बढेको मान्छेको मनःस्थिति नदीका २ किनारा हुन्, ती कवै मिल्न सक्दैनन्, राणाजीले उनको चाकरी नलिँदा आफूमाथि वृत्तिकार्श्य आइपऱ्यो र त्यसले गर्दा उनी पछि निमठिँदै गएका हुन् कि जस्तो मलाई लाग्यो । खैर, यो कुरा अहिलेको लागि थाँती राखौँ र प्रकृत विषयपट्टि नै लागौँ ।

लेखनाथ पौडचाल र बालकृष्णशमशेर ज.ब.रा.का चरित्रको आलोचना गरे पनि उनीहरूको काव्यशक्तिको भने बुबा प्रशंसा गर्नुहुन्थ्यो भन्ने कुरा त भरखरै माथि लेखिसकेकै हो । लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६)को भने उहाँ काव्यशक्तिको पनि कायल हुनुहुन्थेन । उनका धेरैजसो रचनालाई उहाँ घुरान ठान्नुहुन्थ्यो । उनको *गाइन् तिनले घँसिया गीत* भन्ने कविता विलियम वड्र्सवर्थको *द सल्इटरि रीप्अर्*को अनुकरण हो भनी हामीलाई उहाँ बराबर सुनाउनुहुन्थ्यो । नेपाली भाषा-प्रकाशिनी समितिको सभामा यही कुरा अरूहरूको सामु लक्ष्मीप्रसाद देवकोटालाई भन्दा उनी अत्यन्त क्रुद्ध भए भन्ने पनि हामीले उहाँबाट सुनेका हौँ । यस विषयमा पछि अरूले लेखेको र लक्ष्मीप्रसाद देवकोटाले प्रतिवाद गरेको कुरा त नेपाली साहित्यको इतिहासमा चाख राख्नेहरूलाई थाहै छ ।

छापिनुभन्दा अगाडिको, लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्यमा भएका, यस्ता

स्वर सुचारु बान्किलो द्रुमप्रशाखको कुसुम बेलि-वल्लरी वरसिँगारको ।

सुतर मट्टि-मान्द्रिलो स्निग्ध गोबरी उफर सानु शावके सानु स्वर्ग छ ॥

---

२. १ देखि १८ पृष्ठसम्म पहिलो भाग, १९ देखि ३६ पृष्ठसम्म दोस्रो भाग र ३७ देखि ४८ पृष्ठसम्म तेस्रो भाग गरी ३ भागमा डिमाई साइजमा *संस्कृतप्रदीप* वि.सं. १९९० मा छापिएको थियो । वि.सं. २०५९ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली (संशोधन-मण्डलपाठशालाको उद्देश्य र कार्यप्रणाली)*को १ परिशिष्टमा *संस्कृतप्रदीप* ४ भाग पनि चढेको छ (६२ पृष्ठ, ५६ सङ्ख्या) । अहिले हाम्रो सङ्ग्रहमा त्यो भाग भेटिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पद्यको आफूले धज्जी उडाएको र त्यस्तै छाँटको *जय रहून् यिनी कान्तिपुरी सदा* भन्ने कविता आफूले रचेको कुरा पनि हामी उहाँबाट बराबर सुन्न पाउँथ्यौं ।[३] पाठचपुस्तक लेखेर र छापेर व्यापार गर्ने, दार्जिलिङका पारसमणि प्रधान (वि.सं. १९५५-२०४३)[४]ले लक्ष्मीप्रसाद देवकोटालाई महाकवि बनाइदिएका हुन् भन्ने भावको कुरा पनि उहाँ बराबर गर्नुहुन्थ्यो ।

वि.सं. २०१६ को वामनद्वादशी अर्थात् भाद्रशुक्लद्वादशीको दिन वि.सं. २०१५ मा जस्तै हामीहरू अर्थात् इतिहास-संशोधकहरू पशुपति तिलगङ्गाको, राजा मानदेवले स्थापना गरेको विक्रान्तमूर्तिको वरपर एक प्रकारको ससानो मेला लाग्ने हुनाले हाम्रा *इतिहास-संशोधन* आदि प्रकाशित कृतिको बिक्री र प्रचार गर्न गएका थियौं । त्यही दिन पारेर पशुपतिमा जानुको खास कारण त त्यही विक्रान्तमूर्तिलाई किराती राजा स्थुङ्कोको मूर्ति हो भनी केशरबहादुर खत्री क्षत्री (वि.सं. १९६४-२०५३)ले लेख लेखी देशविदेशमा प्रचार गरेको कुराको हामीले खण्डन गरी छापेको लेखको प्रचार गर्नु नै थियो । त्यसभन्दा २ दिनअगाडि नै लक्ष्मीप्रसाद देवकोटालाई आर्यघाट लगिसकेको हुनाले प्रचार गर्ने काम सिद्धचाइसकेपछि घर फर्कने वेलामा हामीहरू उनलाई हेर्न गयौं। अस्थिपञ्जर भएका, निधारभरि पशुपतिको चन्दन लाएका, उनी हात जोडेर छटपटाइरहेको दृश्य अहिले पनि उनलाई सम्झँदा मेरो अगाडि आउँछ । त्यही दिन भदौ २९ गते साँझ उनको परलोकवास भयो ।

हाम्रो र हरि श्रेष्ठ (वि.सं. १९७९)को घर सँगसँगै जस्तो भएकोले र उनी कवि पनि भएकाले बुवाकहाँ बराबर आउँथे । जागीरको अर्थ जा, गिर् गरी रमाइलो पाराले लेखिएको, वि.सं. २००८ मा छापिएको, उनको *जा, गिर्* भन्ने पुस्तक मैले पढिसकेको थिएँ । लक्ष्मीप्रसाद देवकोटाले आफ्नो अन्त्य हुने हुने वेलामा नेपाली र अङ्ग्रेजीमा लेखेका कविता उनी बितेको लगत्तै जसो अर्थात् असोज महीनामा छपाई तिनै हरि श्रेष्ठले निःशुल्क बाँडे । आफूले छापेर बाँडी हिंडेको, त्यही कविता लिई उनी हामीकहाँ आएर त्यो कविता बुबालाई र त्यस वेला कोठामा भएका, उहाँका चेलाहरू तथा आफन्तहरूलाई हरेकको नामै लेखी दिए । त्यसमा म पनि परेको थिएँ ।

जुन वेला मेरो हातमा लक्ष्मीप्रसाद देवकोटाको माथि चर्चा गरिएको काव्य पऱ्यो, मैले भरखरै १५ वर्ष पूरा गरेको थिएँ । त्यस वेला म हाम्रो पाठशालाको पहिलो ४ वर्षको पढाइ सिद्धचाउने सिद्धचाउने अवस्थामा थिएँ । संस्कृतका प्रसिद्ध काव्यहरूको जुन पाना पल्टाउन गुरुलाई मन लाग्छ, त्यही पाना पल्टाई विद्यार्थीलाई अर्थ गर्न लाउने चलन हाम्रो पाठशालामा भएकोले त्यस वेलासम्म काव्यको स्वाद मैले निकै पाइसकेको थिएँ । व्याकरणका सूत्र र काव्यका लक्षणग्रन्थ नपढे पनि संस्कृत बोल्ने, पढ्ने र लेख्ने तथा काव्यका गुणदोष अलि अलि बुझ्ने भइसकेको थिएँ । त्यसमाथि हाम्रो सङ्ग्रहमा रहेका, पाँच

---

३. बुबा परलोक भइसकेपछि वि.सं. २०६० मा त्यो कविता *पूर्णिमा* १०७ अङ्क (२६-२७ पृष्ठ)मा छपाइएको छ ।

४. यस निबन्धमा नाउँ लिइएका कविहरूका जन्ममृत्युका मिति वि.सं. २०५६ मा काठमाडौंबाट लक्ष्मीप्रसाद देवकोटाप्रतिष्ठानद्वारा प्रकाशित, घटराज भट्टराईको *नेपाली लेखककोश*बाट हालिएका हुन् । वि.सं. २०५४ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित, जयदेव भट्टराईको *साहित्यकार परिचय र अभिव्यक्ति* (२५९ पृष्ठ)मा भने पारसमणि प्रधानको मृत्यु वि.सं. २०४२ मा भयो भनी लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सयभन्दा बढी नेपाली किताब र थुप्रै हिन्दी किताबमध्ये केही कठिन काव्य छोडेर एकसरो हेरिसकेको थिएँ । हाम्रो पाठचक्रममा नेपाली भाषा नभए पनि दिनकादिन संस्कृतबाट नेपालीमा र नेपालीबाट संस्कृतमा उल्था भने गर्नुपर्ने नियम भएकोले तथा लेख प्रकाश गर्दा खास गरी नेपाली भाषामा गरिने हुनाले संस्कृत जस्तै नेपाली पनि शुद्धसँग लेख्न सक्ने भइसकेको थिएँ ।

आफ्नो सङ्ग्रह मिलाउँदै जाँदा केही समयअगाडि लक्ष्मीप्रसाद देवकोटाको त्यो कविता छापिएको पत्र मैले भेट्टाएँ । त्यसै वेला त्यस पत्रमै मैले आफ्नो टिप्पणी लेखेको रहेछु । सबभन्दा पहिले त्यही प्रस्तुत गर्छु । तल राखिएका ३ लहरमध्ये पहिलो लक्ष्मीप्रसाद देवकोटाको कविता हरि श्रेष्ठले जसरी छपाए, त्यसकै हूबहू उतार हो । दोस्रोमा चाहिँ त्यस छपाइमा जुन जुन पाउमा सामान्य जोड्नेछुट्याउने र ह्रस्वदीर्घ मैले सच्याएको छु, त्यो देखाइएको छ । तेस्रोमा चाहिँ जुन जुन पाउमा टिप्पणी गरेको छु, त्यो दिइएको छ । त्यसपछि दिइएका लेखिएका वाक्यमा त्यस कविताको बारे मैले आफ्नो विचार प्रकट गरेको छु ।

प्रकाशित पाठ	संशोधित पाठ	मेरो टिप्पणी
मृत्यु शैय्यावाट	**मृत्यु शय्यावाट**	
संसार रूपी सुख स्वर्ग भित्र	**संसाररूपी सुखस्वर्गभित्र**	**ख दीर्घ भयो**
रमें रमाएँ लिइ भित्र चित्र	**रमें रमाएँ लिइ भित्र चित्र**	**रमें रमाएं पर्याय हुन् । पुनरुक्तिदोष भयो।**
सारा भयो त्यो मरूभूमि तुल्य	**सारा भयो त्यो मरुभूमि तुल्य**	
रातै परे झैं अव बुझ्छु बल्ल		
रहेछ संसार निशा समान	**रहेछ संसार निशासमान**	
आएन ज्यूँदै रहँदा नि ज्ञान		
आखीर श्रीकृष्ण रहेछ एक		**आखीर ह्रस्व नभई दीर्घ भयो**
न भक्ति भो, ज्ञान, नभो विवेक		
महामरूमा कण झैं म तातो		**महामरु ह्रस्व हुन्छ**
जलेर मर्दो विनु आश लाटो		
सुकी रहेको तरू झैं छु खाली		
चितारिन तापी जल डाल्न फाली		
संस्कार आफ्नो सव नै गुमाएँ		
म शून्यमा शून्य सरी विलाएँ		
जन्में म यो स्वर्ग विषे पलाएँ		
आखीर भै खाक त्यसै विलाएँ ।		
–लक्ष्मीप्रसाद देवकोटा		

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कविताबाट कविको आत्मा रोएको देखिन्छ । कविमा पश्चात्ताप छ । कवि मृत्युदेखि डराएका छन् । कविमा धार्मिक भावना बढेको छ । कविका कविता त्यति उच्च कोटीका छैनन् । यिनलाई महाकवि भन्नु मेरो विचारमा उति योग्य लाग्दैन । यिनभन्दा धेरै उच्च कोटीका कवि कति त प्रकट रूपैमै छन् कति अन्धकारमा । यिनलाई महाकवि भन्नु अरू कविको अपमान हो । साहित्यको उपहास हो ।

यिनका कवितामा शब्द, अर्थ, छन्द, व्याकरण कुनै पनि प्रायः मिलेका हुँदैनन् ।

वास्तवमा लक्ष्मीप्रसादलाई यसरी फुर्फुऱ्याउनु नेपालमा बौद्धिक क्रान्ति गर्नुपर्छ भन्नेमा एक राम्रो संकेत हो ।

महेशराज पन्त

वर्ष १५

उपजाति छन्दमा लेखिएको यो कविता सच्याउँदा तद्भव **विनु** < **विना** (१० पङ्क्तिमा)को पेट नचिरेको र **आश** < **आशा** (१० पङ्क्तिमा) को **स** पातलो नभएकोमा भने मैले सच्याइनछु। **तरू** (११ पङ्क्तिमा) को **रु** दीर्घ छापिएकोमा पनि मैले केही लेखिनछु। अव्यय **खालि**को हिज्जे विशेषण **खाली** (११ पङ्क्तिमा)को हिज्जेमा बदलिएकोमा पनि मेरो आँखा परेनछ वा बुद्धि पुगेनछ। **जल डाल्न** (१२ पङ्क्तिमा) को सट्टा **जल हाल्न** लेख्दा हिन्दीको धातु **डाल**को प्रयोग छल्न सकिने कुरा पनि मैले भेउ पाइनछु । **सव** (१३ पङ्क्तिमा)को **व**को पेट नचिरेकोमा पनि मेरो आँखा परेनछ। **स्वर्ग विषे** (१५ पङ्क्तिमा) जोड्नुपर्नेमा नजोडेकोवारे पनि मैले केही भनिनछु। **बिलाएँ** हुनुपर्नेमा पेट नचिरी **विलाएँ** (१४ र १६ पङ्क्तिमा) भएकोमा पनि मैले केही भनिनछु। चन्द्रबिन्दु हाल्नुपर्ने ठाउँमा शिरोबिन्दु हालेको — **झैं** (४, ९ र ११ पङ्क्तिमा) र जन्में (१५ पङ्क्तिमा) — मा पनि मेरो टिप्पणी आएनछ। छन्दको विषयमा गुरु भन्नुपर्नेमा दीर्घ भनी मैले परिभाषित गरेकोले मेरो त्यस वेलाको ज्ञानको इयत्ता प्रकट हुन्छ। यस फेहरिस्तलाई अझै बढाउन नसकिने होइन, तर यसलाई यतै रोकौं।

महाकवि भनी कहलिएका लक्ष्मीप्रसाद देवकोटाको कवितामा यस्तो टिप्पणी आफूले गरेकोमा म आफैं मक्ख परेको रहेछु भन्ने कुरा आफ्नो नाउँ मात्र नलेखी मैले उमेरसुद्धा लेखेकोबाट झल्कन्छ। उनका कवितामा परेका प्रूफसम्बन्धी गल्ती र कविताका केही पदको विषयमा गरेका टिप्पणीबाहेक मैले लामाछोटा ३ कण्डिकामा लेखेका वाक्य जति खास गरी बुबाले लक्ष्मीप्रसाद देवकोटाबारे सुनाउनुभएका कुराको नै एक किसिमको प्रतिध्वनि हो, त्यसमा मेरो मिहिनेत परेको छैन जस्तो मलाई अहिले लाग्छ।

मनमा लागेको एउटा कुरा अन्त्यमा। लक्ष्मीप्रसाद देवकोटाको अन्त्यावस्थाको कविता छपाई बाँडेको दिव्य ३० वर्षपछि हरि श्रेष्ठले त्यही कविता लक्ष्मीप्रसादकै हस्ताक्षरको, त्यस कविताको फ्याक्सिमिलिसहित आफ्नो जीवनीमा छपाए।[५] उनले ३० वर्षको अन्तरालमा २ पटक छपाएका त्यस कविताको पाठ त्यस फ्याक्सिमिलिसँग दाँजेर हेर्दा दुवैमा कविको हस्तलिपिको ठीक उतार मात्र नभएको होइन कि दुवै उतारमा पनि ऐकरूप्य नभएको स्पष्ट देखिन्छ।

५. वि.सं. २०४६ मा काठमाडौंबाट सरिता श्रेष्ठद्वारा प्रकाशित, हरि श्रेष्ठको *अतीतका स्मृतिका* २१५-२१६ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोला गुरुलाई सम्झँदै

–महेशराज पन्त

हामीहरूको लागि भोला गुरु, झण्डै २० वर्ष यतादेखि ज्ञानानन्द पुरी, अर्थात् भोलानाथ पौडेल वि.सं. २०६६ वैशाख २ गतेको दिन परलोक हुनुभयो । भोला गुरुको कदको अगाडि हिन्दीमा भन्ने हो भने औने पौने बौनेहरूलाई खित्रिक्क हुनेबित्तिकै खबर बन्ने हाम्रो समाजमा उहाँ बित्दा अखबार, रेडियो र टेलिभिजन हामीकहाँ बेठेगान हुँदा हुँदै पनि तिनमध्ये कसैको लागि पनि यो खबर बन्न सकेन ।

यता भोला गुरु परलोक भएको सामान्य खबरसमेत पत्रपत्रिकामा नआउनु, उता भोला गुरुका सहपाठीले मात्र होइन, उनका, ५ क्लासमा पढ्ने ११ वर्षे नातिले भनेको कुरासुद्धा नेपालका मुख्य मुख्य दैनिक पत्रिकामध्ये पर्ने एउटा पत्रिकामा **इतिहासकारका नातिले यसो भने** भनी त्यस दिनको मुख्य खबर बनाएर छापिएको[1] देख्दा बोल्नेको पीठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भन्ने आहान मात्र सम्झन पुगिएन कि अखबारवालाहरूको सम्पर्कमा जो आइरहन्छन्, तिनीहरूकै बारे मात्र अखबारमा छापिन्छ, खोजमेल गर्ने कष्ट हाम्रा पत्रकारहरू गर्दैनन् भन्ने कुराको पनि पुष्टि भयो । आफूले लेखेको लामो प्रस्तावनासमेत राखी भोला गुरुका कान्छा छोरा गुहनाथ पौडेलले आफ्ना बाबुको, *पूर्णिमा*मा छापिएका जति लेखको सङ्ग्रह आफ्नो खर्च लगाई छपाएको पुस्तक[2]को विमोचन भोला गुरुको सौरमानानुसारी जन्मदिन पारेर भोला गुरु बितेको झण्डै २ महीनापछि त्रिभुवनविश्वविद्यालयका, एक जना भक्तपुरे नयाँ प्रोफेसरको बन्दोबस्तमा एक जना नामी कम्युनिष्ट नेताको करकमलद्वारा हुने र त्यस अवसरमा त्यस पुस्तकको परिचय त्रिभुवनविश्वविद्यालयबाट रिटायर्ड भए पनि अझै त्यहाँको कामकाजमा पकड भएका एक जना प्रोफेसर र भरखरै प्रोफेसर हुन पुगेकी गरी अध्यापकद्वयीको मुखारविन्दबाट हुने भन्ने पनि त्यस सभाको निमन्त्रणापत्रबाट मैले थाहा पाएको थिएँ । भोलिपल्ट त्यही खबर अखबारमा पढियो । ती समाचारमा भोला गुरुको कुरा होइन कि पुस्तकविमोचन गर्ने नेताले बोलेको कुराको नै बढी चर्चा छ ।[3]

भोला गुरु हाम्रा नेता भनाउँदाहरूलाई ज्यादै नै घृणा गर्नुहुन्थ्यो भन्ने कुरा उहाँका कान्छा छोराको लेखबाट पनि छर्लङ्ग हुन्छ ।[4] प्रचलित शिक्षाप्रणालीबाट विद्वान् जन्मन सक्दैनन् भन्ने दृढ धारणा भएर नै

---

१. ध्रुव लम्साल २०६६ ।

२. भोलानाथ पौडेल २०६५ ।

३. *'भक्तपुरको राजकुलो'को विमोचन* २०६६ ।
बिजुक्छे फर् प्रिजर्भिङ्ग हिस्‌टरिकल् आर्टिफ्याक्ट् २०६६ ।

४. गुहनाथ पौडेल २०६५:८२-८३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोला गुरुलगायत संशोधन-मण्डलकाहरूले यत्रो भूभार उठाउनुपरेको हो । आखिरमा तिनै नेता र त्यही शिक्षाप्रणालीबाट शिक्षितहरूको आश्रयमा गएपछि मात्र उहाँबारे सानो भए पनि खबर आएको देखेर **इस ज़ालिम दुनिया को क्या कहना** जस्तो मलाई लाग्यो ।

वि.सं. १९७८ ज्येष्ठशुक्लषष्ठी ज्येष्ठ २९ गतेको दिन भोला गुरुको जन्म भएको हो । वि.सं. २००१ मा ज्यौतिषमध्यमा पास गरेपछि मेरो बुबा नयराज पन्त (वि.सं. १९७०-२०५९)को विशेष सङ्गतमा भोला गुरु लाग्नुभएको हो । सरकारिया पाठशालाको पढाइबाट असन्तुष्ट भई बुवाले आफ्नो ढङ्गले विद्यार्थीहरूलाई पढाउन लागेको यस वेला ४ वर्ष भइसकेको थियो । बुबाले सरकारिया पाठचक्रमअनुसार शास्त्रिपरीक्षाको लागि भोला गुरुलाई पढाए पनि सामान्य परीक्षार्थी जस्तो नपढी दिनकादिन पढेको पाठ सुनाउने र व्याकरणको पनि अभ्यास गर्ने शर्तमा उहाँले बुबासँग पढ्न पाउनुभएको हो ।[५] त्यही पढाइले उहाँले सिद्धान्तज्यौतिषमा वि.सं. २००६ मा शास्त्री पास गर्नुभयो । त्यसपछि परीक्षापद्धतिबाट उहाँ बिस्तारै पर लाग्नुभयो ।

सरकारिया पढाइको दाँजोमा हाम्रो पाठशालाको पढाइबाट संस्कृतभाषामा कम समयमा राम्रो अधिकार भएको अनुभव गरेर ब्रह्मचर्याश्रममा पनि यही पद्धतिअनुसार पढाउने भन्ने सल्लाह भएकोले बुवाका २ जना चेला भोलानाथ पौडेल र ज्ञानमणि नेपाल[६] वि.सं. २००६ को फागुनको मासान्तदेखि त्यहाँ पढाउन जानुभयो । ब्रह्मचर्याश्रमका संरक्षक कविराज हरिप्रसाद खकुरेल (वि.सं. २०३० मा मृत्यु) र अध्यक्ष योगी नरहरिनाथ (वि.सं. १९७१-२०५९) दुवै जना राणाशासनसँग सम्बन्ध गाँसिएका बडादमी थिए । यता त्यति प्रभाव नफैलिसकेका, शासन र राजनीतिबाट पूरै अलग्गिएर सर्वतोभावले विद्यामा लागेका, सामान्य अध्यापक नयराज पन्तका चेलाको रूपमा ब्रह्मचर्याश्रममा पढाउन गएका भोलानाथ पौडेल र ज्ञानमणि नेपालमा विद्या भए पनि उनीहरूको खास प्रभाव भएन । राणाशासनमार्फत प्रतिष्ठित, ब्रह्मचर्याश्रमका अधिकारीहरूले विद्यार्थीहरूलाई राणाशासनको समर्थनको लागि प्रयोग गर्न खोज्दा भोला गुरुहरूबाट भएको विरोध उनीहरूलाई सह्य भएन र २ पक्षमा सङ्घर्ष चर्किंदै गयो । त्यसपछि ब्रह्मचर्याश्रमका अधिकारीहरूकै विरोधमा गई त्यहाँ बसिरहनु राम्रो नभएकोले १४ महीनापछि भोला गुरुहरू ब्रह्मचर्याश्रमबाट बाहिरिनुभयो । यसरी राणाशासन ढल्नुभन्दा झण्डै १ वर्षअगाडि ब्रह्मचर्याश्रममा भित्रनुभएका भोला गुरुहरू राणाशासन ढलेको ३ महीनापछि त्यहाँबाट निस्कनुपर्‍यो ।

बुबाको पद्धतिमा झन् झन् लागी भोला गुरुले आफ्नो घर लुभुमा हाम्रो मासङ्गल्लीकै जस्तो पाठशाला खोल्नुभयो । त्यहाँ लुभु र वरपरका काँठका मात्र नभई पूर्व १ नम्बरसम्मका विद्यार्थीहरू आई पढ्थे ।

५. नयराज पन्त २०४३:१८ ।
६. भोलानाथ पौडेल र ज्ञानमणि नेपालले ब्रह्मचर्याश्रममा पढाएको भनी बुवालगायत सबैले लेखेकोमा बुबाका अर्का चेला देवराज पौडेल पनि त्यहाँ पढाउनुहुन्थ्यो, पछि तीनै जनाले ब्रह्मचर्याश्रम एकैपल्ट छोड्नुभयो भनी त्यस आश्रमका तात्कालिक विद्यार्थी रमेश खकुरेल (२०६३:१३, १६) लेख्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नजीकका मात्र होइन, टाढाटाढाबाट पनि विद्यार्थीहरू पढ्न आएकाले तिनीहरूचाहिँ दिनभरि त्यहाँ पढी घर फर्कनु सम्भव भएन र भोला गुरुको घर पाठशाला मात्र भएन र त्यसले बिस्तारै मठ[७]को रूप पनि लियो । विद्यार्थीहरूसँग शुल्क नलिई सित्तैमा पढाइने त्यस पाठशालामा अब भोला गुरुको थाप्लोमा विद्यार्थीहरूको छाक टार्ने झञ्झट पनि आइलाग्यो । त्यसको लागि उहाँले प्राचीनभारतीयशिक्षाप्रणालीमा चलेको र आफैँले पनि ब्रह्मचर्याश्रममा अनुभव गरिसकेको भिक्षावृत्ति विद्यार्थीहरूलाई गर्न लगाएर पाठशाला चलाउनुभयो,[८] जसको बयान उहाँका कान्छा छोराको लेखमा आइसकेको छ[९] ।

वि.सं. २००७ को शासनपरिवर्तनले कसैलाई राम्रो कसैलाई नराम्रो फल दिए जस्तै बुबालाई भने राणाशासनले लेखपढमा लगाएको बन्धनले गर्दा त्यो शासन जाँदा उहाँकै शब्दमा

> **यी अत्याचारदेखिन् अतिविकल भई काम छोड्दै गएका**
> **दब्दै दब्दै गएका पशुसदृश भई प्राण मात्रै बचेका ।**
> **यी हाम्रा लेखनी**[१०]

मा केही शक्ति आएकोले नेपालमा चलेको शिक्षा अकिञ्चित्करी देखाउने र आफूले वर्षौं लगाएर गरेको शोधको प्रतिफल बाहिर ल्याउने अवसर दियो । यसैले वि.सं. २००९ आश्विनदेखि विद्यार्थीहरूको नाउँमा *इतिहास-संशोधन*पत्र छापिन लागे । त्यसमा भोला गुरु आफैँ मात्र नलागी उहाँका छोराचेलाहरू पनि लागे । यस कामबाट विद्यार्थीहरू बिस्तारै हट्दै जाँदा पछि *इतिहास-संशोधन*को वेग घट्दै गयो । २१ जनाबाट घट्दा घट्दा वि.सं. २०१४ मा त ८ जना मात्र इतिहास-संशोधक बाँकी रहे । बाँकी रहेका इतिहास-संशोधकहरूले वि.सं. २०१५ को आधाआधीदेखि मन्दिर, पाटीपौवा आदिमा रहेका शिलापत्र-ताम्रपत्र आदिको खोजी गर्ने र इतिहाससम्बन्धी आफ्नो पढाइ अगाडि बढाउँदै लगे । यसरी अढाइ वर्ष जति काम गरेपछि आफूहरूले पत्ता लाएका आकर बाहिर ल्याउन अत्यावश्यक ठानी वि.सं. २०१८ वैशाखसङ्क्रान्तिदेखि तीतीन महीनामा *अभिलेख-संग्रह*को प्रकाशन गर्ने काम शुरू भयो र वि.सं. २०२० सम्म यो चल्यो । *अभिलेख-संग्रह*को प्रकाशनमा भोला गुरु पनि हुनुहुन्थ्यो र भक्तपुरतिरका अभिलेखहरूको खोजी गर्ने काममा खास गरी उहाँको र उहाँका जेठा छोरा नयनाथ पौडेलको बढी हात छ ।

*अभिलेख-संग्रह*मा खालि अभिलेखको मूलपाठको मात्र प्रकाशन गरिने गरेकोले त्यो लोकग्राहच नभएको

७. विद्यार्थीहरू वस्ने ठाउँलाई अहिले **छात्रावास** भन्ने चलन छ । तर हाम्रो प्राचीनपरम्पराअनुसार त्यस्तो ठाउँलाई **मठ** भन्नुपर्छ– उदाहरणको लागि *अमरकोष* (२।२।८)को **मठश्छात्रादिनिलयः (विद्यार्थी आदि [बस्ने] घर[को नाउँ] मठ)** ।

८. लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११:२ ।

९. गुह्ननाथ पौडेल २०६०:१०-११, १२; २०६५:३१ ।

१०. नयराज पन्त २०३५:१५७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुभव गरेर इतिहास-सम्बन्धी नयाँ नयाँ खोजीलाई लेखको रूपमा ढाली प्रकाश गर्ने उद्देश्यले वि.सं. २०२१ वैशाखसङ्क्रान्तिदेखि *पूर्णिमा*नाउँले इतिहास-प्रधान त्रैमासिक पत्रिकाको शुरूवात गरियो र १० अङ्कसम्म भोला गुरुको खास गरी भक्तपुरसम्बन्धी नयाँ नयाँ खोजी भएका लेख त्यहाँ छापिए।

यसरी वर्षौंसम्म पढ्ने पढाउने, लेख्ने लेखाउने काम गरे पनि त्यसबाट अर्थलाभ नहुँदा बाँकी रहेका इतिहास-संशोधकहरूमा पनि बिस्तारै विचलन आउन थाल्यो र भोला गुरु पनि यसको अपवाद भई रहन सक्नुभएन। राजनीति र धर्मनीतिमा हात नहाल्ने हाम्रो पाठशालाको सिद्धान्तको वैपरीत्यमा गई वि.सं. २०२३ मा गाउँपञ्चायतको चुनाव लड्न उहाँ पुग्नुभयो। लामो समयसम्म छलकपट नगरी, पृथग्जनसँग सम्पर्क नगरी, एकोहोरो ढङ्गले विद्याभ्यासमा लागेका उहाँले चुनाव जित्नु भनेको त आकाशकुसुम थियो। त्यसैले नराम्रोसँग उहाँको हार पनि भयो। चुनाव त उहाँले जित्नुभएन भएन, राजनीतिमा लागेकोले संशोधन-मण्डलसमेत उहाँले छोड्नुपर्ने भयो।

त्यसपछि भोला गुरुका जीवनमा घटेका कुराको बेलिबिस्तार गर्न म लाग्दिनँ। किनकि संशोधन-मण्डलबाट उहाँ हटेपछि उहाँसँगको सम्बन्ध पातलिँदै गयो र त्यसपछिको उहाँको जीवनचर्या मेरो रुचिको विषय पनि भएन। त्यसमाथि उहाँका कान्छा छोराले[११] मात्र नभई प्रपन्नाचार्यले[१२] पनि यस विषयमा लेखिसकेकाले त्यसको पिष्टपेषण गर्नुको कुनै तुक पनि छैन।

हाम्रो पढाइमा अनिवार्य भएको रेखागणित २ अध्याय केही काल मैले भोलानाथ पौडेलसँग पनि पढेको हुँ। मैले थाहा पाउँदा भोलानाथ पौडेलले हाम्रो पाठशालाको जस्तै पाठचक्रम भएको पाठशाला आफ्नो घर लुभुमा चलाइसक्नुभएको थियो। धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) र ज्ञानमणि नेपाल (वि.सं. १९८९) को रूप गुरु र ग्रन्थकारको संयुक्त जस्तो देखिन्थ्यो त भोलानाथ पौडेलका केही रचना छापिइसकेका भए पनि उहाँको मूल रूप गुरुकै थियो। हामीहरू सबै उहाँलाई भोला गुरु भनी सम्बोधन गर्थ्यौं, हुँदा हुँदा उहाँका गुरु, मेरा बुबाले पनि भोला गुरु नै भनी उहाँलाई बोलाउनुहुन्थ्यो।

भोला गुरु मेरो बुबाका चेला र मेरा गुरु मात्र नभई म भोला गुरुभन्दा २३ वर्षभन्दा बढीले कान्छो हुँदा हुँदै पनि वर्षौंसम्म उहाँबाट मित्रवद् व्यवहार मैले पाएको छु। हप्ताको एकदुइ रात उहाँ हाम्रो घरमा बस्दा हामी २ जना एउटै कोठामा सुत्थ्यौं र निद्रा मारी मारी आधा रातसम्म गफ गरेर बसेको सम्झना पनि अझ ताजै छ।

भोला गुरुको वैशिष्ट्य रचना वा प्रवचनमा भन्दा पढाउनमा भएको मैले अनुभव गरेको छु। त्यसैले उहाँको नाउँमा जोडिएर आएको गुरु शब्द सार्थक छ जस्तो मलाई लाग्छ। मैले अन्त लेखे जस्तै, **बुबामा भएका विद्याका शाखाप्रशाखामध्ये धेरैजसोमा** भोला गुरुको प्रवेश थियो।[१३]

वि.सं. २०१० देखि नरहरिनाथले *संस्कृत-सन्देश*नाउँले संस्कृतमा मासिक पत्रिका चलाउन थालेका

११. गुहनाथ पौडेल २०६०:१६-२०; २०६५:१५-३३, ३८-४२।
१२. प्रपन्नाचार्य २०६२:५६१-५६४।
१३. महेशराज पन्त २०६०:६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए । त्यस पत्रिकामा खास गरी नेपालको इतिहासको लागि उपयोगी आकरहरूको सम्पादन र उल्था छापिन्थे । ती आकर संस्कृतेतरभाषामा भए तिनको संस्कृतमा उल्था गरी प्रकाशन गर्ने काम पनि त्यस पत्रिकामा हुन्थ्यो । बुबा र उहाँका शिष्यप्रशिष्यका लेखले नै त्यो पत्रिका भरिन्थ्यो भन्दा बढ्ता बोलेको ठहरोइन ।

ऐतिहासिक आकरहरूका भोला गुरुका गुरुले मात्र होइन, उहाँका दुवै सहपाठी धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले प्राञ्जल संस्कृत पद्यमा गर्नुभएका उल्था *संस्कृत-सन्देश*मा छापिएका छन् । खुलाएर भन्दा बुबाले गर्नुभएका, श्री ५ पृथ्वीनारायण शाहको उपदेशको[१४] र श्री ५ रणबहादुर शाहले काजी दामोदर पाँडेलाई लेखेको पत्रको,[१५] धनवज्र वज्राचार्यले गरेको बडाकाजी अमरसिंह थापाको प्रसिद्ध चिठीको[१६] र ज्ञानमणि नेपालले गरेको श्री ३ जङ्गको त्रिपुरेश्वरको खामोमा कुँदिएको लेखको[१७] उल्था *संस्कृत-सन्देश*मा छापिएको छ । त्यति मात्र नभई ज्ञानमणि नेपालको काव्यप्रतिभा झल्किने पद्य पनि त्यस पत्रिकामा छापिएका छन् ।[१८] भोला गुरुको भने कुनै पद्य त्यस पत्रिकामा छापिएको छैन । भोला गुरुका त्यहाँ छापिएका लेख भन्नु नै उहाँ, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको संयुक्त नाममा छापिएका लेख हुन् ।[१९]

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले सानैदेखि संशोधन-मण्डलको पद्धतिमा शिक्षा पाउनुभएकोले र भोलानाथ पौडेल पछि मात्र त्यस पद्धतिमा आउनुभएकोले अघिल्ला २ जनाको दाँजोमा भोला गुरुको संस्कृतभाषामा अधिकार– कमसेकम लेख्ने कलामा– कम हुनाले नै उहाँका स्वतन्त्र लेख *संस्कृत-सन्देश*मा नछापिएका हुन् कि जस्तो मलाई लाग्छ । त्यस अनुमानको पुष्टि उहाँले संस्कृतमा लेखेका, अहिले प्रपन्नाचार्यले छपाइदिएका संस्कृतका बचकाना पद्यबाट पनि हुन्छ ।[२०]

संशोधन-मण्डलको पद्धतिमा पहिलो ४ वर्षको पाठ्यक्रममा *रघुवंश* मूल ग्रन्थ भएर रहेको मात्र नभई त्यसको पढाइको लागि चाहिने उपकरणरूपका पुस्तकको नाउँ *रघुवंश-पाठ्य-पुस्तक* भन्ने नाउँले सबभन्दा पहिले वि.सं. २००९ मा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालबाट छापियो । पछि *इतिहास-संशोधन*को विरोध चर्किँदै जाँदा दुइचारजना विद्यार्थीहरूका बाबुआमाहरूले आफ्ना छोराहरूलाई *इतिहास-*

---

१४. नयराज पन्त २०१०, २०१० क, २०१० ख, २०१० ग, २०१० घ, २०१० च, २०१० छ, २०१० ज, २०१० झ, २०१० ञ, २०१० ट, २०१० ठ ।
१५. उही २०१० ङ ।
१६. धनवज्र वज्राचार्य २०१०, २०१० क, २०१० ख ।
१७. ज्ञानमणि नेपाल २०१०, २०१० क, २०१० ख ।
१८. उही २०१० ग, २०११ ।
१९. भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०, २०१० क, २०१० ख, २०१० ग, २०१० घ, २०११ ।
२०. प्रपन्नाचार्य २०६२:५५५, ५६३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधन लेखाउने काममा नलगाइयोस् भन्दा हाम्रो पाठशाला अलि असमञ्जसमा पऱ्यो । किनभने विद्यार्थीहरूलाई लेख लेखाई तिनको प्रकाशन गराउनु पाठशालाको, ख्यापनमा नआएको भए पनि एक प्रकारको सिद्धान्त जस्तै थियो । त्यसैले धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालका, *इतिहास-संशोधन* प्रकाश गर्ने मन नभएका र अरू केही विद्यार्थी गरी ६ जनाको नाउँमा *रघुवंश*बाट अच्सन्धिका उदाहरण समेटी वि.सं. २०१२ मा *रघुवंश-पाठ्य-पुस्तक व्याकरण* छपाइयो । त्यो छापिएको दिव्य २५ वर्षपछि, आफूले संशोधन-मण्डल छोडेको १४ वर्षपछि वि.सं. २०३७ मा अर्को *रघुवंश-पाठ्य-पुस्तक* भोला गुरुले निकाल्नुभयो ।

संशोधन-मण्डल छोडेपछि केही काल भोला गुरु बनारसमा नेपाली संस्कृतमहाविद्यालयमा ज्यौतिष पढाई बस्दा बाबू माधवप्रसाद शर्माद्वारा उहाँका ३ वटा पुस्तक छापिए । तीमध्ये एउटा केटाकेटीलाई संस्कृत सिकाउन संस्कृत र नेपाली दुवैमा उही लयमा लेखिएको (भोलानाथ पौडेल २०२७) र अर्कोचाहिँ इतिहास सिकाउन रचिएको (उही २०२८ क) थियो ।[२१] यति सब कुरा गर्नुको मतलब उहाँको मूल रूप गुरुको थियो भन्ने पुष्टि गर्नको लागि हो ।

यति हुँदा हुँदै पनि भोला गुरुले जति गर्न सक्नुहन्थ्यो, त्यति गर्नुभएन कि जस्तो मलाई लाग्छ । उहाँमा जति विद्या थियो, उहाँले विद्याको लागि जति कष्ट भोग्नुभयो, ती सबैको दाँजोमा उहाँले गरेको काम ओझेलमा पऱ्यो भन्ने मलाई लाग्छ । यस विषयमा भोला गुरुसँग एकपल्ट कुरा पनि मैले गरेको हुँ । मैले प्रयत्न त गरेकै हुँ, तर मेरो काम सफल भएन, त्यसमा मलाई खास दुःख पनि लाग्दैन भनी उहाँले *श्रीमद्भगवद्गीता*को तलको श्लोक (७।३)

मनुष्याणां सहस्रेषु कश्चिद् यतति सिद्धये ।

यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥

भन्नुभएको थियो ।

वि.सं. २००६ मा भोला गुरुले सिद्धान्तज्यौतिषमा दोस्रो श्रेणीमा शास्त्री पास गर्दा त्यही साल देवीप्रसाद भण्डारी (वि.सं. १९७६-२०५६) र शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६)ले त्यही विषयमा सम्पूर्णमध्यमा क्रमशः तेस्रो र दोस्रो श्रेणीमा पास गर्नुभएको हो ।[२२] भोला गुरुको त्यस वेलासम्मको पढाइमा बुवाले सन्तोष गरे[२३] पनि हालै आफ्नो मनमा लागेको कुरा म यहाँनिर भन्छु । कुरा के भने बुवाले मध्यमादेखि आचार्यसम्मकै परीक्षा प्रथमश्रेणीमा पास गर्नुभएको मात्र नभई आफूले उत्तर दिनुपर्ने प्रश्नपत्रमा भएका

---

२१. अर्को पुस्तक *मृच्छकटिक*को नेपाली उल्था हो (भोलानाथ पौडेल २०२८) । गुहनाथ पौडेल (२०६५:३३)ले त्यसलाई भ्रमवश **मुद्राराक्षसको नेपाली अनुवाद** भनी लेखेका छन् ।

२२. *२००६ सालको संस्कृत-परीक्षाफल २००६* ।

२३. नयराज पन्त २०४३:२८ ।

२४. उही २०१९:५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अशुद्धिसमेत भेट्टाएकोले[२४] उहाँको पढाइ निकै तगडा रहेछ भनी भन्न सकिन्छ । त्यस्ता गुरुले सम्पूर्ण ग्रन्थ उपस्थित गराउने उद्देश्यले तयार गरेका चेलाले पहिलो श्रेणीमा नभई दोस्रो श्रेणीमा परीक्षा पास गरेकाले बुबाले चिताएको तहमा भोला गुरुको पढाइ पुगेको थिएन कि जस्तो मलाई लाग्छ ।

भोला गुरु त्यसपछि पनि जाँच दिन भने गएको, लेख्न भने केही नलेखी आएको भनी उहाँका गुरु अर्थात् मेरा बुबा बराबर भन्नुहुन्थ्यो । त्यस वेला भोला गुरु बुबाका पट्टशिष्य कहलाइसक्नुभएकोले तिम्रा पट्टशिष्यले जाँच दिन त आए, लेख्न चाहिँ केही पनि लेखेनन् भनी बुबाका पनि गुरु तथा हाकिम, त्यस वेलाका प्रधानाध्यापक सोमनाथ सिग्द्याल (वि.सं. १९४१-२०२९)ले भन्नुभयो भन्ने कुरा पनि हामी बुबाबाट बराबर सुन्थ्यौं ।

ब्रह्मचर्याश्रममा हाम्रो पढाइको प्रवेश र त्यहाँबाट पछि निस्कनुपरेको विषयमा बुबाले छोटकरीमा लेख्नुभएको छ ।[२५] ज्ञानमणि नेपालले त यस विषयमा ठाउँठाउँमा विस्तृत रूपमा लेख्नुभएको छ ।[२६] पछि गुहनाथ पौडेलबाट पनि यस कुराको चर्चा भएको छ ।[२७] ब्रह्मचर्याश्रमका संरक्षक हरिप्रसाद खकुरेलका छोरा तथा त्यस आश्रमका तात्कालिक विद्यार्थी रमेश खकुरेलले यस विषयमा लेखेको पनि मैले पढेको छु ।[२८] नयराज पन्त, ज्ञानमणि नेपाल र गुहनाथ पौडेलको लेखाइमा ऐकरूप्य छ त रमेश खकुरेलको लेखमा चाहिँ परीक्षापद्धतिअनुसार ब्रह्मचर्याश्रममा पढाइ नभएकोले वादविवाद चल्दा भोला गुरुहरूले ब्रह्मचर्याश्रम छोडेर गएको कुरा छ ।

एकाध वर्ष भयो, संशोधन-मण्डलका कागजात मिलाउँदै जाँदा ब्रह्मचर्याश्रम छोड्दा त्यहाँका अधिकारीहरूलाई भोला गुरुको भाकामा लेखेको पत्र फेला पऱ्यो । बाँसको कलमले, कालो पाको मसीले एक्सर्साइज बुकका ६ पृष्ठमा दुवैपट्टि लेखिएको यस पत्रमा एकाध ठाउँमा केटमेर गरिएको छ। छाँटले यो पत्र साफी गरी ब्रह्मचर्याश्रममा बुझाएको पत्रको मूलरूप देखिन्छ तापनि यसमा मिति भने छैन । बुबालगायत सबैले त्यो घटना घटेको वर्षौं वर्षपछि यस विषयमा लेखेको र यो पत्रचाहिँ तात्कालिक भएकोले यसको खास महत्त्व छ। भोला गुरुको सम्झनामा लेखिएको यो सानो लेख त्यही पत्र जस्ताकोतस्तो तल उतारी टुङ्ग्याउँछु–

---

२५. नयराज पन्त २०४३:२१ ।

२६. ज्ञानमणि नेपाल २०५४:१४-१५, १९-२०; २०५४ क: ३०१-३०९ = २०६५:११२-१२४ ।

२७. गुहनाथ पौडेल २०६०:७-८ = २०६५:११-१२ ।

२८. रमेश खकुरेल २०६३:१६ ।

२९. २००६ हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीः १

यो व्रह्मचर्याश्रमको २००५ साल आषाढ शुक्ल एकादशीका दिन वूढानीलकण्ठमा स्थापना भएको हो । त्यहाँ १२ महिना रही २००७२९ आषाढ २० गते पशुपतिमृगस्थलीमा सरचो २००६ साल पौष सम्म जम्मा १८ महिना संम चलाउदा पनी त्यहाँ कुनै पढाईको प्रबन्ध हुन शकेन । न कुनै काम त्यसले वाहिर देखाउन शक्यो । यस्तै हुदा त्यहाँ असन्तोष फैलिनु स्वाभाविकै थियो । यसको फलस्वरूप पढाइको सुधारको लागी छटपटी चल्दा ब्रह्मचर्याश्रमका कोषाध्यक्ष श्री बुद्धिप्रकाश साहित्याचार्य (अहिले स्वर्गीय) ले अध्यक्ष योगी श्रीनरहरिनाथ द्वारा विद्वन्मण्डलीमा हाम्रो पढाइको परीक्षा गरी, सो पढाई लाई पुरस्कृतसमेत गरी, हाम्रो पाठ्यक्रम अनुसार पढाई चलाउने निश्चय गरी हामीलाई अध्यापकत्व सुम्पिथो । पछि गडबड़ी न होस भन्नाका लागि पहिले नै हामीले त्यस विषयमा तल लेखिएका ३ प्रतिज्ञा मानेका थियौ । ती यी हुन्–

(१) ३ वर्ष सम्ममा पुराण भन्न शक्ने छात्रको योग्यता गराउने ।

(२) गोष्ठीमा सम्बन्ध न गराउने र हल्ल खल्ल प्रचारमा न लाग्ने ।

(३) यो भन्दा असल अनुभूत कुनै पाठ्यक्रम वीचमा निस्कन्छ भने सो मान्ने ।

यसमा त्यसवेलाका अध्यक्ष लगायत सवै सदस्यहरूको मञ्जूर भयो । त्यही वमोजिम २००६ साल फागुन ३० गते सोमवार दशमीका दिन हामी यस ब्रह्मचर्याश्रम, मृगस्थलीमा आयौं । त्यस वेलासम्म त्यहाका छात्रहरूमा संस्कृतको सामान्य ज्ञान पनि थिएन । छात्रहरू लुताको प्रतापले सोझो हिड्न न शक्ने हुँदा असपताल हो कि भन्ने भान पर्थ्यो । त्यो अवस्थामा आफूले सकेसम्म त्यसको सुधार गर्ने प्रयत्न गरियो । विस्तार विस्तार छात्रहरूले आफ्नो केही हित चिह्न खोज्न थाले । पढाइ पनि सप्रदै गयो । यता उतीवाट यस पढाइको प्रशंसा पनि सुनियो ।

तर गाँजा चुरोट चियाको लत छुटाउने हाम्रो प्रयत्नले गर्दा त्यहाँका गाँजा चुरोट चिया भक्त केही मानिसहरूको हामी अप्रिय वन्नु स्वाभाविकैं थियो । तिनीहरूकै कुरा सुनेर हो वा कुनै राजनीति-कारणले हो यो पढाइ चलेको ५ महिना पुगे पछि अघि आफैले गर्नुभएको प्रतिज्ञालाई विर्सी अध्यक्षजीले कौमुदी पढाउन भनी एउटा खेतालो खोजी विद्यार्थीलाई भडकाउने उद्योग गर्नुभयो ।

तर त्यस वेला संरक्षक कविराज श्री हरिप्रसाद खकुरेल जीको पुत्रस्नेहले गर्दा त्यो कुरा मस्याङ्ग्रिएर गयो । हाम्रो कुरा चलीरहेको थियो । पछि २००७ साल फागुन महिनामा 'धर्मसभा' भन्ने एउटा संस्था खुल्यो । त्यो संस्थामा तिमीहरूले पनि प्रचारक वन्नु पर्छ । सदस्यता ग्रहण गर्नु पर्छ भनी अध्यक्षजीले आग्रह गर्दा "आफ्नो सबै शक्ति द्वारा विद्याको रक्षा गर्नु नै हामीले आफ्नो कर्तव्य संझिएका छौ" त्यही विद्याको उपार्जनका लागी यती कष्ट हामीले सहीरहेका छौं । अहिले हामी पढ्न पढाउन छाडी राजनीति दाउपेचमा पर्दा आफ्नो र विद्यार्थीको समेत कसरी विद्याभ्यासको समयलाई नाश गरौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तसर्थ पढुञ्जेल कुनै संस्थामा हामी हात हाल्दैनौं । पढाइ सिवाय अरू काम पनि हुन्न भन्दा भन्दै पनि सामान लिएर धर्मसभामा उपस्थित हुनू भन्ने आदेश वरावर दिने गर्न लाग्नु भयो । तर आखिरमा सानोटुडीखेलमा भएको श्री कोइरालाको भाषणमा धर्मसभाका उपरमा कुदृष्टिपात भएको हुदा धर्मसभाका सभापतिजी गुप्तवास वस्नु भयो । यति भए पछि केही दिन का लागी शान्ति भयो । ब्रह्मचर्याश्रमका छात्रहरूद्वारा वनकालीमा सप्ताह लाउने भन्ने प्रस्ताव संरक्षकजीले चलाउनु हुँदा १४ महिना सम्मको हाम्रो पढाइले त्यती गर्न सक्ने योग्यता भएको र सो कुरा सत्कार्य भएको हुदा छात्रहरूवाट सो काम हुन लाग्यो । वीचमा अध्यजी[३०] गुप्तवासवाट फर्कनु भए पछि यो ब्रह्मचर्याश्रमलाई धर्मसभाको अङ्ग हो भन्ने देखाउने कोशिस भयो । यो ब्रह्मचर्याश्रमलाई तटस्थवनाई विद्या पढाउदा राजनीति दाउपेच न हुने हुनाले यो संस्थालाई दाउपेच खेल्ने अखाड़ा जमाउने तानातानी चलीरहेको र धर्मसभामा मानिस जम्मा गर्नलाई ढ्वाङ् फुकाएर छात्रहरूलाई शहर डुलाउने संम आदेश अध्यक्षजीले दिनु भएको हुदा यो ब्रह्मचर्याश्रम स्वयंसेवक तयार गर्ने अखडा रहेछ । विद्या कमाउने संस्था रहेनछ भन्ने कुरा सवै अबोध सम्मले स्पष्ट वुझे ।

बुद्धिशक्तिवालाले हतियार वनाइएका जाच वुझ न गरी कुरौटेका भरमा आफ्नो एकोहरो विचार प्रकट गर्ने संरक्षक कविराज हरिप्रसाद खकुरेलजीले वनकालीको सप्ताहको साङ्गका दिन सभाका वीचमा ती पुराण भन्ने छात्रहरूलाई सम्बोधन गरी धर्मसभा मा न जाने यस्ता नास्तिक उस्ता नास्तिक भनी जङ्गिनु हुदा जथाभावी दुर्वाच्य वोली विद्याको अनादर गरी तटस्थ नीति लिएर भिक्षा गरी दाउरा वोकेर विद्या पढाउछौं भन्ने तिम्रा गुरुहरूले विद्या पढाउनू,[३१] हाम्रो आश्रमवाट तिमीहरू निस्क जाओ भन्ने वक्तव्य दिनु भएकोर उता सञ्चालक वर्गको राजनीति दाउपेच चलेको र यस अवस्थामा विद्यार्थीहरूलाई सदाचारवाट तथा विद्याभ्यासवाट हटाई तिनीहरूलाई स्वयंसेवक वनाई आफ्नोपक्षमा धेरै मत (भोट) लिई प्राप्तभएको संसद् जस्ता उच्च संस्थाको आफ्नो सदस्यता न डगोस् भन्ने अभिप्राय भएका मनुष्यहरूका पनि नाना प्रकारका कुचेष्टा यस आश्रमका उपर वरावर हुन लागेको ले पनि हामीले यो आश्रमलाई दुःखपूर्वक छोड्न विवश हुनु परऱ्यो र स्वतन्त्ररूपले विद्या पढने कोशिस हामीले गर्नै परऱ्यो । यो आश्रम पनि भिक्षा द्वारा नै चलीरहेको थियो भने, आफ्नो स्वार्थ छोड़ी सदाचारमा रही विद्या बुझ्न कोशिस गर्ने हामीहरूलाई मनु आदि प्राचीन आचार्यले देखाएको वाटोमा हिड्न लागेको देख्ता ईश्वरले कसो दया गरोइनन् ।

अध्यक्ष संरक्षक मन्त्री सदस्यहरूले हाम्रो विदाइमा अवश्य पनि शुभाशीर्वाद दिनुहोला भन्ने हामीले आशा राखेका छौं ।

भोलानाथ ।

---

३०. अध्यक्षजी हुनुपर्ने ।

३१. पढाउन् हुनुपर्ने. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[३२] वर्णक्रमअनुसारको तालिका

२००६ सालको संस्कृत-परीक्षाफल २००६

= वि.सं. २००६ आषाढ २ गते बुधवारको दिन काठमाडौँबाट प्रेमराज शर्माद्वारा सम्पादित *गोरखापत्र* ५० भाग २८ संख्याको १ पृष्ठमा छापिएको *२००६ सालको संस्कृत-परीक्षाफल* ।

अमरकोष

= अमरसिंहमा हेर्नू ।

अमरसिंह अमरकोष

= वि.सं. २०२६ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, कुलचन्द्र शर्मा गौतमको *अमरकोशः विद्वद्वरामरसिंहविरचितः* (विद्वान्हरूमा श्रेष्ठ अमरसिंहले बनाएको *अमरकोश*) ।

गुहनाथ पौडेल २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट आगमप्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलको *औँसीको रात* ।

गुहनाथ पौडेल २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट आगमप्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलद्वारा सम्पादित, भोलानाथ पौडेलको *भक्तपुरको राजकुलो*मा गाँसिएको, गुहनाथ पौडेलको *सम्पादकीय* (मूल पुस्तकको भन्दा भिन्नै पृष्ठसङ्ख्या भएका १-९२ पृष्ठ) ।

घनश्याम सुवेदी, श्यामराज पोखेल, मोहननाथ पाण्डे, वावुराम✦[३३] नेपाल, किशोरमणि आ.दी. र सुशीलकुमार पोखेल २०१२

= वि.सं. २०१२ मा घनश्याम सुवेदी, श्यामराज पोखेल, मोहननाथ पाण्डे, वावुराम✦ नेपाल, किशोरमणि आ.दी. र सुशीलकुमार पोखेलद्वारा प्रकाशित; उनीहरूकै *रघुवंश-पाठ्य-पुस्तक व्याकरण पहिलो भाग* ।

ज्ञानमणि नेपाल २०१०

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका ४६-४७ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *त्रिपुरेश्वरस्तम्भलेखानुवादः* (त्रिपुरेश्वरको खामोको लेखको उल्था) ।

ज्ञानमणि नेपाल २०१० क

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका ३८-४० पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *त्रिपुरेश्वरस्तम्भलेखानुवादः* ।

ज्ञानमणि नेपाल २०१० ख

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ९ अङ्कका ४६-४७ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *त्रिपुरेश्वरस्तम्भलेखानुवादः* ।

---

३२. **रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका** भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन । ऋषिमुनिको नाउँमा दर्ता भएका ग्रन्थको हकमा ऋषिमुनिहरूको नाउँ नराखी ग्रन्थनाम वर्णक्रमअनुसार यहाँ राखिएको छ । प्राचीन ग्रन्थको हकमा चाहिँ रचयिताको नाउँ दिइएको भए तापनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार राखिएको छ । रचयिताको नाउँ थाहा नभएको कृतिको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार दिइएको छ ।

३३. यस तालिकामा जहाँ जहाँ यस्तो चिह्न ✦ छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्ञानमणि नेपाल २०१० ग

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कको जिल्दको पछिल्लो पातोको बाहिरपट्टि छापिएको, ज्ञानमणि नेपालको *साभिलेखपाषाण!* (हे अभिलेखसहितको ढुङ्गो) ।

ज्ञानमणि नेपाल २०११

= वि.सं. २०११ मा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्कको जिल्दको अघिल्लो पातोको भित्रपट्टि छापिएको, ज्ञानमणि नेपालको *इतिहासदूषक:* (इतिहास बिगार्ने) ।

ज्ञानमणि नेपाल २०५४

= वि.सं. २०५४ मा काठमाडौँबाट ज्ञानगुनप्रकाशनद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *मेरो गुरुकुलीय शिक्षा र सहपाठी* ।

ज्ञानमणि नेपाल २०५४ क

= वि.सं. २०५४ मा काठमाडौँबाट योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थप्रकाशनसमितिद्वारा प्रकाशित, प्रपन्नाचार्यको प्रधानसम्पादकत्वमा गोविन्द टण्डन, घटराज भट्टराई, चिन्तामणि योगी र मुकुन्दराज अर्यालद्वारा सम्पादित; *योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ*का ३०१-३११ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *योगी नरहरिनाथ मेरो दृष्टिमा* ।

ज्ञानमणि नेपाल २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *अतीतका स्मृति र अनुभूति– विश्वेश्वरदेखि वीरेन्द्रसम्म* ।

धनवज्र वज्राचार्य २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट प्रकाशित, नरहरिनाथ र बुद्धिसागर पराजुलीद्वारा सम्पादित *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका २२-२६ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *थापान्वयेनामरसिंहेन महाराजाधिराजाय गीर्वाणयुद्धविक्रमाय प्रहितं पत्रम्* (थापा कुलका अमरसिंहले महाराजाधिराज गीर्वाणयुद्धविक्रमलाई पठाएको चिठी) ।

धनवज्र वज्राचार्य २०१० क

= वि.सं. २०१० मा *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका ३५-३८ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *थापान्वयेनामरसिंहेन महाराजाधिराजाय गीर्वाणयुद्धविक्रमाय प्रहितं पत्रम्* ।

धनवज्र वज्राचार्य २०१० ख

= वि.सं. २०१० मा *संस्कृत-सन्देश* १ वर्ष ९ अङ्कका ३१-३४ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *थापान्वयेनामरसिंहेन महाराजाधिराजाय गीर्वाणयुद्धविक्रमाय प्रहितं पत्रम्* ।

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २००९

= वि.सं. २००९ मा काठमाडौँबाट सरस्वतीमुद्रणालयद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *रघुवंशपाठ्यपुस्तक (पहिलो भाग)* ।

ध्रुव लम्साल २०६६

= वि.सं. २०६६ असार २७ गते शनिवारको दिन काठमाडौँबाट उत्सर्गप्रकाशनद्वारा प्रकाशित *राजधानी* ९ वर्ष ३७ अङ्कको १ पृष्ठमा छापिएको, ध्रुव लम्सालको *प्रचण्डसँग तर्सन्छन् इतिहासकारका नाति* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्त २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट प्रकाशित, नरहरिनाथ र बुद्धिसागर पराजुलीद्वारा सम्पादित *संस्कृत-सन्देश* १ वर्ष १ अङ्कका २३-२९ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* (राजा श्रीपृथ्वीनारायणको आफ्ना भारादारहरूलाई उपदेश) ।

नयराज पन्त २०१० क

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका २५-३२ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० ख

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ३ अङ्कका २६-३१ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० ग

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका १५-२२ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० घ

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका २०-२७ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० ङ

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ३६-४१ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञा रणवहादुरेण मन्त्रिणे दामोदराय प्रहितं पत्रम्* (राजा रणवहादुरले मन्त्री दामोदरलाई पठाएको चिठी) ।

नयराज पन्त २०१० च

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका ४५-४८ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० छ

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका ४५-४८ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० ज

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका १६-१९ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० झ

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका २५-२८ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्त २०१० ञ

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ९ अङ्कका २१-२५ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० ट

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका १८-२० पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१० ठ

= वि.सं. २०१० मा काठमाडौँबाट प्रकाशित, नरहरिनाथ, बुद्धिसागर पराजुली, रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्कका ३२-३७ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* ।

नयराज पन्त २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा छापिएको; नयराज पन्तको *उपोद्घात* (मूल पुस्तकको भन्दा भिन्नै पृष्ठसङ्ख्या भएका १-५० पृष्ठ) ।

नयराज पन्त २०३५

= वि.सं. २०३५ मा प्रकाशित *पूर्णिमा* ४० पूर्णाङ्कका १५५-२७६ पृष्ठमा छापिएको, नयराज पन्तको *श्री ३ महाराज पद्मशमशेरका कुरा*।

नयराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकशित, नयराज पन्तको *लिच्छविसंवत्को निर्णय*[३४]मा छापिएको, उनैको *उपोद्घात* (मूल पुस्तकको भन्दा भिन्नै पृष्ठसङ्ख्या भएका १-५३ पृष्ठ) ।

प्रपन्नाचार्य २०६२

= वि.सं. २०६२ मा पाँचथरबाट किरातेश्वरप्रकाशनद्वारा प्रकाशित, प्रपन्नाचार्यको *मिल्केका झिल्का*का ५५४-५६४ पृष्ठमा छापिएको, उनैको *स्वामी ज्ञानानन्द पुरी (पूर्व आश्रम भोलानाथ पौडेल)* ।

बिजुक्छे फर् प्रिजर्भ्इङ् हिस्टर्इक्ल् आर्टिफ्याक्ट् २०६६ ।

= वि.सं. २०६६ ज्येष्ठ ३० गते शनिवारको दिन काठमाडौँबाट इन्टर्न्याश्नल मिडिआ नेट्वर्क नेपालद्वारा प्रकाशित *द हिमालयन् टाइम्ज्* ८ वर्ष २०३ अङ्कको ३ पृष्ठमा छापिएको, *बिजुक्छे फर् प्रिजर्भ्इङ् हिस्टर्इक्ल् आर्टिफ्याक्ट्* (ऐतिहासिक कलाकृतिको रक्षाको पक्षमा बिजुक्छे) ।

'भक्तपुरको राजकुलो'को विमोचन २०६६

= वि.सं. २०६६ ज्येष्ठ ३० गते शनिवारको दिन काठमाडौँबाट न्यूजमिडिया प्रा.लि. द्वारा प्रकाशित *अन्नपूर्ण पोष्ट* ८ वर्ष ४४ अङ्कको ४ पृष्ठमा छापिएको *'भक्तपुरको राजकुलो'को विमोचन* ।

---

३४. यसमा सहायक देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भगवद्गीता

= वि.सं. २०६३ मा काठमाडौँबाट गिन्नी राजोपाध्यायद्वारा प्रकाशित, गुरुशेखर राजोपाध्यायको *अन्वयार्थ, सरलार्थ, पदसूची तथा समस्तपदभित्रको पदसूची समेतको श्रीमद्भगवद्गीता*[३५] ।

भोलानाथ पौडेल २०२७

= वि.सं. २०२७ मा बनारसबाट बाबू माधवप्रसाद शर्माद्वारा प्रकाशित, भोलानाथ पौडेलको *बालगीतिका* ।

भोलानाथ पौडेल २०२८

= वि.सं. २०२८ मा बनारसबाट बाबू माधवप्रसाद शर्माद्वारा प्रकाशित, भोलानाथ पौडेलको *मृच्छकटिक – माटाको गाडा* ।

भोलानाथ पौडेल २०२८ क

= वि.सं. २०२८ मा बनारसबाट बाबू माधवप्रसाद शर्माद्वारा प्रकाशित, भोलानाथ पौडेलको *इतिहास-प्रवेशिका* ।

भोलानाथ पौडेल २०३७

= वि.सं. २०३७ मा भक्तपुरबाट रुक्मनाथ पौडेलद्वारा प्रकाशित, भोलानाथ पौडेलको *रघुवंशपाठ्यपुस्तकम्* ।

भोलानाथ पौडेल २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट आगमप्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलद्वारा सम्पादित, भोलानाथ पौडेलको *भक्तपुरको राजकुलो* ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका ३४-४० पृष्ठमा छापिएको; भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *कौटलीयस्यार्थशास्त्रस्यैतिहासिकी व्याख्या* (*कौटलीय अर्थशास्त्र*को ऐतिहासिक व्याख्या) ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० क

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका १-८ पृष्ठमा छापिएको; भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *इतिहास-संशोधनम्* (*इतिहास-संशोधन*) ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० ख

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ९ अङ्कका ४३-४६ पृष्ठमा छापिएको; भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको

इतिहास-संशोधनम्

'एम.ए. बी.एल.' उपाधिधारिणः पं. अम्बिकाप्रसादस्य

मते श्रीजङ्गबहादुरस्य त्रयो वंशा

द्वौ पितरौ

(*इतिहास-संशोधन*

एम्.ए. बी.एल्. उपाधि लिएका पं. अम्बिकाप्रसादको मतमा श्रीजङ्गबहादुरका ३ वंश, २ बाबु)

---

३५. यसमा सहायक मनोज राजोपाध्याय ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० ग

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका १०-१३ पृष्ठमा छापिएको; भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *महापात्र-श्रीमेघपालवर्मणः शिलालेखः* [*समयो वि.सं. १४१६*] (महापात्र श्रीमेघपालवर्माको शिलालेख (समय- वि.सं. १४१६)) ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० घ

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका १३-१७ पृष्ठमा छापिएको; भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *अर्जुनमल्ल-जयस्थितिमल्लसमयाभिलेखः* [*वि.सं. १४२९*] (अर्जुनमल्ल-जयस्थितिमल्लको पालाको अभिलेख (वि.सं. १४२९)) ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११

= वि.सं. २०११ मा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष १-३ अङ्कका १४-१८ पृष्ठमा छापिएको; भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *ललितपुराधिपतेः श्रीविष्णुसिंहस्य शिलालेखः* [*वि.सं. १६१०*] (पाटन देखि दक्षिण सुनागुठीका भृङ्गारेश्वर मन्दिरको ढोकाको लेख) (ललितपुरका मालिक श्रीविष्णुसिंहको शिलालेख) ।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट आगमप्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलको *औँसीको रात*मा गाभिएको, महेशराज पन्तको *औँसीको रात पढ्दा* (१-८ पृष्ठ) ।[३६]

रमेश खकुरेल २०६३

= वि.सं. २०६३ मा काठमाडौँबाट सरला खकुरेलद्वारा प्रकाशित, रमेश खकुरेलको *आफ्नै भूतको कथा* ।

लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११

= वि.सं. २०११।९।१।५ मा ललितपुरबाट लक्ष्मण सत्याल र अक्रूर कुइँकेलद्वारा प्रकाशित, उनीहरूकै

इतिहास-संशोधन

(५ संख्या)

हे शिरोमणि

भिक्षावृत्ति गरी विद्या पढेका तपाईंले भिक्षावृत्ति
गरी पढ्न लागेका हामीहरूलाई वाटो देखाइदिनुहोस् ॥
द्रव्यशाह अगाडि र जयस्थितिमल्ल पछाडि हुन सक्तैनन् ॥

---

३६. त्यहाँ पृष्ठसङ्ख्या दिइएको छैन । लेखको उठानदेखि बैठानसम्मका पृष्ठ गनी पृष्ठसङ्ख्या मैले दिएको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६६ आश्विन

यस अङ्कको मूल्य रु. १५०।-

मुद्रक

लुष प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२